# शिवसताक्षीको पहिचान

## (स्थानीय पाठ्यक्रम)

## २०८१

**कक्षा १-८**

शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
व्याङ्डाँडा, झापा
कोशी प्रदेश, नेपाल

नगर कार्यपालिकाबाट स्वीकृत

**प्रकाशक**

**शिवसताक्षी नगरपालिका**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**व्याङ्डाँडा, झापा**

**कोशी प्रदेश, नेपाल**

शिवसताक्षी नगरपालिकाको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यस पाठ्यक्रमको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# प्राक्कथन

नेपालको संविधान, २०७२ ले आधारभूत तहदेखि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन र सञ्चालन स्थानीय तहले गर्ने संवैधानिक व्यवस्थाअनुसार संविधानले प्रदान गरेको अधिकार कार्यान्वयन गर्नु गराउनु स्थानीय तहको कर्तव्य र जिम्मेवारी हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तहको कक्षा १ देखि कक्षा ८ सम्म मातृभाषा तथा स्थानीय विषय अध्यापन गराउने प्रावधानअनुसार आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७५ ले शैक्षिक वर्ष २०७५ देखि मातृभाषा तथा स्थानीय विषय कक्षा १ बाट क्रमश: अध्यापन गराउनुपर्ने प्रावधान भएकाले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ मा उल्लेख गरिएका विधि र प्रक्रियाहरू अवलम्बन गरी यो पाठ्यक्रम प्रस्तुत गरिएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा समेत स्थानीय पाठ्यक्रमका लागि कक्षा १-३ मा ५ पाठ्यघण्टा र वार्षिक १६० कार्यघण्टा तथा कक्षा ४-८ मा ४ पाठ्यघण्टा र वार्षिक १२८ कार्यघण्टा समय व्यवस्थापन गरिएको सन्दर्भ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) ज (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, सम्बर्धन तथा स्तरीकरण गर्ने कुरा उल्लेख भएको सन्दर्भलाई कार्यान्वयन गराउन र स्थानीय पाठ्यक्रम निर्माणको गतिलाई अघि बढाउन नगर शिक्षा समितिको बैठकको निर्णयअनुसार मूर्त रूप प्रदान गर्ने कार्य सम्पन्न भएको छ ।

यो पाठ्यक्रम शिवसताक्षी नगरपालिकाअन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूमा शैक्षिक सत्र २०८२ देखि लागु हुने गरी कार्यान्वयनमा ल्याइने छ । यस पाठ्यक्रमको कार्यान्वयनबाट स्थानीय मूल्यमान्यताको संरक्षण र प्रबर्धनमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ । स्थानीय विषयको पाठ्यक्रम लेखन तथा सम्पादन कार्यमा विशेष योगदान दिनुहुने स्थानीय पाठ्यक्रम मस्यौदा लेखन समूहका विज्ञ सदस्यहरू, पाठ्यक्रम कार्यदलका सदस्यहरू, शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत (सातौँ), छविलाल ढकाल, प्रा.स. द्वय मिलन विष्ट र सरोज अधिकारीसमेतलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा पाठ्यक्रम शैक्षिक क्षेत्रको जीवित दस्तावेज भएकाले यस पाठ्यक्रममा भएका सुधार गर्नु पर्ने कुराहरू समय सापेक्षरुपमा परिवर्तन तथा परिमार्जन हुदै जाने कुरा अवगत गराउन चाहान्छु ।

मेगाहाङ्ग थोप्रा (रोशन)
नगरप्रमुख
शिवसताक्षी नगरपालिका

**संरक्षक**

मेगाहाङ्ग थोप्रा (रोशन)
नगरप्रमुख

**सल्लाहकार**

नरमाया कार्की
उपप्रमुख

सुनिता तुम्बाहाङ्फे
प्रमुख प्रशासकिय अधिकृत

प्रकाश योङहाङ
लेखा अधिकृत

## स्थानीय पाठ्यक्रम निर्माण कार्यदल

**संयोजक**

छविलाल ढकाल

**सदस्यहरू**

कमल भट्टराई
पदम कुँवर
रेनुका राई
सुकबहादुर जवेगु
सरोज अधिकारी
मिलन विष्ट (प्राविधिक सहायक)

## स्थानीय पाठ्यक्रम मस्यौदा लेखन समिति

**संयोजक**

श्रीप्रसाद खरेल

**सदस्यहरू**

कालीप्रसाद रिजाल
योन्देन सुनुवार
भीमप्रसाद दहाल
लोकमणि गौतम
भीमबहादुर लिवाङ
रुद्रमणि भट्टराई
खुबबहादुर राई (सञ्जय)

## विषयसूची


| क्र.सं. | शीर्षक | पेज |
| --- | --- | --- |
| १. | परिचय | १ |
| | १.१ स्थानीय पाठ्यक्रमको सन्दर्भ | १ |
| | १.२ स्थानीय पाठ्यक्रमको अवधारणा र सैद्धान्तिक आधार | ३ |
| | १.३ स्थानीय पाठ्यक्रमको औचित्य | ५ |
| | १.४ शिवसताक्षी नगरपालिकाको स्थानीय पाठ्यक्रमको सन्दर्भ | ६ |
| | १.५ विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | ६ |
| | १.६ विद्यालय शिक्षाको पाठ्यक्रम संरचना | ८ |
| | १.७ शिक्षाको माध्यम | ९ |
| | १.८ पाठ्यक्रम कार्यान्वयन योजना | ९ |
| २. | तहगत सक्षमता | १० |
| ३. | कक्षागत सिकाइ उपलब्धि : कक्षा १ देखि ८ सम्म | ११ |
| | ३.१ कक्षागत सिकाइ उपलब्धि : कक्षा १-३ | ११ |
| | ३.२ कक्षागत सिकाइ उपलब्धि : कक्षा ४-८ | १२ |
| ४. | विषयवस्तुको क्षेत्र र क्रम | १६ |
| | ४.१ विषयवस्तुको क्षेत्र र क्रम : कक्षा १-३ | १६ |
| | ४.२ विषयवस्तुको क्षेत्र र क्रम : कक्षा ४-५ | १७ |
| | ४.३ विषयवस्तुको क्षेत्र र क्रम : कक्षा ६-८ | १९ |
| ५. | विषयवस्तुको विस्तृतीकरण | २१ |
| ६. | पठनपाठन समयावधि | ८४ |
| ७. | सिकाइ सहजीकरण प्रक्रिया | ८४ |
| | ७.१ कक्षा १-३ को सिकाइ सहजीकरण प्रक्रिया | ८४ |
| | ७.२ कक्षा ४-८ को सिकाइ सहजीकरण प्रक्रिया | ८६ |
| | ७.३ फरक क्षमता भएका विद्यार्थीका लागि सिकाइ सहजीकरण प्रक्रिया | ८९ |
| ८. | विद्यार्थी मूल्याङ्कन विधि, प्रक्रिया, तरिका र साधन | ९१ |
| | ८.१ कक्षा १-३ को विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ९१ |
| | ➪ मूल्याङ्कनका तरिका र साधन | ९१ |
| | ➪ विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या | ९१ |
| | ➪ फरक क्षमता भएका विद्यार्थीका लागि मूल्याङ्कन प्रक्रिया | ९२ |
| | ➪ विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरू | ९२ |
| | ➪ विद्यार्थी कार्यसञ्चयिका व्यवस्थापन | ९३ |
| | ➪ उपलब्धि सूचक अभिलेख ढाँचा | ९४ |
| | ८.२ कक्षा ४-८ को विद्यार्थी मूल्याङ्कन प्रक्रिया | १०५ |

## १. परिचय

### १.१ स्थानीय पाठ्यक्रमको सन्दर्भ

स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनका चरणमा लैजाने सन्दर्भमा विभिन्न कानुनी, नीतिगत र सैद्धान्तिक प्रावधानहरू मार्गदर्शकका रूपमा रहेका छन् । त्यस्ता नीतिगत प्रावधानहरू समेतका आधारमा नेपालको विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १-८) मा स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइएको हो ।

नेपालको संविधान भाग ३ को मौलिक हक, धारा ३२, भाषा तथा संस्कृतिको हकको उपधारा (२) अनुसार प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ । सोही धाराको उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हक हुने कुरा उल्लेख छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४० को भावी पाठ्यक्रम सम्बन्धमा भनिएको छ :

क) ग्रामीण परिवेशसँग सान्दर्भिक कार्यकलाप पाठ्यक्रममा नराख्नुका कारण धेरैजसो केटाकेटी विद्यालयका शैक्षिक क्रियाकलापमा कुनै चाख दिँदैनन् र विद्यालय छोडिदिन्छन्,

ख) जातीय जीवनका विविध पक्षलाई पाठ्यक्रममा समुचित रूपले समायोजन गरी ज्ञान र समझदारीको विकास गर्नुपर्दछ,

ग) प्राथमिक तहको पाठ्यक्रमलाई देशको आवश्यकता सुहाउँदो सान्दर्भिक र व्यावहारिक बनाउनुपर्ने आवश्यकता छ । यसलाई क्षेत्रीय र स्थानीय आवश्यकताअनुसार सुहाउँदो तरिकाले व्यवस्थित गर्नु उपयुक्त हुन्छ ।

पन्ध्रौँ आवधिक योजना (२०७६ र ७७ - २०७९ र ८०) को अवधारणापत्रमा लिखित कार्यनीतिअनुसार विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकताअनुहार माध्यम भाषाका रूपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई सङ्घीय तहबाट तोकिएको मापदण्डबमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा लिखित गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकार, उपदफा (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन र सोही दफाको उपदफा (ज) (१८) मा

स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरणको व्यवस्था गरिएको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ र २०६३ मा प्राथमिक तह (१-५) मा स्थानीय विषय वा मातृभाषालाई पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरिएको छ । त्यस्तै आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यहलाई पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ मा केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषय, विषयवस्तु छनौटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने

माध्यमबाट स्थानीय विषयवस्तु समावेश गर्ने, स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने कुरा उल्लेख छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १-३ मा पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४-८ मा यसका लागि ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा समय छुट्याइएको छ । उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा उल्लेख गरिएका नीतिहरू यस प्रकार छन् :

क) स्थानीय आवश्कताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ,

ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ,

ग) स्थानीय पाठ्यक्रममा आवश्यकताअनुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ,

घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ,

ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ,

च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ, र

छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रम सम्बद्ध संरचनाबाट हुने छ ।

आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ मा रहेको प्रावधानअनुसार आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचनामा मातृभाषिक सिप र स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप भनी पाठ्यघण्टा ५ र वार्षिक कार्यघण्टा १६० तोकिएको छ । आधारभूत शिक्षा ( कक्षा ४-५) को पाठ्यक्रम संरचनामा मातृभाषा र स्थानीय विषय भनी पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ तोकिएको छ भने आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचनामा मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा भनी पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ नै तोकिएको छ । स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनुपर्ने छ ।

यस प्रकार उपर्युक्त नीतिगत तथा पाठ्यक्रमसम्बन्धी प्रावधानहरूका आधारमा स्थानीय पाठ्यक्रम, "शिवसताक्षीको पहिचान" निर्माण तथा विकास गरी कार्यान्वयनमा ल्याइएको छ । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ लाई अनुसरण गरी यो पाठ्यक्रम निर्माण तथा विकास गरिएको छ ।

## १.२ स्थानीय पाठ्यक्रमको अवधारणा र सैद्धान्तिक आधार

स्थानीय पाठ्यक्रम स्थानीय परिवेशमा आधारित पाठ्यक्रम हो । स्थान विशेषमा आधारित भएर विद्यार्थीलाई सोहीबमोजिमको ज्ञान, सिप र अभिवृत्ति सिकाउने उद्देश्यले तयार गरिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ का अनुसार "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।" त्यस्तै, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनसम्बन्धी स्रोत सामग्री, २०६८ मा उल्लेख भएअनुसार "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ, जसले स्थानीयतालाई जोड दिन्छ ।" अत: स्थानीय क्षेत्रका सम्पूर्ण सरोकारवालाहरूले आवश्यक ठानेको र महत्त्व प्रदान गरिएको स्थानीय विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा

गौरवसाथ तयार गरिएको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ ।

सिकारुको घर, गाउँ, विद्यालय, सहर, मातृभाषा, समुदायगत विधिव्यवहार, सांस्कृतिक वैविध्य, परम्परागत मूल्यमान्यता एवम् आफ्नै स्थानीय आवश्यकताअनुसार विषयवस्तुलाई समावेश गर्नुपर्ने मान्यताका आधारमा स्थानीय पाठ्यक्रम निर्माणको सैद्धान्तिक आधारलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

क) स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place–based Education Theory)

यस सिद्धान्तअनुसार वातावरणीय र ग्रामीण जनजीवनको संरक्षणका लागि स्थानीय क्षेत्रका बासिन्दालाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विस्तारित गर्दै विद्यार्थीसामु पुऱ्याउन स्थानीय पाठ्यक्रम निर्माण हुनुपर्दछ । (स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६) । स्थानमा आधारित शिक्षालाई एउटा गहन सिकाइ अनुभवका रूपमा परिभाषित गरिएको छ जसले विद्यार्थीहरूलाई स्थानीय सम्पदा, संस्कृति, भूबनोट, अवसरहरू र अनुभवहरूभित्र राखेर सिकाइ गराउँदछ र यी कुराहरूलाई पाठ्यक्रमअन्तर्गत भाषिक कला, गणित, सामाजिक अध्ययन र अन्य विषयहरूको अध्ययनका लागि आधारका रूपमा अपनाउन सकिन्छ । स्थानमा आधारित शिक्षाको ढाँचाले निम्नलिखित सिद्धान्तहरू अवलम्बन गर्दछ : स्थानीयबाट विश्वव्यापी सन्दर्भ (Local to global context), सिकारुकेन्द्रित ( Learner–centered), खोजमा आधारित (Inquiry–based), संरचनात्मक चिन्तन ( Design thinking), समुदाय कक्षाकोठाका रूपमा (Community as classroom), अन्तर्विषयक उपागम (Interdisciplinary approach) (Retrieved from https://www.google.com/search?) । स्थानीय पाठ्यक्रमले आफ्नै नगरसँग प्रत्यक्ष सरोकार राख्ने भूगोल, संस्कृति, भाषा, पर्यटन, व्यवसायलगायतका विषयवस्तुहरू सिकारुकै समुदायमा लगेर स्थलगत अवलोकन भ्रमण, खोज अध्ययनमार्फत सिकाइ गराइने लक्ष्य लिएको हुँदा यसले स्थानमा आधारित शिक्षाको सिद्धान्तलाई आत्मसात् गरेको छ ।

ख) स्थानविशेषमा आधारित पाठ्यक्रम (Area–based curriculum)

स्थानीय पाठ्यक्रमलाई स्थानविशेषमा आधारित पाठ्यक्रमका रूपमा लिइन्छ । यसले विद्यालय र समुदायको वरिपरि वा निश्चित स्थान/क्षेत्र (गाउँ, सहर, वडा, गाउँपालिका वा नगरपालिका) मा केन्द्रित भएर त्यहाँकै वैशिष्ट्य झल्काउँने अभिप्रायलाई पूर्णता प्रदान गरेको हुन्छ । त्यसैले नगरपालिकाभित्रका सरोकारवाला समुदायको सहकार्य र उपस्थितिमा यो पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिएको छ । स्थानविशेषको सन्दर्भ, आवश्यकता र सोहीबमोजिम उपयुक्त हुने सिकाइ क्रियाकलापलाई आधार बनाई यो पाठ्यक्रम निर्माण भएको छ । स्थानीय पाठ्यक्रमका लागि आवश्यक तीन ओटा पक्षहरू स्थानीय आवश्यकता, स्थानीय

विषयवस्तु र स्थानीय सहभागिता तथा विज्ञतालाई यस पाठ्यक्रममा समुचित महत्व प्रदान गरिएको छ ।

### १.३ स्थानीय पाठ्यक्रमको औचित्य

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रममा समाविष्ट शिक्षाका राष्ट्रिय उद्देश्यहरूलाई सम्बोधन गर्दै यो स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गरिएको छ । यस पाठ्यक्रमको औचित्यलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

- अधिकतम रूपमा स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई समुदायकेन्द्रीत र प्रभावकारी बनाउनु,
- एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/ व्यक्तिमा अनुकरणका साथ अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, जानकारीको विस्तार गर्नु,
- स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण, सम्बर्द्धन गर्दै महत्व प्रकटीकरण गर्नु,
- स्थानीय कलाकौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा भूगोलको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु,
- भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्दै तिनको गौरवबोधमा मद्दत पुऱ्याउनु,
- रोजगारमा प्रवेश गर्नुअघि आफू र आफ्नो समुदाय, नगर र त्यहाँको विकासमा स्वाबलम्बी एवम् आत्मनिर्भर हुने नागरिक तयार गर्नु,
- श्रमप्रति सम्मान, कामप्रति समर्पण र आयमूलक स्थानीय सिप, प्रविधि र श्रमप्रति लगाव बढाउन सहयोग गर्नु,
- न्यूनतम खर्चबाट स्थानीय स्रोत र साधनको अधिकतम परिचालनमा टेवा पुऱ्याउनु,
- स्थानीय समुदायमा आधापरित ज्ञान, सिप, प्रविधि र अनुभवहरूलाई विश्वव्यापीकरण गर्नु,
- विश्वव्यापी रूपमा देखा पर्दै गएका ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु,
- स्थानीय क्षेत्रका सम्बोधन हुन नसकेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु,
- परम्परागत रूपमा रहेका पेसा, व्यवसाय र प्रविधिको जगेर्ना र विकास गर्न सहयोग पुऱ्याउनु ।

## १.४ शिवसताक्षी नगरपालिकाको स्थानीय पाठ्यक्रमको सन्दर्भ

आधारभूत तहमा वि.सं. २०८० देखि कार्यान्वयन हुने भनिएको स्थानीय पाठ्यक्रमको संरचनात्मक स्वरूपअनुसार कक्षा १-३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा छुट्याइएको छ भने कक्षा ४-८ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ । यसै तथ्यलाई आधार मानी शिवसताक्षी नगरपालिका, झापाले आफ्नो नगरक्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूमा उक्त समयदेखि कक्षा १-८ मा कार्यान्वयन हुने गरी "शिवसताक्षीको पहिचान" नामकरण गरी यो स्थानीय विषयको पाठ्यक्रम तयार गरेको छ । नगरक्षेत्रभित्रका विद्यालयका प्रधानाध्यापक, शिक्षक, समाजसेवी, शिक्षाप्रेमी, स्थानीय बौद्धिक व्यक्तिलगायत सम्पूर्ण सरोकारवालाहरूको सुझाव सङ्कलनका आधारमा आवश्यकता पहिचान गरी पाठ्यक्रम ढाँचाको अनुसरण गरेर यो स्थानीय पाठ्यक्रम विकास गरिएको छ । पाठ्यक्रमले मुख्यतया विषयवस्तुका सात ओटा क्षेत्रहरू समावेश गरेको छ ।

१) हाम्रो नगरको परिचय,

२) स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा,

३) स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि,

४) पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन,

५) स्थानीय सङ्घसंस्था तथा महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व,

६) नगर गौरब तथा पूर्वाधार विकास आयोजना, र

७) नैतिक शिक्षा तथा आयुर्वेद ।

त्यसैगरी यस पाठ्यक्रममा तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयक्षेत्र, विषयवस्तु विस्तृतीकरण, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियासमेत निर्धारण गरिएको छ । विशेषत: बालबालिकाहरूमा स्थानीयताप्रति सम्मान र प्रेमको भावना जागृत गराउँदै व्यावहारिक ज्ञान, सिप र सकारात्मक अभिवृत्तिको विकास गराउनेतर्फ यो पाठ्यक्रम लक्षित रहेको छ । यस पाठ्यक्रमलाई सामान्य मार्गनिर्देशन मान्नुपर्दछ किनभने स्थानीय पाठ्यक्रमको मूल मर्ममा आधारित रही कक्षा शिक्षकबाट नै आवश्यकताअनुसार उपयुक्त र समयानुकूल सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियाका कार्यनीतिहरू अपनाउन सकिने छ ।

## १.५ विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार

हुने छन् :

क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,

ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,

घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने,

ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने,

ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,

ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

(साभार : आधारभूत तह, कक्षा १-३ को पाठ्यक्रम, २०७६)

## १.६ विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

### आधारभूत शिक्षा (कक्षा १-३, तह १) को पाठ्यक्रम संरचना

| क.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३ | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५ | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६ | मातृभाषिक सिप /स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour)मानिएको छ ।)

### आधारभूत शिक्षा (कक्षा ४-५, तह २) को पाठ्यक्रम संरचना

| क.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

**आधारभूत शिक्षा (कक्षा ६-८, तह ३) को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य तथा शारीरिक शिक्षा (सिर्जनात्मक कला सहित) | ३ | ९६ |
| ७ | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

*साभार : आधारभत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६*

## १.७ शिक्षाको माध्यम

"शिवसताक्षीको पहिचान" (स्थानीय पाठ्यक्रम, कक्षाा १-८) को पठनपाठनको मुख्य माध्यम नेपालको राष्ट्र भाषा नेपाली हुने छ । मातृभाषाका विषयवस्तुहरू, परम्परागत मौलिक कला, व्यवसाय, संस्कृति र संस्कारसम्बन्धी विषयवस्तुहरू शिक्षण गर्ने सन्दर्भमा भने नगरपालिका क्षेत्रभित्र प्रचलित मातृभाषाहरू पूरक रूपमा प्रयोग हुन सक्ने छन् । खास जातिको संस्कृति, भाषा, परिकार, वेशभूषा, रहनसहन आदिको सिकाइका क्रममा यथाशक्य सोही भाषाका शब्दावलीको प्रयोग हुनु यस सन्दर्भमा अस्वाभाविक मानिन्न । विद्यालयमा सम्बन्धित मातृभाषाको शिक्षक उपलब्ध नभएमा तत्कालीन निश्चित कक्षाहरूका लागि स्थानीय स्रोत शिक्षक र शिक्षक स्रोत सामग्री प्रबन्ध गर्ने जिम्मेवारी सम्बन्धित विद्यालयको हुने छ । नगरभित्रका विविध समुदायको बसोवास र स्थानिक सन्दर्भको सिकाइका क्रममा तत् तत् क्षेत्रका विज्ञ शिक्षक मित्रहरूबाट स्वनिर्मित, आधिकारिक सामग्रीहरू निर्माण गरी पारस्परिक आदानप्रदानबाट प्रयोगमा ल्याउन सकिने छ । त्यसैले कतिपय विषय सन्दर्भमा माध्यम भाषा मिश्रित बन्न गएमा अन्यथा मान्नु हुँदैन । नगरभित्र अस्तित्वमा रहेका सकेसम्म सबै समुदायका बारेमा जानकारी दिने महान् सङ्कल्पका साथ यो अभियान अगाडि बढेकाले आवश्कताअनुसार प्रयोगमा आएको मिश्रित भाषिक प्रक्रियालाई स्वीकार गर्नु हामी सबैको गौरव हो ।

## १.८ पाठ्यक्रम कार्यान्वयन योजना

स्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयनको पूर्ण जिम्मेवारी स्थानीय सरकारको भएकाले पाठ्यक्रमको विकास, परिमार्जन र कार्यान्वयन योजनामा शिवसताक्षी नगरपालिकाले

स्वविवेक प्रयोग गर्न सक्ने छ । वर्तमान "शिवसताक्षीको पहिचान" को कार्यान्वयन शैक्षिक सत्र २०८१ देखि नै कक्षा १ देखि ८ सम्म एकै पटक कार्यान्वयन हुने छ ।

## २. तहगत सक्षमता

आधारभूत तहको अन्त्यमा स्थानीय विषयको अध्ययनपश्चात् विद्यार्थीहरूमा निम्नलिखित सक्षमताहरू हासिल हुनेछन्:

१. आफ्नो नगरको ऐतिहासिक, भौगोलिक र प्रशासनिक पक्षको चिनारी,

२. स्थानीय जातजातिको भाषा, संस्कार र संस्कृतिप्रति सम्मान गर्दै धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणतर्फ सचेतना जागरण,

३. स्थानीय क्षेत्रका पेसा, व्यवसाय, उत्पादन तथा प्रविधिको जानकारी लिई आयआर्जनतर्फ लाग्ने सकारात्मक प्रवृत्तिको विकास,

४. नगर क्षेत्रका पर्यटकीय स्थलहरू, पर्यावरण तथा प्राकृतिक स्रोतहरूको पहिचान गरी तिनको संरक्षण, सम्बर्द्धन र प्रचारप्रसार गर्ने साथै विपद् व्यवस्थापनप्रति सचेतनाको विकास,

५. स्थानीय सङ्घसंस्थाहरूको जानकारी हासिल तथा महत्वपूर्ण व्यक्तिहरूप्रति सम्मान जनाउँदै प्रेरणा ग्रहण,

६. नगरको गौरब बढाउने विकास निर्माण कार्यहरू तथा कृषि अनुसन्धान केन्द्रको जानकारी हासिल गरी तिनको प्रचासप्रसारमा संलग्नता, र

७. सकारात्मक आचरण र सामाजिक सद्भावको विकास एवम् आयुर्वेद पद्धतिको सामान्य चिनारी ।

## ३. कक्षागत सिकाइ उपलब्धि : कक्षा १ देखि ८ सम्म

**स्थानीय विषयको अध्ययन पश्चात् विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन्:**

### ३.१ कक्षागत सिकाइ उपलब्धि कक्षा १, २ र ३

| विषयक्षेत्र/थिम | कक्षागत सिकाइ उपलब्धि | | |
|---|---|---|---|
| | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १. हाम्रो नगरको परिचय | १. आफू र आफ्नो परिवारको परिचय दिन<br>२. आफ्नो वरपर भएका वातावरणीय र भौतिक स्वरूप अवलोकन गरी बताउन<br>३. नक्सासम्बन्धी सामान्य आकृतिहरू कोर्न | १. आफ्नो विद्यालयको नाम र कक्षाका साथीहरूको नाम बताउन<br>२. विद्यालय वरपर रहेका वातावरणीय र भौतिक स्वरूपहरूका अवलोकन गरी बताउन<br>३. घर, विद्यालय र दैनिक प्रयोग हुने वस्तुहरूको नक्सा बनाउन | १. आफू बसेको वडाको सामान्य परिचय बताउन<br>२. आफ्नो वडाभित्र रहेका मुख्य भौतिक पक्ष तथा सङ्घसंस्थाको वर्णन गर्न<br>३. आफ्नो वडाको प्राकृतिक स्वरूप, सामाजिक रहनसहन वडाका महत्त्वपूर्ण स्थान र वडाको सामान्य आकृति नक्सा कोर्न |
| २. स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | ४. परिवारमा लगाइने विभिन्न वेशभूषाको नाम बताउन<br>५. परिवारमा बोलिने मातृभाषाको नाम बताउन | ४. परिवारमा मनाइने विभिन्न चाडपर्वहरूको नाम उल्लेख<br>५. समुदायमा प्रचलित विभिन्न मातृभाषाको नाम उल्लेख गर्न<br>६. समुदायका विभिन्न जातजातिले लगाउने वेशभूषाको नाम बताउन | ४. स्थानीय मातृभाषाका सम्मानबोधक शब्दहरूको सूची बनाउन<br>५. समुदायमा प्रचलित चाडपर्वहरूको सामान्य परिचय दिन<br>६. नगरभित्रका विभिन्न जातजातिले लगाउने जातीय पहिरनको वर्णन गर्न |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ६. आफ्नो घरपरिवारको पेसा, व्यवसायको नाम बताउन<br>७. आफ्नो घरबारीमा उत्पादित वस्तुको नाम बताउन | ७. आफ्नो समुदायका मानिसको पेसा, व्यवसायको नाम बताउन<br>८. आफ्नो गाउँघरमा उत्पादित विभिन्न वस्तुको नाम बताउन | ७. आफ्नो नगरमा सञ्चालित विभिन्न व्यवसायको नाम बताउन<br>८. व्यवसायको आवश्यकता र महत्त्व बताउन |
| ४. नैतिक शिक्षा | ८. प्रत्येक बिहान आफूले गर्ने दैनिक कार्यहरू बताउन<br>९.आफ्ना परिवारका सदस्यहरूलाई स्तरअनुसारको आदर तथा सम्मान गर्न<br>१०. असल आचरण गर्न र नैतिकवान् बन्न | ९. आफ्नो विद्यालयका शिक्षक, कर्मचारी र साथीलाई आदर गर्न<br>१०. नैतिकवान् र चरित्रवान् बन्न<br>११. विद्यालय सामग्रीहरूको संरक्षण गरी विद्यालयका काम प्रति कर्तव्यनिष्ठ बन्न | ९. समाजका मानिसहरूलाई आदर, सम्मान गर्न र सामाजिक महत्त्व बुझ्न<br>१०. असल चरित्रको विकास गर्न<br>११. सामाजिक सम्पतिको संरक्षण र संवर्द्धन गर्न |

## ३.२ कक्षागत सिकाइ उपलब्धि                    कक्षा ४, ५, ६, ७ र ८

| विषयक्षेत्र/ थिम | कक्षागत सिकाइ उपलब्धि | | | | |
|---|---|---|---|---|---|
| | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १. हाम्रो नगरको परिचय | १. आफ्नो नगरको भौगोलिक स्वरूपहरू उल्लेख गरी विशेषता बताउन<br>२. आफ्नो वडाको नक्सा बनाई वडामा रहेका महत्त्वपूर्ण तथ्यहरू भर्न<br>३. आफ्नो नगरको नक्सामा महत्त्वपूर्ण तथ्यहरू उचित स्थानमा भन | १. नगरपालिकाको जनसङ्ख्या बताउन<br>२. नगरपालिकाको नक्सा बनाई वरिपरि पर्ने सिमाना उल्लेख गर्न<br>३. नगरपालिकामा पर्ने मुख्य मुख्य स्थानहरू बताउन | १. नगरपालिकामा बसोवास गर्ने समुदाय र तिनको जनसङ्या उल्लेख गर्न<br>२. नगरपालिकाको नक्सा बनाई वडाहरू छुट्याउन<br>३. वडा कार्यालयबाट प्राप्त हुने सेवाहरूबारे बताउन | १. नगरपालिकामा पर्ने मुख्य मुख्य स्थानहरूको नाम वडागत रूपमा बताउन<br>२. आफ्नो नगरपालिकाको नक्सा बनाई नदी, मुख्य सडक, वनजङ्गल आदि देखाउन<br>३. नगरपालिकाबाट प्राप्त हुने सेवाहरूको सूचीकरण गर्न | १. नगरपालिकामा पर्ने मुख्य मुख्य स्थानहरूका बारेमा सङ्क्षिप्त जानकारी गराउन<br>२. आफ्नो नगरपालिकाको नक्सा बनाई सङ्केतको प्रयोग गरी विभिन्न तथ्यहरू भर्न<br>३. आफ्नो नगरपालिकाको जग्गाको वर्गीकृत अवस्थाबारे बताउन |
| २. स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | ४. समुदायमा प्रचलित विभिन्न जातजातिका संस्कृतिको सामान्य परिचय दिन<br>५. स्थानीय मातृभाषामा बोलिने दैनिका व्यवहारका शब्दहरू उल्लेख गर्न<br>६. नगरभित्रका केही धार्मिक तथा सांस्कृतिक स्थलहरूको संक्षिप्त | ४. नगरभित्रका विभिन्न जातजातिले मनाउने चाडपर्वहरूको वर्णन गर्न<br>५. स्थानीय मातृभाषामा आधारित छोटा छोटा संवाद गर्न<br>६. नगरभित्रका विभिन्न जातजातिहरूको सामान्य परिचय दिन<br>७. नगरभित्रका धार्मिक | ४. नगरभित्रका विभिन्न मातृभाषामा सक्षिप्त कुराकानी गर्नं<br>५. स्थानीय गीत तथा लोक बाजागाजाको सामान्य परिचय दिन<br>६. नगरभित्रका विभिन्न जातजातिका चाडपर्वको वर्णन गर्न<br>७. आफ्नो समुदायमा रहेका जातजातिको | ४. नगरभित्रका विभिन्न जातजातिको मौलिक वेशभूषाको महत्व र विशेषता बताउन<br>५. समुदायका विभिन्न मातृभाषाका लिपिको परिचय दिई मातृभाषामा निर्देशित रचना गर्न<br>६. समुदायमा बसोबास गर्ने जातजातिको ऐतिहासिक र सांस्कृतिक पक्षको | ४. नगरभित्र आदिवासी जनजाती र अन्य जातजातीले बोलिने विभिन्न भाषाका रचनात्मक सामग्रीको परिचय दिन<br>५. नगरभित्रका ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थलहरूको सविस्तार परिचय दिन<br>६. नगरभित्रका जातजातिका बाजागाजा बजाउन र स्थानीय जातजातिका |

| विषयक्षेत्र/ थिम | कक्षागत सिकाइ उपलब्धि | | | | |
|---|---|---|---|---|---|
| | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| | परिचय दिन | तथा सांस्कृतिक स्थलहरूको विस्तारित परिचय दिन | संस्कारसहितको परिचय दिन | पहिचान गर्न<br>७. नगरभित्र प्रचलित स्थानीय गीत तथा लोक वाद्यवादनमा सामान्य सहभागिता जनाउन | सांस्कृतिक नृत्यमा सहभागिता जनाउन |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ७. स्थानीय उत्पादन र प्रविधिको सङ्क्षिप्त परिचय दिन<br>८. स्थानीय प्रविधिको प्रयोग गर्ने बानीको विकास गर्न | ८. स्थानीय र परम्परागत प्रविधिहरूका संरक्षण र संवर्धनका उपाय बताउन<br>९. स्थानीय उत्पादनका बजारीकरणको आवश्यकता र चुनौती बताउन | ८. स्थानीय पेसा व्यवसायले समुदायमा पारेको प्रभावबारे बताउन<br>९. बचतको महत्त्व बताउँदै बचत गर्ने बानीको विकास गर्न | ८. रोजगारी सिर्जनामा स्थानीय उद्योगहरूको भूमिका बताउन<br>९. स्थानीय उद्योग व्यवसायले स्थानीयवासीको जीवनस्तरमा पारेको सकारात्मक प्रभाव उल्लेख गर्न | ७. नयाँ पुस्तामा श्रम र सिपको सम्मान गर्ने बानीको विकास गर्न<br>८. स्थानीय सिप र प्रविधिमार्फत स्वरोजगार बन्ने उपाय बताउन |
| ४. पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन | ९. आफ्नो घर र विद्यालय वरिपरिका रमणीय स्थलहरूका बारेमा बताउन<br>१०. व्यक्तिगत सरसफाइमा सरिक हुन<br>११. आफ्नो घर र विद्यालय वरिपरि रहेका काम लाग्ने र नलाग्ने वस्तुहरूको पहिचान गर्न | १०. आफ्नो वडाभित्र रहेका पर्यटकीय स्थलहरूबारे बताउन<br>११. मानव जीवनमा व्यक्तिगत सरसफाइको महत्व एवं फाइदाहरू बताउन<br>१२. आफ्नो वडाभित्रबाट सङ्कलित फोहोरहरू वर्गीकृत<br>१३. आफ्नो वडाभित्र रहेका खोलानाला, | १०. स्थानीयस्तरमा रहेका पर्यटकीय स्थलहरूको महत्त्व तथा फाइदाहरू बताउन<br>११. स्थानीय हावापानी एवं प्राकृतिक स्रोतहरूबारे बताउन<br>१२. फोहोरको कारणले वातावरण मानव जीवनमा पर्ने असरहरू बताउन<br>१३. बाढी, डुबान, | १०. धार्मिक तथा पर्यटकीय स्थलहरूको प्रचार-प्रसार र संरक्षणमा व्यक्ति, सङ्घसंस्था र स्थानीय तहको भूमिका उल्लेख गर्न<br>११. प्राकृतिक स्रोतहरूको महत्त्व एवं फाइदा बताउन<br>१२. फोहोरको उचित व्यवस्थापनबाट हुने | ९. स्थानीय हावापानी, वातावरण संरक्षणका उपायहरू र संरक्षणबाट हुने फाइदाहरू बताउन<br>१०. प्राकृतिक स्रोतको व्यवस्थापनमा व्यक्ति, सङ्घसंस्था स्थानीय तहको भूमिका बताउन<br>११. विपद्का बारेमा सूचना लिन र विपद् व्यवस्थापनमा सरिक हुन |

| विषयक्षेत्र/ थिम | कक्षागत सिकाइ उपलब्धि | | | | |
|---|---|---|---|---|---|
| | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| | | सिमसार अवलोकन गरी सूची तयार गर्न | कटानबाट हुने क्षतिहरूबारे बताउन | १३. स्थानीयस्तरमा हुने विपद्हरूबाट सुरक्षित रहने उपायहरू बताउन | |
| ५. स्थानीय सङ्घसंस्था तथा महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व | १२. स्थानीय संघ संस्थाहरूका सामान्य परिचय बताउन<br>१३. स्थानीय प्रतिभाहरूको सामान्य परिचय दिन | १४.स्थानीय स्वास्थ्य तथा सामुदायिक सङ्घसंस्थाका गतिविधि र कार्यहरू बताउन<br>१५. स्थानीय महत्त्वपूर्ण व्यक्तिहरूका कामहरू उल्लेख गर्न | १४.समुदाय र समाज विकासमा संस्थाको भूमिका साथै योगदान उल्लेख गर्नु ।<br>१५.स्थानीय राष्ट्रिय गौरव बढाउने व्यक्तिहरुका योगदान तथा खेलाडी, गायक, साहित्यकारका जीवनीबाट प्रेरणा व्यक्त गर्ने | १४.नगरका प्रशासनिक निकायहरूको नाम, परिचय र कामहरू उल्लेख गर्नु ।<br>१५. ज्येष्ठ नागरिक, आदिवासी जनजाति महासङ्घ, महिला, दलित, सिमान्तकृत, खस आर्य लगायत अपाङ्गता (फरक क्षमता भएका) लगायत अन्य संघ संस्थाका काम र योगदान वर्णन गर्न<br>१६. स्थानीय हास्यकलाकार, गायक, खेलाडी सहित स्रष्टाहरूका योगदान बताउन | १२. नगरमा अवस्थित शैक्षिक, साहित्यिक तथा वित्तीय सङ्घसंस्थाहरूको उद्देश्य र योगदानहरू उल्लेख गर्न ।<br>१३. नगर गौरवका लागि विविध क्षेत्रमा योगदान पुऱ्याउने स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय ख्याति प्राप्त प्रतिभाहरूको योगदान उल्लेख गर्न । |

| विषयक्षेत्र/ थिम | कक्षागत सिकाइ उपलब्धि | | | | |
|---|---|---|---|---|---|
| | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| ६. नगर गौरब तथा पूर्वाधार विकास आयोजना | १४.नगर गौरव आयोजनाको अर्थ, महत्त्व वताउन र तिनको सूची तयार गर्न<br>१५.सुरक्षाको अर्थ र महत्त्व वताउन साथै नगरभित्र शान्ति सुरक्षाका युनिटहरूको अवस्थाका वारेमा वताउन | १६.कनकाई सिचाई आयोजना सम्वन्धि परिचय दिन<br>१७.शिवगञ्ज कृषि वजारको उपयोगिता व्यक्त गर्न<br>१८.चन्द्रडाँगी कृषि फारमको अवस्थावारेमा वताउन | १६.नगरभित्रका मुख्य मुख्य वाटाहरूको वारेमा व्यक्त गर्न<br>१७.झिलझिले वसपार्कको महत्त्व वताउन ।<br>१८.नगर रिङरोडको परिचय दिन | १७. नगर भित्रको खाने पानीको अवस्था थाहा पाउन ।<br>१८. शिवगञ्ज नगर अस्पतालको परिचय दिन ।<br>१९. दुधे रङगशाला वारे विस्तृत जानकारी दिन । | १४. नगरमा विद्युतको अवस्था वारे वताउन ।<br>१५. झापा इनर्जीको वारेमा विस्तृतमा वताउन । |
| ७. नैतिक शिक्षा तथा आयुर्वेद | १६.शिष्ट बोलीवचनका साथ सार्वजनिक स्थलहरूमा सम्पूर्ण व्यक्तिहरूलाई स्तर अनुसारको आदर, सम्मान गर्न<br>१७नैतिक आचरणको विकास गर्न<br>१८.स्थानीय जडिबुटीहरू (तुलसी, बोजो) को नामसहित प्रयोग, महत्त्व र संरक्षणबारे बताउन | १९.धार्मिक स्थल र धार्मिक व्यक्तिहरूप्रति अनुशासित, नैतिकवान् बन्न र तिनीहरूको योगदान थाहा पाउन<br>२०.नैतिक चरित्रको विकास गर्न<br>२१.स्थानीय जडिबुटीहरू ( निम, पीपल) को नामसहित प्रयोग, महत्त्व र संरक्षणबारे बताउन | १९.जनप्रतिनिधि तथा समाजका अग्रज व्यक्तित्वहरूप्रति स्तर अनुसारको आदर-सम्मान गर्न<br>२०.नैतिकरूपमा आदर्शवान् बन्न<br>२१.स्थानीय जडिबुटीहरू ( घ्युकुमारी, सुनल) को नामसहित प्रयोग, महत्त्व र संरक्षणबारे बताउन | २०.राष्ट्रका उच्च ओहदा र देश तथा विदेशमा ख्यातिप्राप्त उच्च मर्यादाका व्यक्तिहरूलाई स्तर अनुसारको आदर र सम्मान गर्न<br>२१.नैतिक आचरणको विकास गर्न<br>२२. स्थानीय जडिबुटीहरू ( टिमुर, कागती) को नामसहित प्रयोग, महत्त्व र संरक्षणबारे बताउन | १६.आफ्नो राष्ट्रप्रति सम्मान गर्दै दुर्व्यसनरहित सभ्य समाज निर्माण गर्न<br>१७.नैतिक तथा आदर्शवान् नागरिक बन्न<br>१८.स्थानीय जडिबुटीहरू ( हर्रो, बर्रोको नामसहित प्रयोग, महत्त्व र संरक्षणबारे बताउन |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

## ४.१ विषयवस्तुको क्षेत्र र क्रम

कक्षा १, २ र ३

| विषयक्षेत्र/थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ | पा.घ.(१६०) |
|---|---|---|---|---|
| १. हाम्रो नगरको परिचय | १. मेरो घर परिवार<br>२ मेरो वरिपरिका वस्तुहरू<br>३. नक्साको अवधारणा | १. मेरो विद्यालय<br>२. मेरो समुदाय वरपर<br>३. घर र विद्यालयको नक्सा | १ मेरो वडाको सामान्य जानकारी<br>२. मेरो वडाका भौतिक पक्ष र सङ्घ संस्थाको नाम<br>३. मेरो वडाको भौगोलिक नक्सा | ३२ |
| २. स्थानिय आदिवासी जनजातिहरूको सामान्य परिचय तथा ऐतिहासिक भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | ४. मेरो परिवारको वेशभूषा<br>५. मेरो परिवारको मातृभाषा | ४. आफ्नो परिवारमा मनाइने चाडपर्व<br>५. मेरो समुदायको वेशभूषा<br>६. मेरो समुदायमा प्रचलित मातृभाषा | ४. हाम्रो समुदायमा मनाइने चाडपर्व<br>५. नगरभित्र प्रचलित जातीय पहिरन<br>६. मातृभाषाका सम्मानबोधक शब्दहरू | ४८ |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ६. मेरो घर परिवारको पेसा, व्यवसाय<br>७. मेरो घर परिवारको उत्पादन | ७. मेरो समुदायको पेसा व्यवसाय<br>८. मेरो समुदायको उत्पादन | ७. हाम्रो नगरका व्यवसाय<br>८. व्यवसायको महत्त्व | ३२ |
| ४. नैतिक शिक्षा | ८. घरभित्र गरिने नैतिक आचरण<br>९. मेरो घरायसी सामान<br>१०. नीतिकथा- १ | ९. विद्यालयमा गरिने नैतिक आचरण<br>१०. मेरो विद्यालयका सामान<br>११. विद्यालयका कामप्रति कर्तव्यनिष्ठ<br>१२. नीतिकथा- २ | ९. समाजिक नैतिक आचरण<br>१०. सामाजिक सम्पतिको संरक्षण<br>११. नीतिकथा- ३ | ४८ |

## ४.२ विषयवस्तुको क्षेत्र र क्रम

**कक्षा ४ र ५**

| विषयक्षेत्र/थिम | कक्षा ४ | कक्षा ५ | पा.घ.(१६०) |
|---|---|---|---|
| १. हाम्रो नगरको परिचय | १. हाम्रो नगरको भौगोलिक स्वरूप<br>२. आफ्नो वडाको नक्सामा मुख्य तथ्य<br>३. नगरको नक्सा अध्ययन | १. नगरपालिकाको जनसङ्ख्या<br>२. नक्सामा आफ्ना छिमेकी पालिकाहरू<br>३. आफ्नो नगरपालिकाका मुख्य स्थानहरू | २० |
| २. स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | ४. हाम्रो समुदाय र संस्कृति<br>५. स्थानीय मातृभाषाका दैनिक प्रयोगका शब्दहरू<br>६. हाम्रो नगरका धार्मिक तथा सांस्कृतिक स्थलहरूको सामान्य परिचय<br>७. स्थानीय आदिवासी जनजातीहरूको सामान्य परिचय | ४. हाम्रो नगरमा प्रचलित चाडपर्व<br>५. मातृभाषामा संवाद<br>६. हाम्रो नगरका जातजातिहरू<br>७. हाम्रो नगरका प्रसिद्ध धार्मिक तथा सांस्कृतिक स्थलहरू<br>८. स्थानीय आदिवासी जनजातीहरूको सामान्य परिचय | ३० |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ८. हाम्रो उत्पादन: हाम्रो चिनारी<br>९. हाम्रा परम्परागत प्रविधिहरू | ९. स्थानीय प्रविधिका उत्पादन र बजारको अवस्था<br>१०. महको उपयोगिता | १५ |
| ४. पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन | १०. मेरो घर र विद्यालय आसपासका रमणीय स्थलहरू<br>११. मेरो शरीरको हेरचाह एवम् सरसफाइ<br>१२. मेरो घर र विद्यालय आसपास रहेका वस्तुहरू | ११. मेरो वडामा रहेका पर्यटकीय स्थलहरू<br>१२. आफ्नो शरीरमा प्रयोग गरिने वस्तुको सरसफाइ<br>१३. हाम्रो वडामा पाइने सडने र नसड्ने फोहोरहरू<br>१४. आफ्नो वडाभित्र रहेका खोलानाला तथा सिमसारहरू | २० |
| ५. स्थानीय सङ्घसंस्था तथा महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व | १३. स्थानीय सङ्घ संस्थाको परिचय<br>१४. स्थानीय महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व | १५. हाम्रा स्थानीय स्वास्थ्य तथा सामुदायिक सङ्घसंस्थाहरू<br>१६. हाम्रा अनुकरणीय व्यक्तिहरू | १५ |

| विषयक्षेत्र/थिम | कक्षा ४ | कक्षा ५ | पा.घ.(१६०) |
|---|---|---|---|
| ६. नगर गौरब तथा पूर्वाधार विकास आयोज | १५. नगर गौरवका आयोजनाहरू<br>१६. आजको आवश्यकता शान्ति सुरक्षा | १७. कनकाई सिचाई आयोजना<br>१८. शिवगञ्ज कृषि वजार<br>१९. चन्द्रडाँगी कृषि फारम | १४ |
| ७. नैतिक शिक्षा तथा आयुर्वेद | १७. शिष्ट बोलीवचन<br>१८. सामाजिक व्यक्तित्वहरू<br>१९. सवारी नियम<br>२०. स्थानीय जडिबुटीको प्रयोग, महत्त्व र संरक्षण<br>२१. नीतिकथा | २०. धार्मिक स्थल र धार्मिक व्यक्तित्वहरू<br>२१. स्थानीय जडिबुटीको प्रयोग, महत्त्व र संरक्षण<br>२२. नीतिकथा | १४ |

## ४.३ विषयवस्तुको क्षेत्र र क्रम

**कक्षा ६,७ र ८**

| विषयक्षेत्र/थिम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | पा.घ.(१६०) |
|---|---|---|---|---|
| १. हाम्रो नगरको परिचय | १. नगरपालिकाका समुदाय र जनसङ्ख्या<br>२. नगरपालिकाको नक्सामा वडा विभाजन<br>३. वडाबाट प्राप्त हुने सेवासुविधाहरू | १. आफ्नो नगरपालिकाको जनसङ्ख्याको तथ्याङ्क<br>२. नगरपालिकाको नक्सामा प्राकृतिक स्वरू<br>३. नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधाहरू | १. नगरपालिकाका मुख्य ठाउँबारे जानकारी<br>२. नक्सा निर्माण र स्थान परिचय<br>३. जग्गाको वर्गीकृत विवरण | २० |
| २. स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | ४. स्थानीय आदिवासी जनजातीहरूको सामान्य परिचय<br>५. हाम्रो चाडपर्व: हाम्रो गौरव<br>६. हाम्रो मातृभाषा: हाम्रो कुराकानी<br>७. हाम्रो समुदाय र बसोबास<br>८. हाम्रा स्थानीय गीत तथा लोक बाजाहरूको परिचय | ४. स्थानीय आदिवासी जनजातीहरूको सामान्य परिचय<br>५. हाम्रो नगरको वेशभूषा: हाम्रो पहिचान<br>६. हाम्रो मातृभाषा: लेखन र लिपि<br>७. हाम्रो समुदायको ऐतिहासिक र सांस्कृतिक पक्ष<br>८. नगरमा प्रचलित स्थानीय गीत तथा लोक वाद्यवादनमा मेरो | ४. नगरको आदिवासी जनजातीहरूको विस्तृत परिचय<br>५. नगरभित्रका मातृभाषाका सामग्रीहरू (मुन्धुम आदि)<br>६. हाम्रो नगरका धार्मिक तथा सांस्कृतिक स्थलहरूको ऐतिहासिक महत्त्व<br>७. स्थानीय गीत, संगीत र नृत्यमा हाम्रा प्रस्तुति | ३० |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ९. पेसा व्यवसायले समुदायमा पर्ने प्रभा<br>१०. वचतका फाइदाहरू | ९. स्थानीय उद्योग: स्थानीय कच्चा पदार्थ<br>१०. व्यवसाय र रोजगारीबिचको अन्तरसम्बन्ध<br>११. व्यावसायिक खेतीको महत्त्व | ८. स्थानीय ज्ञान, सिप र प्रविधिको सृजनशील प्रयोग | १५ |

| विषयक्षेत्र/थिम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | पा.घ.(१६०) |
|---|---|---|---|---|
| ४. पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन | १०. नगरपालिकाभित्रका पर्यटकीय स्थलहरू<br>११. स्थानीयस्तरको हावापानी तथा प्राकृतिक स्रोतहरू<br>१२. मानव स्वास्थ्यमा फोहोरमैलाका असरहरू<br>१३. जल, डुबान र कटानबाट हुने क्षतिहरू | ११. पर्यटकीय स्थलहरूको प्रचार-प्रसार एवम् संरक्षण<br>१२. प्राकृतिक स्रोतहरुको महत्त्व एवं फाइदाहरु<br>१३. फोहोर व्यवस्थापन प्रविधिहरू<br>१४. विपद् व्यवस्थापनका उपायहरू | ८. स्थानीय जलवायु तथा वातावरण संरक्षण<br>९. प्राकृतिक स्रोतहरुको व्यवस्थापन<br>१०. विपद्को सूचना एवं व्यवस्थापन | २० |
| ५. स्थानीय सङ्घसंस्था तथा महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व | १४. हाम्रा सङ्घ संस्था र भूमिकाहरू<br>१५. स्थानीय तहका गौरवशाली व्यक्ति र व्यक्तित्व | १५. नगरभित्रका प्रशासनिक निकायहरू<br>१६. सामुदायिक सङ्घसंस्थाहरू<br>१७. हाम्रा प्रेरक व्यक्तिहरू | ११. सार्वजानिक सङ्घ संस्थाका उद्देश्य र योगदानहरू<br>१२. महत्त्वपूर्ण व्यक्तिका जीवनी र योगदान | १५ |
| ६. नगर गौरब तथा पूर्वाधार विकास आयोजना | १६. नगर भित्रको आन्तरिक यातायातको अवस्था<br>१७. झिलझिले वस पार्क<br>१८. नगर रिङरोड | १८. स्वस्थ जीवनका लागि स्वच्छ खानेपानी<br>१९. शिवगञ्ज नगर अस्पताल<br>२०. हाम्रो दुधे रङशाला | १३. शिवसताक्षी नगरमा उर्जाको अवस्था<br>१४. सौर्य उर्जा, झापा इनर्जी | १४ |
| ७. नैतिक शिक्षा तथा आयुर्वेद | १९. जनप्रतिनिधि तथा समाजका अग्रजहरू<br>२०. स्थानीय जडिबुटीको प्रयोग, महत्त्व र संरक्षण<br>२१. सहयोगी मन: नीतिकथा | २१. उच्च ओहदाका व्यक्तित्वहरू<br>२२. स्थानीय जडिबुटीको प्रयोग, महत्त्व र संरक्षण<br>२३. अल्छीको परिणाम: नीतिकथा | १५. मेरो राष्ट्र मेरो गौरव<br>१६. कुलतविरुद्ध सचेतना<br>१७. स्थानीय जडिबुटीको प्रयोग, महत्त्व संरक्षण<br>१८. कर्मको फल:नीतिकथा | १४ |

## ५. विषयवस्तुको विस्तृतीकरण

**शिवसताक्षीको पहिचान (स्थानीय पाठ्यक्रम), कक्षा १**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो नगरको परिचय | १. आफू र आफ्नो परिवारको परिचय बताउन | १. आफ्नो परिवारका सदस्यको नाम | १. शिक्षकले आफ्नो नाम, टोलको नाम बताउने<br>२. विद्यार्थीलाई पनि उनीहरूको परिचय दिन लगाउने<br>आवश्यक सहयोग गर्ने<br>३. विद्यार्थीले परिचय दिँदा असहज भएमा निम्न प्रश्न सोध्ने: जस्तै, तपाईंको नाम के हो ? तपाईंका के हो ? तपाईंका घरमा कति जना सदस्य हुनुहुन्छ? | १. तपाईंको नाम के हो ?<br>२. तपाईंका बुबा/आमाको नाम के हो ?<br>३. तपाईंको घरमा कति जना सदस्य हुनुहुन्छ ?<br><br>मौखिक र लिखित प्रश्न | ३२ |
| | २.आफ्नो घर वरपर भएका वस्तुहरू अवलोकन गरी बताउन | २. आफ्नो घर वरपर रहेका वस्तुहरू (फूलबारी, करेसाबारी, घरहरू, गाडीहरू आदि) | १. विद्यार्थीका घरमा भएका वस्तुहरूको नाम सोध्ने र जबाफ टिपी सार्न लगाउने<br>२. टिपोट गरिएका वस्तुहरूको नाम भन्न लगाउने<br>३. अन्य थप जानकारीका लागि शिक्षकले सहजीकरण गर्ने | १. तपाईंको समुदायमा भएका तीनवटा साझा वस्तुको नाम लेख्नुहोस्।<br>२. कुनै पाँच वटा फूलको नाम भन्नुहोस्।<br>३. तपाईंको घर/विद्यालयको सङ्ख्या लेख्नुहोस्।<br>मौखिक र लिखित प्रश्न | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | ३. नक्सासम्बन्धी सामान्य आकारहरू कोर्न | ३. नक्साको अवधारणा (मोटा, पातला, सिधा, बाङ्गाटिङ्गा, घर, फूल, विद्यालय, चरा आदि) | १. शिक्षको सहयोगमा विद्यार्थीलाई मोटा, पातला, सिधा, बाङ्गा धर्साहरू कार्न लगाउने<br>२. शिक्षकले घर, फूल, विद्यालय, चरा आदिको नक्सा देखाई सो नक्सा बनाउन अभ्यास गराउने<br>३. शिक्षकले अरू नक्सा बनाई विद्यार्थीलाई पनि बनाउ सहजीकरण गर्ने | १. मोटा, पातला, सिधा, बाङ्गा रेखा खिच्नुहोस्।<br>२. कुनै फूल र चराको नक्सा बनाउनुहोस्।<br>३.तपाईंको घरको नक्सा बनाउनुस्।<br>४. तपाईंलाई मन पर्ने कुनै एक वस्तुको नक्सा बनाएर ल्याउनुहोस्।<br>मौखिक, लिखित प्रश्न र परियोजना | |
| २. स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | ४. परिवारमा लगाइने विभिन्न वेशभूषाको नाम बताउन | ४. मेरो परिवारको वेशभूषा ( गञ्जी, टोपी, कमिज, पाइन्ट, जामा, कुर्था, सलवार, फ्रक, ट्राउजर, साडी, चोलो दौरा, सुरुवाल, ज्याकेट, जुत्ता, मोज चप्पल, रिबन, हाफपाइन्ट, म्याक्सी आदि) | १. परिवारका सदस्यले लगाउने पहिरन वा लुगा कपडाका बारे सोध्ने<br>२. बालक आफूले घर बस्दा र विद्यालय जाँदा लगाउने लुगाका बारे बताउन लगाउने<br>३. आफ्नो परिवारका सदस्यले चाडवाड वा विशेष अवसरमा लगाउने कपडाको बारे भन्न लगाउन<br>४. तस्बिर वा भिडियोमार्फत जातीय पहिरनहरू देखाइदिने र कुन जातिको पहिरन कस्तो हुँदो रहेछ सोध्ने । | १. तस्बिरका माध्यमबाट विभिन्न पोसाकहरूको नाम भन्न लगाउने<br>२. आमा बुबा र परिवारका अन्य सदस्यले लगाउने पोसाकको नाम र लेख्न लगाउने । | ४८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | ५. परिवारमा बोलिने मातृभाषाको नाम बताउन | ५. मेरो परिवारको मातृभषा ( राई, लिम्बु, मगर, सन्थाली, राजवंशी आदि) | १. विद्यार्थीको परिवारमा बोलिने मातृभाषाको बारेमा भाषाहरूको सूची बनाउने<br>२. शिक्षकले पनि सम्बन्धित मातृभाषामा केही शब्द, वाक्य बोल्ने<br>३. घरमा मातृभाषा बोल्नुपर्छ भन्ने भावना जगाउने | १. जातिगत रूपमा परिवारमा बोलिने मातृभाषामा बालबालिकाहरूलाई प्रश्नहरू सोध्ने<br>२. मातृभाषाका शब्दहरूको शब्दहरू लेख्न लगाउने । | |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ६. आफ्नो घरपरिवारको पेसा, व्यवसायको नाम बताउन<br>७. आफ्नो घरबारीमा उत्पादित वस्तुको नाम बताउन | ६. मेरो घर परिवारको पेसा, व्यवसाय (कृषक, शिक्षक, डाक्टर, डकर्मी, ड्राइभर व्यापारी )<br>७. मेरो घर परिवारको उत्पादन (धान, मकै, तरकारी, फलफूल, दूध, अण्डा) | १. परिवारमा आमा, बुबा, काका, काकी, मामा, माइजू आदि के काम गर्नुहुन्छ भनी विद्यार्थीलाई सोध्ने र उनीहरूलाई भन्न लगाउने<br>२. गाउँघरमा उत्पादन हुने विभिन्न प्रकारका खाद्यान्नको चित्र देखाइ तिनको नाम भन्न लगाउने | १. तपाईका बुबाआमा के काम गर्नुहुन्छ ?<br>२. तपाईको घरमा पाइने कुनै ५ खानेकुराको नाम भन्नुहोस्।<br>३. परियोजना कार्य:<br>कुनै कृषि औजार (हलो) को चित्र बनाउनुहोस्। | ३२ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| ४. नैतिक शिक्षा | ८. प्रत्येक बिहान आफूले गर्ने दैनिक कार्यहरू बताउन<br>९.आफ्ना परिवारका सदस्यहरूलाई स्तरअनुसारको आदर तथा सम्मान गर्न | ८. दैनिक कार्य (चाँडै उठ्ने, हातमुख धुने, दाँत माझ्ने, नुहाउने, लुगा धुने, कोठा बढार्ने, पर्दा मिलाउने)<br>९. परिवारका सदस्यलाई सम्मान (ढोग, नमस्कार, राम-राम, प्रणाम्, दर्शन, सेवारो, हजुर, भाग्यमानी आदि) | १. कुन विद्यार्थी कुन समयमा उठ्छन् भन्नेबारे कक्षामा पालैसँग सोध्ने र छिटो उठने विद्यार्थीको उदाहरण दिएर अरुलाई प्रोत्साहित गर्ने, अल्आर्मसेट गर्न सिकाउने<br>२. बिहानका दैनिक क्रियाकलापहरू ( चाँडै उठ्ने, हातमुख धुने, दाँत माझ्ने, नुहाउने, लुगा धुने, कोठा बढार्ने मिलाउने) गर्न सिकाउने<br>३. विद्यार्थीले दैनिकरुपमा प्रयोग गर्ने ( कापी, किताब, पोशाक) सामान प्रयोग गरिसकेपछि त्यसलाई कसरी प्रयोगका लागि सुरक्षित राख्नुपर्छ भन्ने बारे बुझाउने/छलफल गर्ने<br>४. कक्षाका विद्यार्थीहरूलाई पारिवारिक समूहहरूमा विभाजन गरेर विद्यार्थीहरूलाई परिवारका विभिन्न सदस्यहरूको अभिनय गर्न लगाउँदै स्तरअनुसारका आदर तथा नमस्कार गर्न लगाउन, सफा र फोहोर कपडाबिच तुलना गरी सफा कपडा लगाउन प्रेरित गर्ने | १. तपाईँ बिहान कति बजे उठ्नुहुन्छ ?<br>२. बिहान उठेर तपाईं के गर्नुहुन्छ ?<br>३. तपाईँ परिवारका कुन-सदस्यलाई कसरी अभिवादन गर्नुहुन्छ ?<br>४. तपाईँ घरमा आफूले प्रयोग गर्ने सामाग्रीहरू कसरी जतन गर्नुहुन्छ ?<br>५. किताबमा किन कोर्नु हुँदैन ?<br>६. तपाईँ घरको कुन -कुन काममा सघाउनुहुन्छ ? | ४८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| ४. नैतिक शिक्षा | १०. असल आचरण गर्न र नैतिकवान् बन्न | १०. नीतिकथा (असल, ज्ञानी, हँसिलो, मिजासिलो, इमान्दार, सर्वप्रिय, आदर्श नैतिकवान्, चरित्रवान् बन्न र अनावश्यक लोभ गर्ने बानी हटाउन सिकाउने नीतिकथा) | १. लोभ गर्नु, चोर्नु, ढाँट्नु, छल्नु, कसैलाई अनावश्यक चोट दिनु आदि क्रियाकलापहरू गलत हुन भन्नेबारे कक्षामा कथामार्फत् उदाहरण प्रस्तुत गर्ने<br>२. आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्नु भन्ने भावनाको विकास गराउने ।<br>३. कक्षामा रहेका सहयोगी, मिलनसार, कर्तव्यनिष्ठ विद्यार्थीहरूको उदाहरण दिएर अन्यलाई पनि सबैको प्यारो पात्र बन्न प्रोत्साहित गर्ने | १. हामीले किन अनावश्यक लोभ गर्नु हुँदैन ?<br>२. हामीले आफूभन्दा सानालाई किन माया गर्नुपर्छ ?<br>३. हामीले आफूभन्दा ठूलालाई कि सम्मान गर्नुपर्छ ?<br>४. हामीले किन सबैको प्यारो बन्ने कोशिस गर्नुपर्छ ?<br>५. तपाईंलाई मन पर्ने व्यक्तिहरूको नाम भन्नुहोस्। | ४८ |

**शिवसताक्षीको पहिचान (स्थानीय पाठ्यक्रम),** **कक्षा २**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो नगरको परिचय | १. आफ्नो विद्यालयको नाम र कक्षाका साथीहरूको नाम बताउन | १. आफ्नो विद्यालय साथीहरूको नाम | १. शिक्षकले आफ्नो विद्यालयको नाम बताइदिने र विद्यार्थीलाई र लेख्न लगाउने<br>२. आफ्नो बेन्चमा बस्ने साथीको नाम बताउन अभ्यास गराउने<br>३. आफ्नो कक्षाका सबै विद्यार्थीको नाम भन्न लगाउने र कठिन भए खेल विधिका माध्यमबाट शिक्षकले सहजीकरण गरिदिने | १. तपाईंको विद्यालयको नाम लेख्नुहोस्।<br>२. कक्षाका पाँच जना साथीको नाम लेख्नुहोस्।<br>३. तपाईंको टोलका तीन साथीको नामा लेख्नुहोस्।<br>मौखिक र लिखित प्रश्न | ३२ |
| | २. आफ्नो समुदायमा भएका वस्तुहरू अवलोकन गरी नाम बताउन | १. आफ्नो समुदायमा भएका वस्तुहरू (विद्यालय, धार्मिक संस्था, खेल मैदान फूलबारी, बगैंचा आदि) | १. शिक्षकले विद्यार्थीको समुदायमा के के वस्तु छन् भनी प्रश्न गर्दै प्राप्त जबाफ टिपोट गर्ने<br>२. विद्यार्थीको समुदायको फूलबारीमा भएका कुनै पाँच वटा फूल नाम टिप्न लगाउने<br>३. समुदायमा भएका विद्यालय, धार्मिक संस्था, खेल मैदानको आदिको नाम सोध्ने र नआएमा सहजीकरण गरिदिने | १. तपाईंको समुदायमा भएका कुनै तीन वस्तुको नाम लेख्नुहोस्।<br>२. फूल फुल्ने तीन वटा बिरुवाको नाम लेख्नुहोस्।<br>३. विद्यालय/खेल मैदान किन चाहिन्छ ?<br>मौखिक र लिखित प्रश्न | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | ३. घर, विद्यालय र दैनिक प्रयोगेहुने वस्तुहरूको नक्सा बनाउन | ३. घर, विद्यालय र सरल नक्सा (घर, विद्यालय, साइकल, गाग्रो, चरा, कुस गिलास, बोतल, गाडी आदि) | १. घर/विद्यालयको नक्सा प्रदर्शन गर्दै विद्यार्थीलाई अभ्यास<br>२. सेतो पाटीमा विद्यार्थीलाई सरल नक्सा बनाउन लगाउने र शिक्षकले सहजीकरण गरिदिने<br>३. शिक्षकको निर्देशनमा दैनिक प्रयोग हुने वस्तु गिलास, बटुका, चम्चा आदिको नक्सा बनाउन अभ्यास गराउने | १. तपाईँको घरको नक्सा बनाउनुहोस्।<br>२. तपाईँ पढने विद्यालयको खेल मैदानसहितको नक्सा बनाउनुहोस्।<br>३. तपाईँले प्रयोग गर्ने ५वटा वस्तुको नक्सा बनाउनुहोस्।<br>मौखिक, लिखित प्रश्न र परियोजना | |
| २. स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | ४. परिवारमा मनाइने विभिन्न चाडपर्वहरूको नाम उल्लेख गर्न | ४. आफ्नो परिवारमा मनाइने चाडपर्व (दशैँ, तिहार, उधौली-उभौली, छठ, सिरुवा, ल्होसार, लोदी पूजा, कोनी पूजा, फागुपर्व, माघी पर्व आदि) | १. विद्यार्थीहरूलाई उनीहरूको घरमा मनाइने चाडपर्वको नाम<br>२. भिडियो क्लिप र तस्बिरमार्फत सम्बद्ध चाडपर्वको नाम र चाडपर्वमा गरिने सामान्य क्रियाकलाप बताइदिने । | तस्बिरका माध्यमबाट परिवारमा मनाइने चाडपर्वहरूको नाम भन्न र टिपोट गर्न लगाउने । | ४८ |
| | ५. समुदायका विभिन्न जातजातिले लगाउने वेशभूषाको नाम बताउन | ५. मेरो समुदायको वेशभूषा ( समुदायका विभिन्न जातजातिका पहिरनहरू : दौरा सुरुवाल, गुन्यु चोली, पेटानी, धोती, बख्खु, झालेरुमाल आदि) | १. समुदायमा प्रचलित विभिन्न जातजातिका पहिरनसँग सम्बन्धित तस्बिर या मल्टिमिडियामार्फत अवलोकन गराई वेशभूषाको म नाम बताउन लगाउने | १. जातिगत आधारमा लगाइने पहिरनको नाम के हो ?<br>क) ..........<br>ख) ........... | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | २. जातजातिका पहिरनको परस्पर फरक छुट्याउन लगाउने । | ग) ...........<br>२. समुदायमा विभिन्न जातिल लगाउने पोसाकको नाम भन्नुहोस्। | |
| | ६. समुदायमा प्रचलित विभिन्न मातृभाषाको नाम उल्लेख गर्न | ६. मेरो समुदायको मातृभाषा ( समुदायमा बोलिने अन्य जातिहरू सुनुवार, ताजपुरिया, माझी, नेपाल आदि) | १. विद्यार्थीको समुदायमा अरू मानिसले बोल्ने मातृभाषाबारे छलफल गर्ने<br>२. प्राप्त उत्तरको सूची बनाउँदै विद्यार्थीलाई पनि सूचीबद्ध गर्न लगाउने । | १. तपाईंको समुदायमा बा भाषाहरू कुन कुन हुन्? सूची बनाउनुहोस्।<br>२. तपाईंका साथीहरू बसेका ठाउँमा कुन भाषा बोलिन्छ? (मौखिक तथा लखित प्रश्न ) | |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ७. आफ्नो समुदायका मानिसको पेसा, व्यवसायको नाम बताउन<br>८. आफ्नो गाउँघरमा उत्पादित विभिन्न वस्तुको नाम बताउन | ७. मेरो समुदायको पेसा व्यवसाय (व्यापारी, मेकानिक, कृषक, नर्स, सिकर्मी, ड्राइभर)<br>८. मेरो समुदायको उत्पादन ( डोको, नाम्लो, भकारी, धान, मकै, केरा, अण्डा तरकारी, गुन्द्रुक, सिन्की) | १. कक्षाकोठामा पेसासँग सम्बन्धित विभिन्न तस्विरहरू देखाएर विद्यार्थीहरूलाई तिनको नाम भन्न लगाउने,<br>२. गाउँघरमा पाइने विभिन्न उत्पादनहरूको चित्र भिडियोमार्फत देखाउने र तिनको नाम र प्रयोग बारे विद्यार्थीहरूलाई भन्न लगाउने | १. तपाईंको छर छिमेकमा के के पेसा गर्ने मानिसहरू बस्नुहुन्छ ?<br>२. तपाईंलाई मन पर्ने कुनै ५ वटा खानेकुराको नाम लेख्नुहोस्।<br>३. परियोजना कार्य: तपाईको करेसाबारीमा के कुरा फलेका छन् ? अवलोकन गरी लेख्नुहोस्। (लिखित तथा मौखिक प्रश्न | ३२ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| ४. नैतिक शिक्षा | ९. आफ्नो विद्यालयका शिक्षक, कर्मचारी र साथीहरूलाई आदर गर्न | ९. विद्यालयका विभिन्न ओहदाका कर्मचारीहरु (शिक्षक-शिक्षिका, सुरक्षाकर्मी, परिचर, सवारीचालक, साथी आदि) लाई स्तरअनुसार नमस्कार, अभिवादन, दर्शन, प्रणाम, जस्ता अभिव्यक्तिले आदर तथा सम्मान गर्न | १. कक्षामा कुनै विद्यार्थीलाई विद्यालयको शिक्षक र कुनैलाई कर्मचारीको अभिनय गर्न लगाएर विद्यार्थीहरूलाई अरु पालैसँग नमस्कार/ आदर गर्न लगाउने<br>२. स्तर अनुसार विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीहरूको नामावली क्रमागत रुपमा लेख्न लगाउने<br>३. साथी समूहहरू बनाएर साथीहरूबिचमा एक-आपसमा अभिवादन गर्न लगाउने विद्यालयका शिक्षक तथा कर्मचारीहरू कक्षाकोठाभित्र प्रवेश गर्दा बाहिरिँदा विद्यार्थीहरूले गर्नुपर्ने अभिवादनबारे जानकार बनाउने | १. विद्यालयको प्रमुख व्यक्तिलाई के भनिन्छ ?<br>२. तपाईंको विद्यालयका शिक्षक र कर्मचारीलाई तपाईं के-कसरी अभिवादन गर्नुहुन्छ?<br>३. तपाईं आफ्नो साथीलाई कसरी अभिवादन गर्नुहुन्छ?<br>४. कक्षामा शिक्षक प्रवेश गर्दा तपाईं के गर्नुहुन्छ ? | ४८ |
| | १०. विद्यालय सामग्रीहरूको संरक्षण गरी विद्यालयका कामप्रति कर्तव्यनिष्ठ बन्न | १०. विद्यालय अन्तर्गतका विविध पक्षहरू (कक्षाकोठा, चक, डस्टर, सेतो पाटी, दराज, खेल सामग्री, पुस्तकालय, विद्यालय परिसर, विद्यालय समय, पठनपाठन, गृहकार्य, विदाको दिनको | १. कक्षामा बढी मात्रामा हाजिर र गयल हुने विद्यार्थीहरूको नामावलीको छुट्टाछुट्टै सूची बनाएर यी दुबै खालका विद्यार्थी भिन्नताबारे चर्चा गर्ने<br>२. कक्षामा ध्यान दिएर बस्न किन जरुरी छ भन्ने बारे छलफल गर्न लगाउने | १. कक्षाकोठा किन फोहोर पार्नु हुँदैन ?<br>२. हामीले विद्यालयका सामग्रीहरू किन जतन गरेर राख्नुपर्छ ?<br>३. हामीले गृहकार्य नगर्दा हुन्छ ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | सदुपयोग आदि) | ३.कक्षाकोठामा रहेका दैनिक प्रयोगका सामग्रीहरू (चक, डस्टर, कालोपाटी, दराज आदि) मिलाएर राख्न लगाउने<br>४.कक्षाकोठा सफा गर्न लगाउने<br>५.खेल खेलिसकेपछि सबैले खेल सामग्रीहरू जतन गरेर र भन्नेबारे छलफल गराउने | ४. कक्षाकोठा सफा नगर्दा के हुन्छ ?<br>५. तपाईं बिदाको दिन के गर्नुहुन्छ ? | ४८ |
| | ११. नैतिकवान् र चरित्रवान् बन्न | ११. नीतिगत पाठ (असल, ज्ञानी, हँसिलो, मिजासिलो, इमान्दार, सर्वप्रिय, आदर्श, नैतिकवान्, चरित्रवान् बन्न र ढाँट छल गर्नु हुँदैन र भनेर सिकाउने नीतिगत पाठ) | १. ढाँट्नु, लोभ गर्नु, चोर्नु, छल्नु, कसैलाई अनावश्यक चोट दिनु आदि क्रियाकलापहरू गलत हुन भन्नेबारे कक्षामा नीति कथामार्फले उदाहरण प्रस्तुत गर्ने<br>२. आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्नुपर्छ भन्ने भावनाको विकास गराउने<br>३. कक्षामा रहेका सहयोगी, मिलनसार, कर्तव्यनिष्ठ विद्यार्थीहरूको उदाहरण दिएर अन्यलाई पनि सर्वप्रिय पात्र बन्न प्रोत्साहित गर्न | १. हामीले किन ढाँट्नु हुँदैन ?<br>२. हामीले आफूभन्दा सानालाई किन माया गर्नुपर्छ ?<br>३. हामीले आफूभन्दा ठूलालाई किन माया गर्नुपर्छ ?<br>४. हामीले किन सबैको प्यार बन्ने कोशिस गर्नुपर्छ ?<br>५. तपाईंलाई मन पर्ने बानी के के छन् ? लेख्नुहोस्। | |

**शिवसताक्षीको पहिचान** (**स्थानीय पाठ्यक्रम**), **कक्षा ३**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो नगरको परिचय | १. आफू बसेको वडाका सामान्य परिचय बताउन | १. वडाको सामान्य परिचयसहित वडा अध्यक्ष र वडा सदस्यको नाम | १. विद्यार्थीलाई वडाको परिचय पालैपालो सोध्ने र आफूले टिपोट गर्ने<br>२. वडाध्यक्ष र सदस्यहरूको नाम सोध्ने र आफूले मोबाइल ल्यापटप आदिमा ल्याएका तस्बिरहरूलाई मल्टीमिडियामार्फत प्रदर्शन गर्ने<br>३. वडाका जनप्रतिनिधिहरूको सूची प्रदर्शन गरी टिप्न लगाउने | १. तपाईंको वडा वरिपरि कुन कुन वडा पर्दछन् ?<br>२. तपाईंको वाडका वडाध्यक्ष र वडा ३. सदस्यहरूको नाम के हो ?<br>तपाईंको वडा कार्यालय क पर्दछ ?<br>मौखिक र लिखित प्रश्न | ३२ |
| | २. आफ्नो वडाभित्र रहेका मुख्य भौतिक पक्ष तथा सङ्घसंस्थाको वर्णन गर्न | २. वडामा रहेका बाटा, सङ्घसंस्था, विद्यालय, सरकारी कार्यालय, बजार आदि | १. वडामा रहेका भौतिक वस्तु र सङ्घसंस्थाबारे मौखिक रूपमा वर्णन गर्न लगाउने,<br>२. वडामा रहेका सङ्घसंस्थाहरूसम्बन्धी मल्टीमिडियामार्फत विभिन्न सामग्री प्रस्तुत गर्दै अवधारणा बनाउने | १. तपाईंको वडामा पर्ने विद्यालयहरूको नाम के के ?<br>२. तपाईंको वडामा पर्ने सङ्घसंस्थाको नाम लेख्नुहोस्।<br>३. तपाईंको वडामा भएको कुनै दुई सरकारी कार्यालयको नाम लेख्नुहोस्।<br>(मौखिक र लिखित प्रश्न | |
| | ३. आफ्नो वडाको प्राकृतिक स्वरूप, सामाजिक रहनसहन, वडाका महत्त्वपूर्ण | ३. आफ्नो वडाको भौतिक नक्सा -प्राकृतिक वस्तु र वडाका मुख्य ठाउँसहित) | १. आफ्नो वडाको नक्सामा वडाभित्रको मुख्य प्राकृतिक स्थान अभ्यास गराउने<br>२. आफ्नो वडाका केही स्थानको | १. वडाको नक्सामा वडा कार्यालय देखाउनुहोस्।<br>२. तपाईंको वडामा पर्ने मैदानको नाम बताउनुहोस्। | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | स्थान र वडाको सामान्य आकृति नक्सा कोर्न | | नमुना भ्रमण गराई मुख्य कुरा टिपोट गर्न लगाउने | (मौखिक, लिखित प्रश्न र परियोजना | |
| २.स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | ४. समुदायमा प्रचलित चाडपर्वहरूको सामान्य परिचय दिन | ४. हाम्रो समुदायमा मनाइने चाडपर्व (विद्यार्थीहरू रहेको समुदायमा प्रचलित चाडपर्वहरू,<br>जस्तैः छठ, फागु, माघी, लोदी पूजा, कोनी पूजा) | १. विद्यार्थीको समुदायमा प्रचलित चाडपर्वको बारे परिचय<br>भिडियो सामग्री र तस्बिरहरू प्रदर्शन गर्ने<br>२. त्यहाँका गतिविधिलाई छोटकरीमा वर्णन गर्न लगाउने । | १. तपाईंको समुदायमा कुन कुन चाडपर्वहरू मनाइन्छन्?<br>२. तपाईंको समुदायमा रहेका ........ चाडपर्व कसरी मनाइन्छ ?<br>(मौखिक तथा लिखित प्रश्न) | ४८ |
| | ५. नगरभित्रका विभिन्न जातजातिले लगाउने जातीय पहिरनको वर्णन गर्न | ५. नगरका समग्र जातजातिले लगाउने पोसाक र गगहना ( मोहोर हारी, कल्ली, बुलाकी, ढुङ्ग्री, शिरबन्दी, बाहाँ, पुरानो चलनको ट्याटु ) | १. विद्यार्थीलाई व्यक्तिगत रूपमा विभिन्न जातिले लगाउने जातीय पहिरनबारे मौखिक रूपमा व्यक्त गर्न लगाउने,<br>२. विभिन्न समुदायको बसोवास भएका ठाउँमा विद्यार्थीलाई भ्रमण गराई विभिन्न पोसाकबारे जानकारी लिन लगाउने,<br>३. जातीय पहिरनको चित्र तथा भिडियो प्रस्तुत गर्ने | १.समुदायमा लगाइने कुनै जातिको जातीय पोसाकको नाम, गरगहनाको नाम र लगाउने तरिका बताउनुहोस्।<br>२. नगरमा प्रचलित जातीय पहिरनका पाँच ओटा नाम बताउनुहोस्।<br>(मौखिक, लिखित र परियोजन कार्य) | |
| | ६. स्थानीय मातृभाषाका सम्मानबोधक शब्दहरूको | ६. मातृभाषाका सम्मानबोधक शब्दहरूः (अभिवादन, धन्यवाद, स्वागतम्, शुभ | १. नगरमा बोलिने विभिन्न मातृभाषाका सम्मान जनाउने शब्दहरू विद्यार्थीलाई सोध्ने, टिर्पोट गर्ने र | १. तलका शब्दलाई तपाईंको मातृभाषमा के भनिन्छ ? लेख्नुहोस्। | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | सूची बनाउन | जन्मोत्सव, शुभ विवाह, आशीर्वाद, शुभाशीष, तपाईं, हजुर, क्षमायाचनालगायत आदर सत्कारका तरिका | तालिकीकरण गर्ने<br>२. शिक्षकले भिडियो सामग्री र शब्दपत्तिका माध्यमबाट त्यस्ता शब्दको उच्चारण अभ्याससमेत गराउने | नमस्कार, धन्यवाद.......<br>(मौखिक तथा लिखित प्रश्न | |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ७. आफ्नो नगरभित्र सञ्चालित व्यवसायको नाम बताउन<br>८. व्यवसायको आवश्यकता र महत्त्व बताउन | ७. हाम्रो नगरका व्यवसायहरू (अगरवत्ती उद्योग, ढाका कपडा, सिलाइबुनाइ, कुखुरापालन, बाख्रापालन, फलफुल खेती)<br>८. व्यवसायको महत्त्व (परिचय, आवश्यकता र महत्त्व)<br>९. मेरो व्यवसाय :गाईपालन | १.. विभिन्न प्रकारका उद्योग तथा व्यवसायसँग सम्बन्धित चित्रहरू कक्षाकोठामा प्रदर्शन गर्ने,<br>२. चित्रमा देखिएका उद्योग तथा व्यवसायको नाम भन्न लगाउने,<br>३. विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी आपसमा फलफल गराएर परिचय, आवश्यकता र महत्त्वबारे सूची तयार पर्ने लगाउने<br>४. आफ्ना बुबाआमा वा अभिभावकसँग सोधेर गाईपालनका फाइदा, दूध र यसका दूधका परिकार, गहुँत, गोबरको उपयोगिता आदिबारे लेखेर ल्याउन लगाउने | १. तपाईंको घरनजिकै रहेका कुनै ५ वटा व्यवसायिक संस्थाको नाम लेख्नुहोस्।<br>२. व्यवसाय गर्दा के फाइदा हुन्छ ?<br>३. परियोजना कार्य: विद्यालय नजिकको कुनै कुखुराफार्ममा भ्रमण गई कुखुराको मासु र अण्डाको फाइदाका बारेमा लेख्नुहोस् । | ३२ |
| ४. नैतिक शिक्षा | ९. समाजका मानिसहरूलाई आदर-सम्मान गर्न र | १०. समाजमा रहेका विभिन्न जातजाति तथा धर्म-संस्कृतिका गुरु-पुरोहितहरू, समाजका | १. कक्षामा विद्यार्थीहरूलाई गुरु, पुरोहित, शिक्षक, व्यापारी, नेता, प्रहरी आदिको अभिनय गर्न लगाएर | १. विद्यार्थीहरू समाजका कुन वर्गका मानिसलाई कसरी र कुन स्तरको अभिवादन गर्छन् | ४८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | समाजबारे जानकारी लिन | अगुवा, साना तथा ठुला विभिन्न पेसागत ओहदाका व्यक्तित्वहरू, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग आदि) | ओहदा अनुसारको सम्मान गर्न सिकाउन<br>२. समाजमा पिछडिएका, अशक्त, अपाङ्ग, वृद्धवृद्धा आदिलाई कसरी माया र सम्मान गर्न सकिन्छ भन्नेबारे अभिनय तथा छलफलका माध्यमबाट चर्चा गरी जानकार बनाउने | भन्नेबारे प्रश्न गर्ने<br>२. तिम्रो समाजमा के-कस्ता व्यक्तिहरुको बसोबास रहेका छ ?<br>३. हामीले वृद्धवृद्धा, बालबालिका, अशक्त र अपाङ्गलाई किन माया गर्नुपर्छ ? | |
| | १०. सामाजिक सम्पतिको संरक्षण र संवर्द्धन गर्न | ११.गाउँ-समाजका सार्वजनिक सम्पत्तिहरू, मठ-मन्दिर, धार्मिक तथा सामाजिक सङ्घसंस्था, स्थानीय क्लबहरू, पाटीपौवा, स्वास्थ्यचौकी, पुस्तकालय आदि | १. विद्यार्थीहरूलाई उनीहरूको -गाउँसमाजमा रहेका धार्मिक तथा सामाजिक सङ्घसंस्था, मठ-मन्दिर आदिको नाम भन्न लगाउने र ती सार्वजनिक सम्पतिहरू उनीहरू के-कसरी प्रयोग गर्दै आइरहेका छन् भन्नेबारे छलफल गर्ने<br>२. कक्षामा नमूना बालक्लव गठन गराई त्यसले समाजमा पुऱ्य योगदानबारे चर्चा गर्ने<br>३. पुस्तकालयको अवलोकन गराई त्यसको महत्त्वबारे चर्चा गर्ने | १. तपाईंको गाउँ-समाजमा रहेका पाटीपौवा र मठ-मन्दिरहरूको नाम भन्नुहोस्।<br>२. तपाईंले जानेका स्वास्थ्य संस्थाहरूको नाम भन्नुहोस्।<br>३. बालक्लव भनेको के हो<br>४. हामीले किन पुस्तकालयको संरक्षण गर्नु ? पर्छ ? | |
| | ११. नैतिक आचरणको विकास गर्न | १२. रिसाउनु नहुने नीतिकथा असल, ज्ञानी, हँसिलो, | १. रिसाउनु, ढाँट्नु, लोभ गर्नु, चोर्नु, छल्नु, कसैलाई दुःख दिनु आदि | १. हामीले किन रिसाउनु हुदैन ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | मिजासिलो, इमान्दार, सर्वप्रिय, आदर्श, नैतिकवान्, चरित्रवान् आदि | क्रियाकलापहरू गलत हुन भन्नेबारे कक्षामा कथामार्फत् उदाहरण प्रस्तुत गर्ने<br>२. आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्नुपर्छ भावनाको विकास गराउने<br>३. कक्षामा रहेका सहयोगी, मिलनसार, कर्तव्यनिष्ठ विद्यार्थीहरू उदाहरण दिएर अन्यलाई पनि सबैको प्रियपात्र बन्न प्रोत्साहित गर्न | २. हामीले आफूभन्दा सानालाई किन माया गर्नुपर्छ ?<br>३. हामीले आफूभन्दा ठूलालाई किन माया गर्नुपर्छ ?<br>४. हामीले किन सबैको प्रिय बन्ने कोशिस गर्नुपर्छ ?<br>५. तपाईँलाई मन पर्ने व्यक्तिहरूको नाम लेख्नुहोस्। | |

## शिवसताक्षीको पहिचान (स्थानीय पाठ्यक्रम),  कक्षा ४

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो नगरको परिचय | १. आफ्नो नगरको भौगोलिक स्वरूपहरू उल्लेख गरी विशेषता बताउन | १. आफ्नो नगरको भौगोलिक स्वरूप (नगरको प्राकृतिक, वन क्षेत्र, खोलानाला, सिमाना आदि ) | १.आफ्नो नगरपालिकाको राजनैतिक र प्राकृतिक नक्सा प्रदर्शन गर्ने<br>२. नक्सामा राजनैतिक र प्राकृतिक कुरा बताइदिने र विद्यार्थीलाई टिपोट गर्न लगाउने<br>३. राजनैतिक र प्राकृतिक कुराबारे विद्यार्थीबिच छलफल गराउने | १. तपाईं नगरको प्राकृतिक स्वरूपबारे तीन वाक्यमा लेख्नुहोस् ।<br>२. तपाईंको नगरपालिका वरिपरि पर्ने पालिकाको नाम लेख्नुहोस् ।<br>३. तपाईंले यस नगरका कुन कुन ठाउँ घुम्नुभएको छ र ती कस्ता छन् ?<br>(मौखिक, लिखित प्रश्न र परियोजना कार्य) | |
| | २. आफ्नो वडाको नक्सा बनाई वडामा रहेका महत्त्वपूर्ण तथ्यहरू भर्न | २. वडा स्तरको नक्साङ्कन विद्यालय, नदीनाला, धार्मिक क्षेत्र, वनजङ्गल आदि) | १. वडाको नक्सा बनाउन लगाई केही प्रसिद्ध ठाउँहरू कहाँ पर्छन् भनी सोध्दै भर्न लगाउने<br>२. वडाको वरिपरि पर्ने अन्य वडाहरू पत्ता लगाउन अभ्यास गराउने<br>३. वडाभित्र भएका विद्यालय, नदीनाला, वनजङ्गल, धार्मिक क्षेत्र आदि शिक्षकको सहजीकरणमा टिपोट गर्न लगाउने | १. तपाईंको वडामा पर्ने धार्मिक क्षेत्रको नाम के हो ?<br>२. तपाईंको वडामा पर्ने खोलाको नाम के हो ?<br>३. तपाईंको वडामा पर्ने बजारको नाम लेख्नुहोस् ।<br>४.तपाईंको वडामा रहेका कार्यालय, मठमन्दिर र नदीनालाको सूची बनाई | ४८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | | वडाको नक्सामा भर्नुहोस् । (मौखिक, लिखित पश्न र परियोजना कार्य) | |
| | ३. आफ्नो नगरको नक्सामा महत्त्वपूर्ण तथ्यहरू उचित स्थानमा भर्न | ३. नगरको नक्सा अध्ययन ( नदी, खोला, वनक्षेत्र, धार्मिक पर्यटन क्षेत्र, मुख्य बजार आदिको नामाङ्कन) | १. नगरको नक्सा बनाउन शिक्षकले अभ्यास गराउने<br>२.सो नक्सामा मुख्य तथ्यहरू कहाँ पर्छन् भनी सोध्दै नक्सामा देखाउन लगाउने र भर्दै जाने<br>३. विद्यार्थीलाई नगरको नक्सा बनाउन लगाई नगरपालिकाको कार्यालय, सतासीधाम, माईधाम, चिल्लागढ जस्ता प्रसिद्ध स्थान भर्न लगाउने | १. नगरपालिकाको नक्सामा निम्न ठाउँहरू भन्नुहोस् : सतासीधाम, दोमुखा, चिल्लागढ, दुधे, शिवगन्ज आदि ।<br>२. तपाईंको नगरपालिकामा सबैभन्दा पूर्वमा कुन नदी पर्दछ ?<br>(मौखिक, लिखित प्रश्न र स्थल अवलोकन) | |
| २. स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | ४. समुदायमा प्रचलित विभिन्न जातजातिका संस्कृतिको सामान्य परिचय दिन | ४. हाम्रो समुदाय र संस्कृति सन्थाल, ताजपुरिया र राजवंशी, भुजेल, गनगाईं, नेवार) | १. सन्थाल, ताजपुरिया, धिमाल र राजवंशी समुदायका संस्कृति, प्रचलन र खानपिन के कस्ता छन् भनी प्रश्न गर्ने<br>२. ती जातिका सांस्कृतिक गतिविधि र खाद्य परिकारको लिखित सामग्री, भिडियो, तस्बिर र मोबाइलमार्फत प्रस्तुत गर्दै जानकारी प्रदान गर्ने | १. ताजपुरियाले के कस्ता संस्कृति मनाउँछन् ?<br>२. सन्थालका सांस्कृतिक गतिविधि के के हुन् ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | ५. स्थानीय मातृभाषामा बोलिने दैनिका व्यवहारका शब्दहरू उल्लेख गर्न | ५. स्थानीय मातृभाषाका दैनिक प्रयोगका शब्दहरू (लिम्बु, राई, सुनुवार, याक्खा, राजवंशी, ताजपुरिया, सन्थाली, नेवारी भाषामा घर, आँगन, बजार, पाहुना, खाना वा भात, पानी, आगो, दुध, कपडा, सब्जी आदि) | १. दैनिक प्रचलनमा आउने शब्दहरू उल्लेख गरी आफ्नो मातृभाषामा के भनिन्छ भनी विद्यार्थीलाई प्रश्न गर्ने<br>२. त्यस्ता शब्दहरूको सूची समेटिएको चार्ट, लिखित सामग्री वा भिडियो सामग्री प्रस्तुत गर्दै समग्र आधार बनाई मातृभाषी शब्दहरूको अवधारणा बसाउने । | १. तलका शब्दहरूलाई विभिन्न मातृभाषा के भनिन्छ ? बाटो, आमा, घाम, भाँडा, बच्चा, गाई<br>२. तलका मातृभाषाका शब्दहरूलाई नेपालीमा के भनिन्छ ? खराक, खमे, ओडा, नोगेन, ............<br>(मौखिक तथा लिखित प्रश्न) | |
| | ६. नगरभित्रका केही धार्मिक तथा सांस्कृतिक स्थलहरूको संक्षिप्त परिचय दिन | ६. हाम्रो नगरका धार्मिक तथा सांस्कृतिक स्थलहरू (मन्दिर, गुम्बा, चर्च, माङ्हिम, माङ्खिम, ष्याँदर खिँ, ......आदि स्थलहरू) | १. नगरभित्रका विभिन्न समुदायमा आधारित धार्मिक तथा साँस्कृतिक स्थलहरूको सचित्र सङ्क्षिप्त परिचय दिने<br>२. विद्यार्थीलाई आफ्नो क्षेत्रमा रहेका र देखेका धार्मिक स्थलहरूको नाम सोध्ने र त्यहाँ हुने क्रियाकलापबारे मौखिक वर्णन गर्न लगाउने<br>३. ती स्थलहरूको संरक्षणका लागि विद्यार्थीमा सकारात्मक धारणा जागृत गराउने । | १. माङ्हिम कुन समुदायको धार्मिक स्थल हो ?<br>२. मन्दिर, मस्जित, ष्याँदर खिँ, माङ्खिम, चर्च कुन कुन समुदायका धार्मिक स्थलहरू हुन् ?<br>३. तपाईं बसेको वडामा कुन कुन धार्मिक स्थलहरू छन् ?<br>४. धार्मिक तथा साँस्कृतिक स्थलहरूको संरक्षण किन गर्नुपर्छ ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| ३.स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ७. स्थानीय उत्पादन र प्रविधिको सङ्क्षिप्त परिचय दिन<br>८. स्थानीय प्रविधिको प्रयोग गर्ने बानीको विकास गर्न | ७. हाम्रो उत्पादन: हाम्रो चिनारी (बाँसका सामान माटाको भाँडो, गमला, खुत्रुके, ढाकाको कपडा, सुपारीको टपरी, अचार, खुवा, खुकुरी)<br>८. हाम्रा परम्परागत प्रविधिहरु आरन, ढिकी, जाँतो, कपडा, गुन्द्री बुन्ने तान, डोको, डालो, भकारी, बनाउने सिप) | १. विद्यार्थीलाई उनीहरूको घरपरिवारमा उपलब्ध हुने प्रविधिहरू के के छन् भनी सोध्ने र त्यस्ता सामग्रीहरू टिपोट गर्दै जाने<br>२. शिक्षकले स्वनिर्मित सामग्रीको प्रदर्शका माध्यमबाट स्थानीय प्रविधिबारे जानकारी प्रदान गर्ने | १. तपाईंको घरमा के के वस्तु उत्पादन हुन्छन् ?<br>२. प्रविधि भन्नाले के बुझिन्छ ?<br>३. जाँतोमा के गरिन्छ ?<br>४. परियोजना कार्य : आफ्नो बुबा आमासँग ढिकीका बारेमा सोधेर त्यसको प्रयोगका बारेमा सचित्र एउटा लेख तयार पार्नुहोस् ।<br>(लिखित तथा मौखिक प्रश्न) | |
| ४. पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन | ९. आफ्नो घर र विद्यालय वरिपरिका रमणीय स्थलहरूका बारेमा बताउन | ९. मेरो घर र विद्यालय आसपासका रमणीय स्थलहरू मठ, मन्दिर, रङ्गशाला, गौशाला, कवर्डहल, रमितेडाँडा, धार्मिक तथा पर्यटकीय स्थल आदि) | १.घर र विद्यालय वरिपरिका स्थान अवलोकन गराउने<br>२.रमणीय स्थानहरुबारे अन्तर्क्रिया गर्ने<br>३.स्थानीय स्तरका पर्यटकीय स्थलको श्रव्य-दृश्य सामग्री निर्माण तथा आदन-प्रदान गर्ने । | १. वडाभित्रका रमणीय स्थानहरु के के हुन् ?<br>२.सताक्षीधाम कस्तो पर्यटकीय स्थल हो ?<br>३. माइधाम कुन ठाउँमा छ ?<br>४. रमिते डाँडा कुन ठाउँमा पर्छ ? | |
| | १०. व्यक्तिगत सरसफाइमा सरिक हुन | १०. मेरो शरीरको हेरचाह एवम् सरसफाइ (खाना खानुअघि र पछि हात धुने, | १. व्यक्तिगत सरसफाइ अन्तर्गत के-के कुरा पर्दछन् भनी छलफल गराउने<br>२. व्यक्तिगत सरसफाइ अन्तर्गत | १. प्रयोगात्मक मूल्याङ्कन:<br>- साबुनपानीले हात धुन लगाउने<br>- सफा र फोहोरी | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | नियमितरुपले नुहाउने, शारीरिक अङ्गहरू सरसफाइ, ओछ्यान, कपडा, शौचालय, कोठा, भान्सा, घर आदि) | आफूले गर्ने क्रियाकलापको सूची तयार गर्न लगाउने<br>३. व्यक्तिगत सरसफाइ सम्बन्धी प्रश्नोत्तर गर्ने । | मानिसहरूको चित्र अवलोकन गराइ प्रश्नोत्तर गर्ने ।<br>२. आफूले प्रयोग गर्ने सर-सामानहरूको सूची तयार गर्नुहोस् । | |
| | ११. आफ्नो घर र विद्यालय वरिपरि रहेका काम लाग्ने र नलाग्ने वस्तुहरूको पहिचान | ११. मेरो घर र विद्यालय आसपास रहेका वस्तुहरू ( कागज, प्लाष्टिक, सलाइको खोल, फलफुलको बोक्रा, रुखका पातहरू, सिसा, डेस्कबेन्च, सेतो पाटी धातुजन्य वस्तु आदि) | १. विद्यार्थीहरूलाई आपसमा छलफल गराइ कामलाग्ने र नलाग्ने कुराहरूको सूची बनाउन लगाउने<br>२. विषयवस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने<br>३. सङ्कलित सामग्रीहरूलाई शिक्षकको सहयोगमा वर्गीकृत गर्न लगाउने । | १. प्रयोगात्मक रुपमा वस्तु सङ्कलन गरी काम लाग्ने र नलाग्ने छुट्याउन लगाउने र प्रश्नोत्तर गर्ने ।<br>२. गुण मिल्ने र नमिल्ने वस्तुबारे प्रश्नोत्तर गर्ने । | |
| ५. स्थानीय सङ्घ संस्था था महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व | १२. स्थानीय सङ्घ संस्थाहरूको सामान्य परिचय दिन | १२. स्थानीय सङ्घसंस्थाको परिचय (टोल, वार्डका क्लव, आमा समूह, कृषि समूह, बाल संजाल) | १. संस्थाका नाम, चित्र, वर्णन र परिचय दिदै संस्थाका परिचय बताउन र लेख्न लगाउने<br>२. आमा समूह, कृषि समूह, बाल सञ्जालको सामान्य परिचय दिने | १. तपाईँको टोल वार्डमा भएका सङ्घ संस्थाका नामहरू के के हुन् ? (लिखित र मौखिक प्रश्न) | |
| | १३. स्थानीय प्रतिभाहरूको सामान्य परिचय दिन | १३. स्थानीय महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व (कवि, गीतकार, गजलकार, खेलाडी, अभियन्ता, प्रतिभावान व्यक्तिहरू) | १. स्थानीय प्रतिभाहरूको नामहरू, तस्वीरहरू, परिचय र भूमिका छलफल गराउने<br>२. स्थानीय कवि, गीतकार, गजलकार, | १. तपाईँको स्थानीय तहभित्र रहेका कवि, गीतकार, खेलाडीका नामहरू के के हुन् ? (अवलोकन, लिखित, | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | खेलाडी, गायकका बारेमा सामान्य परिचय दिन लगाउने | मौखिक प्रश्न) | |
| ६. नगर गौरव तथा पूर्वाधार विकास आयोजना | १४. नगर गौरव आयोजनाको अर्थ, महत्त्व वताउन र तीनको सूची तयार गर्न | १४. नगर गौरवका आयोजनाहरू (गौरव आयोजनाको अर्थ, महत्त्व र सूची) | १. नगर गौरवका आयोजनाहरूको सूची पढ्न लगाउने<br>२. नगर गौरवका आयोजनाहरूको महत्त्व भन्न लगाउने | १. नगर गौरव आयोजना भनेको के हो ?<br>२. नगर गौरवका आयोजनाहरूको सूची वनाउनुहोस् । | |
| | १५. सुरक्षाको अर्थ र महत्त्व वताउन साथै नगरभित्र शान्ति सुरक्षाका युनिटहरूको अवस्थाका वारेमा वताउन | १५. आजको आवश्यकता, शान्ति सुरक्षा (शान्ति सुरक्षा-प्रहरी, चोरी, लुटपात, झै-झगडा, आक्रमण ) | १. गाउँघरमा सुरक्षा किन र के का लागि चाहिन्छ, उत्तर भन्न लगाउने । | १. गाउँघरमा प्रहरी किन चाहिन्छ ? | |
| ७. नैतिक शिक्षा तथा आयुर्वेद | १६. शिष्ट बोलीवचनका साथ सार्वजनिक स्थलहरूमा सम्पूर्ण व्यक्तिहरूलाई स्तरअनुसारको आदर, सम्मान गर्न | १६. सार्वजनिक स्थलहरू ( मठ- मन्दिर, गुम्बा, चर्च, यातायात, सार्वजनिक शौचालय, पुस्तकालय, स्वास्थ्यचौकी, हाटबजार आदि)<br>१७. गाउँ-समाज तथा सार्वजनिक स्थलका विभिन्न वर्ग तथा स्तरका व्यक्तित्वहरू विभिन्न जातजाति र | १. विद्यार्थीहरूलाई उनीहरूको गाउँ-समाजमा रहेका सार्वजनिक स्थलहरूको नाम भन्न लगाउने र त्यस्ता स्थलहरूको प्रयोगबारे उनीहरूका अनुभवहरूमाथि छलफल गर्ने ।<br>२. कक्षामा विद्यार्थीहरूलाई विभिन्न धर्मका पुरोहित, भजन गायक, वाद्यवादक, श्रद्धालु भक्तजन, व्यापारी, शिक्षक, कर्मचारी, प्रहरी आदिको | १. भिडमा कसैसँग बाटो माग्दा के भन्नुहुन्छ ?<br>२. मन्दिर तथा माङ्हिमका गुरुहरूलाई कसरी अभिवादन गर्नुहुन्छ ?<br>३. सार्वजनिक स्थलमा फोहोर गर्दा कस्तो समस्या आउँछ ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | धर्म-संस्कृतिका पुरोहितहरू, सामाजिक व्यक्तित्व, प्रहरी, अगुवा, शिक्षक, कर्मचारी, व्यापारी आदि)<br>१८. स्तर अनुसारका विभिन्न अभिवादनहरू (नमस्कार, अभिवादन, दर्शन, प्रणाम, राम- राम, सेवारो, ढोग आदि) सार्वजनिक स्थलहरूको सरसफाइ तथा संरक्षण) | अभिनय गर्न लगाएर तिनीहरूलाई ओहदा अनुसारको सम्मान गर्न सिकाउने ।<br>३. विभिन्न चाडपर्व तथा सामाजिक उत्सवका अवसरमा देखिने सामाजिक व्यक्तित्वहरूप्रति स्तर अनुसारको आदरभाव र अभिवादन प्रकट गर्न<br>४. सार्वजनिक स्थलको महत्त्व र त्यसको संरक्षणबारे चर्चा गर्ने | | |
| | १७. स्थानीय जडिबुटीहरूको महत्त्व र संरक्षणबारे बताउन | १९. स्थानीय जडिबुटीहरू ( तुलसी, बोजो, आदि) को प्रयोग, महत्त्व र संरक्षण | १. विद्यार्थीहरूलाई स्थानीय जडिबुटीहरूको नाम भन्न लगाउने<br>२. सम्बन्धित जडिबुटी प्रत्यक्ष रुपमा अवलोकन गराएर त्यसबारे चर्चा गर्ने<br>३. जडिबुटीहरू प्रयोगबारे विद्यार्थीहरूका अनुभवहरू माथि छलफल गर्ने र आवश्यक निर्देशन गर्ने<br>४. आधुनिक चिकित्सा पद्धति र आयुर्वेदिक चिकित्सा पद्धतिबिचका फरकहरू माथि चर्चा गरी जडिबुटीको प्रयोग र यसका सावधानीहरू माथि छलफल गर्ने | १. तपाईंको घर-आँगनमा कुन- कुन जडिबुटीहरू रहेका छन् ?<br>२. तपाईंले प्रयोग गर्नुभएको कुनै जडीबुटीको नाम लेख्नुहोस् ।<br>३. हामीले किन जडिबुटीको संरक्षण गर्नुपर्छ ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | १८. नैतिक आचरणको विकास गर्न | २०. नीतिकथा (खराब काम नगर्ने नीतिकथा, असल, ज्ञानी, हँसिलो, मिजासिलो, इमान्दार, सर्वप्रिय, आदर्श, नैतिकवान्, चरित्रवान् आदि) | १. खराम काम नगर्ने, नरिसाउने, नढाँट्ने, दानी, नचोर्ने, नछल्ने, कसैलाई अनावश्यक कष्ट नदिने आदि कक्षामा नीतिकथामार्फत् उदाहरण प्रस्तुत गर्ने<br>२. आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्नुपर्छ भन्ने भावनाको विकास गराउने<br>३. कक्षामा रहेका सहयोगी, मिलनसार, कर्तव्यनिष्ठ विद्यार्थीहरूको उदाहरण दिएर अन्यलाई पनि सर्वप्रिय पात्र बन्न प्रोत्साहित गर्ने | १. हामी किन खराब कामबाट टाढा रहनुपर्छ ?<br>२. हामीले आफूभन्दा ठुलालाई सम्मान गर्दा के पाउँछौं ?<br>३. हामी कसरी सबैको प्यारो बन्न सक्छौं ? | |

## शिवसताक्षीको पहिचान (स्थानीय पाठ्यक्रम), कक्षा ५

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो नगरको परिचय | १. नगरपालिकाको जनसङ्ख्या बताउन | १. शिवसताक्षी नगरपालिकाको जनसङ्ख्या (वडागत, महिला, पुरुष, जम्मा) | १. आफ्नो नगरपालिकाको जनसङ्ख्या शिक्षकको सहयतामा टिपोट गर्न लगाउने,<br>२. वडागत जनसङ्ख्यालाई पनि शिक्षकको सहायतामा टिपोट गराउने<br>३. वडागत महिला, पुरुषको जनसङ्ख्यासमेत तथ्यका आधारमा जानकारी गराई थप अभ्यास गराउने | १. तपाईंको वडाको जनसङ्ख्या बताउनुहोस् ।<br>२. नगरपालिकाको जनसङ्ख्या कति छ ?<br>३. शिवसताक्षी नगरपालिकाको महिला, पुरुषको जनसङ्ख्या कति छ ? (मौखिक र लिखित प्रश्न) | २० |
| | २. नगरपालिकाको नक्सा बनाई वरिपरि पर्ने सिमाना उल्लेख गर्न | २. नगरको नक्साङ्कन र चारैतर्फ पर्ने सिमाना | १. नगरपालिकाको नक्सा निर्माणको अभ्यास गराउने<br>२. नक्सामा चारैतर्फ पर्ने सिमानाबारे जानकारी प्रदान गर्ने<br>३. नक्सामा सो कुरा भर्न लगाउने | १. हाम्रो नगरपालिकाको .. ..दिशामा कुन ठाउँ पर्दछ ?<br>२. हाम्रो नगरपालिकाको नगरको चारैतर्फ पर्ने सिमाना बताउनुहोस् ।<br>३. हाम्रो नगरपालिकाको पूर्व र पश्चिममा पर्ने नदीको नाम लेख्नुहोस् ।<br>(मौखिक र लिखित प्रश्न) | |
| | ३. नगरपालिकामा पर्ने मुख्य मुख्य स्थानहरू बताउन | ३. नगरपालिकामा पर्ने मुख्य स्थानहरू -सताक्षीधाम, दोमुखा, चिल्लागढ, माईधाम, | १. नगरभित्र पर्ने मुख्य स्थान कहाँ पर्छ भनी सोध्दै टिपोटसमेत गर्ने<br>२. गुगल नक्सा तथा शिक्षक निर्मित | १. हाम्रो नगरपालिकामा पर्ने कुनै दुई धार्मिक क्षेत्रको नाम लेख्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | शिवगन्ज, दुधे, झिलझिले, धरमपुर, जनता, मङ्गलबारे, विश्वडुबा | सामग्रीका माध्यमबाट नगर क्षेत्रमा पर्ने मुख्य स्थान बताउँदै छलफल गराउने<br>३. सताक्षीधाम, दोमुखा, चिल्लागढधाम, शिवगन्ज आदिको प्रसिद्धिबारे प्रस्ट पार्ने | २. कुनै दुई बजारको नाम लेख्नुहोस् ।<br>३. हाम्रो नगरपालिकामा पर्ने प्रसिद्ध स्थान के के हुन् ?<br>(मौखिक र लिखित प्रश्न) | |
| २. स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | ४. नगरभित्रका विभिन्न जातजातिले मनाउने चाडपर्वहरूको वर्णन गर्न | ४. हाम्रो नगरमा प्रचलित चाडपर्व (मगर, माझी, मुस्लिम, गुरुङ, नेवार, तामाङ, भुजेल, जातिका चाडपर्व र खानपिन) | १. सम्बद्ध जातिका चाडपर्वहरू, ती पर्वमा गरिने क्रियाकलाप र विशेष अवसरमा खाइने परिकारका बारे विद्यार्थीहरूलाई प्रश्न गर्ने र प्राप्त कुराको टिपोट गर्ने<br>२. विद्यार्थीलाई निकट समुदायको चाडपर्व र खानपिनका बारेमा सामग्री तयार पार्न लगाउने<br>३. विद्यार्थीहरूलाई समूह समूहमा विभाजन गरी चित्र वा लेख्य सामग्री प्रस्तुत गर्न लगाउने<br>४. छिमेकी विद्यालयहरूसँग सम्बद्ध जातिसँग सम्बन्धित सामग्रीहरू निर्माण गरी आदानप्रदान गर्ने | १. माझी जातिको मुख्य चाड के हो ?<br>२. नेवार जातिले मनाउने चाडपर्वहरू के के हुन् ? उनीहरूले चाडपर्वमा के के खाने चलन छ ?<br>३. तपाईंको समुदायको कुनै एक चाडपर्वका बारेमा बताउनुहोस् ।<br>४. परियोजना कार्य : आफ्नो समुदायमा मनाइने चाडपर्वको बारेमा निबन्ध लेख्नुहोस् ।<br>(मौखिक तथा लिखित प्रश्न) | |
| | ५. स्थानीय मातृभाषामा आधारित छोटा छोटा संवाद गर्न | ५. मातृभाषामा संवाद ( सन्थाली, ताजपुरिया र राजवंशी भाषामा संवाद | १. तोकिएको मातृभाषामा यथासम्भव विद्यार्थी-विद्यार्थी बिच संवाद गराउने<br>२. शिक्षकले छोटाछोटा संवादको | १. आफ्नो मातृभाषामा छोटो संवाद गर्नुहोस् ।<br>२. तलको राजवंशी | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | नमूना तयार पारी अभ्यास गराउने<br>३. पाठगत सामग्रीलाई सम्बन्धित मातृभाषीहरूबाट संवाद गरेको रेकर्ड गरी कक्षामा प्रस्तुत गर्ने<br>४. मातृभाषाइतरका विद्यार्थीहरूलाई पनि अन्य मातृभाषाको संवाद अभ्यास गर्न प्रेरित गर्ने । | भाषाको संवादमा खाली ठाउँ पूरा गर्नुहोस् :<br>अरुणा : तुइ कुन स्कुलदात् पढ्चिस् ?<br>दिपिका : मुई .............<br>अरुणा : कतेक कक्षादात् पढ्चिस् ?<br>दिपिका : ....................<br>अरुणा : तोर घर कुना छुकु ?<br>दिपिका : .....................<br>(मौखिक तथा लिखित प्रश्न) | |
| | ६. नगरभित्रका विभिन्न जातजातिहरूको सामान्य परिचय दिन | ६. हाम्रो नगरका जातजातिहरू सबै जातजातिहरूको संक्षिप्त परिचय) | १. विद्यार्थीलाई आफ्नो जातिको बारेमा परिचय दिन लगाउने<br>२. नगरभित्र बसोबास गर्ने विभिन्न जातजातिको परिचय दिने<br>३. चित्र सङ्कलन गरी जातीय परिचय प्रस्तुत गर्न लगाउने र शिक्षकले पृष्ठपोषण दिने । | १. शिवसताक्षी नगरपालिकामा बसोबास गर्ने कुनै पाँच जातजातिहरूको नाम भन्नुहोस् ।<br>२. तपाईंको कक्षामा कुन कुन जातजातिका साथीहरू छन् ? सूची बनाउनुहोस् ।<br>३. माझी जातिको छोटो परिचय दिनुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | ७. नगरभित्रका धार्मिक तथा सांस्कृतिक स्थलहरूको विस्तारित परिचय दिन | ७. हाम्रो नगरका प्रसिद्ध धार्मिक तथा सांस्कृतिक स्थलहरू (किराँत धार्मिक स्थल- झिलझिले, माइधाम, माइगुम्बा, गुप्तेस्वर महादेव, चर्च, मस्जित, ..........) | १. नगरका प्रसिद्ध धार्मिक तथा सांस्कृतिक स्थलहरूमध्येबाट तोकिएका स्थलहरूको चित्रसमेत प्रस्तुत गर्दै छोटो चिनारी गराउने<br>२. सम्बन्धित क्षेत्र र धर्मका विद्यार्थीलाई सम्बद्ध धार्मिक स्थलको अवलोकन गराई सङ्क्षिप्त टिपोट गर्न लगाउने<br>३. विद्यार्थीको लेखाइमा शिक्षकले सहजीकरण गर्ने । | १. माइधाममा के कस्ता धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरू हुन्छन् ? बताउनुहोस् ।<br>२. सुम्निमा र पारुहाङको प्रतिमा कुन धार्मिक स्थलमा अवस्थित छन् ?<br>३. चर्च र मस्जित नगरको कुन कुन ठाउँमा रहेको छ ?<br>४. परियोजना कार्य : नजिकैको धार्मिक स्थलको स्थलगत भ्रमण गराई सिकेको कुरा कक्षामा प्रस्तुत गर्न लगाउने । (मौखिक तथा लिखित प्रश्न) | |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ८. स्थानीय र परम्परागत प्रविधिहरूका संरक्षण र संवर्धनका उपाय बताउन<br>९. स्थानीय उत्पादनका बजारीकरणको आवश्यकता र चुनौती बताउन | ८. स्थानीय प्रविधिका उत्पादन र बजारको अवस्था (स्थानीय प्रविधिबाट उत्पादित वस्तुहरूको पहिचान, महत्त्वको वर्णन, बजारको मनोविज्ञान, बजारीकरणमा रहेका समस्या)<br>९. महको उपयोगिता | १. स्थानीय प्रविधिका उत्पादनहरूको सूची बनाइ कक्षाकोठामा प्रदर्शन गरी विद्यार्थीहरू बिच छलफल गराउने,<br>२ं स्थानीय प्रविधिका उत्पादनहरूको बजारको अवस्था बुझ्न विद्यार्थीहरूको उनीहरूको समूह बनाइ बजारमा अवलोकन गर्न लगाउने, | १. हामीले किन स्थानीय प्रविधिको संरक्षण गर्नु पर्छ ?<br>२. तपाईको घरमा स्थानीय प्रविधिका के के समान छन् ? नाम लेख्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | ३. भिडियोमार्फत मौरी पाल्ने तरिका, मौरीको प्रकार, उपयोगिता आदिका बारेमा स्पष्ट पारिदिने | ३. स्थानीय प्रविधिका उत्पादनहरूको बजारको अवस्था कस्तो छ ?<br>४. मौरीको चाकाबाट कसरी मैन बनाउन सकिन्छ ?<br>५. परियोजना कार्य नेपाली कागज बनाउने उद्योगको भ्रमण गरी त्यसमा प्रयोग कच्चा पदार्थ, कागज बनाउने विधि, बजारको अवस्था आदिका बारेमा प्रतिवेदन तयार पार्नुहोस् | |
| ४. पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन | १०. आफ्नो वडाभित्र रहेका पर्यटकीय स्थलहरूको छोटो परिचय दिन | १०. वडाभित्र रहेका पर्यटकीय स्थलहरू (वडाभित्र रहेका वनजङ्गल, पौडीपोखरी, पार्टिप्यालेस, बगैंचा, पार्क, फुलबारी आदि) | १. विद्यार्थीहरूलाई आफ्नो आसपास रहेका पर्यटकीय स्थलहरू अवलोकन गराइ छलफल गराउने<br>२. श्रव्य-दृश्य सामाग्री बनाई प्रदर्शन एवं आदन-प्रदान गने<br>३. पर्यटकीय ठाउँहरूको सूची तयार गर्न लगाई ती स्थलहरुको बारेमा अभिभावकसँग समेत छलफल गर्न लगाउने । | १. वडाभित्रका पर्यटकीय स्थलहरु कुन- कुन हुन् ? सूची तयार पार्नुहोस् ।<br>२. वडाभित्रको कुनै एक पर्यटकीय स्थलको छोटो वर्णन गर्नुहोस् ।<br>३. परियोजना कार्य : वडाभित्रको नजिकैको | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | | पर्यटकीय स्थलको भ्रमण गरी छोटो प्रतिवेदन तयार गर्नुहोस् (ढाँचा दिने) | |
| | ११. मानव जीवनमा व्यक्तिगत सरसफाइको महत्त्व एवम् फाइदाहरू बताउन | ११. व्यक्तिगत सरसफाइको महत्त्व (नियमित स्वास्थ्य परीक्षण, ज्वरो, रगत दिशापिसाब, तौल, उचाइसम्बन्धी आदि) | १. विद्यार्थीहरूलाई सामान्य स्वास्थ्य परीक्षणको जानकारी दिने र सूची तयार पार्न लगाउने<br>२. मोबाइल फोन प्रयोग गरी उचाइ र तौलको सम्बन्ध देखाउने | १. स्वस्थ मानिसको सामान्य तापक्रम कति हुनुपर्छ ?<br>२. प्रेसर कति हुनुपर्छ ?<br>३. विद्यालय नर्सबाट तापक्रम, प्रेसर, तौल नाप्न लगाइ परियोजना कार्य गराउने । | |
| | १२. आफ्नो वडाभित्रबाट संकलित फोहोरहरू वर्गीकृत गर्न | १२. हाम्रो वडामा पाइने सड्ने र नसड्ने फोहोरहरू (वडाको सेरोफेरोमा रहेका धातु, प्लास्टिक, सिसा र सड्ने फोहोर आदि) | १. फोहोर ठाउँको स्थलगत भ्रमण गराइ फोहोर धातु र प्लास्टिक, सिसा र सड्ने फोहोरहरू छुट्याउन लगाइ प्रश्नोत्तर गर्ने<br>२. पर्यावरणलाई असर पार्ने प्रयोग नगर्ने अवधारणाको विकास गराउने | १. कस्तो फोहोरले वातावरण सबैभन्दा प्रदूषित गर्छ ?<br>२. प्लाष्टिकजन्य वस्तुको प्रयोग घटाउनु किन आवश्यक छ ?<br>३. कस्तो फोहोरबाट मल बनाउन सकिन्छ ? | |
| | १३. आफ्नो वडाभित्र रहेका खोलानाला, सिमसार अवलोकन गरी सूची तयार गर्न | १३.वडाभित्र रहेका खोलानाला तथा सिमसारहरू (वडाको सेरोफेरोभित्र रहेका नदी, खोला, खोल्सा, सिमसार आदि) | १. वडाको सेरोफेरोभित्र के-कस्ता ठाउँहरू छन् भनी प्रश्न सोध्ने र छलफलद्वारा ती ठाउँहरूको सूची तयार पार्ने | १. खोला भनेको के हो ?<br>२. वडाभित्र कुन-कुन खोलाहरू छन् ?<br>३. सिमसार भनेको के हो ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | | ४. वडाभित्रका खोला, खोल्सा र सिमसारको सूची तयार पार्नुहोस् । | |
| ५. स्थानीय सङ्घसंस्था तथा महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व | १४. स्थानीय स्वास्थ्य तथा सामुदायिक सङ्घसंस्थाका सामुहिक गतिविधि र कार्यहरू बताउन | १४. हाम्रा स्थानीय स्वास्थ्य तथा सामुदायिक सङ्घसंस्थाहरू आधारभूत स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, बहुजातीय समुदायहरू, जस्तै: आदिवासी ताजपुरिया समाज कल्याण परिषद्, सन्थाल समाज, किरात राई यायोक्खा लगायत अन्य सङ्घ संस्थाहरूको छोटो परिचय) | १. स्वास्थ्य संस्थाहरूले दिने सेवा सुविधाहरूको बारेमा उनीहरूलाई सोध्ने र शिक्षकले थप स्पष्ट पारिदिने<br>२. समूहमा काम गर्ने बानीको विकास जागृत गराई दिने<br>३. आपसी सद्भाव, सहिष्णुताको आचारण सिकाउने,<br>४. बहुजातीय सङ्घसंस्थाहरू हाम्रो नगरको साझा सम्पत्ति हो भन्ने मनोभाव विकास गराउने | १. हाम्रो आधारभूत तथा प्राथमिक स्वास्थ्य केन्द्रका कार्यहरू के के हुन् ?<br>२. हाम्रा समाजमा रहेका सामुदायिक संस्थाका कार्यहरू के के हुन् ? (लिखित र मौखिक प्रश्न) | |
| | १५. स्थानीय महत्त्वपूर्ण व्यक्तिहरूको काम उल्लेख गर्न | १५. हाम्रा अनुकरणीय व्यक्तिहरू (चित्रकार, आविष्कारक, खेलकुद, युटुबर, संवाददाता /पत्रकार, बालप्रतिभाहरू, नगर गौरव बढाउने प्रतिभाहरू) | १. महत्त्वपूर्ण व्यक्तिका कुन कुन कामले नगर गौरव बढाएका छन् भन्ने अनुकरणीय बानीको विकास गराउन प्रेरित गर्ने<br>२. नगरभित्रका विभिन्न क्षेत्रका प्रतिभाहरू र तिनका योगदानहरू बारे सोधपुछ गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने | १. हाम्रा नगरभित्र रहेका महत्त्वपूर्ण व्यक्तिहरू को को हुन् बताउनुहोस् । (लिखित र मौखिक प्रश्न) | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| ६. नगर गौरब तथा पूर्वाधार विकास आयोजना | १६. कनकाई सिँचाइ आयोजना सम्वन्धि परिचय दिन | १६. कनकाई सिँचाई आयोजना (कनकाई सिँचाई आयोजना - कनकाई नदी, नहर, दोमुखा, पालिकाका वडाहरू, सिंचित क्षेत्रफल, उत्पादन, सञ्चालन) | १. कनकाई सिँचाई नहर कुन नदीवाट वनाईएको छ सोध्ने ।<br>२. नहरले नगरको कुन कुन वडामा सिँचाइ पुऱ्याएको छ, जानकारी दिने । | १. कनकाई नहरको मुहान कहाँ पर्छ ?<br>२. कनकाई सिँचाईले शिवसताक्षी नगरपालिकाको कतिवटा वडाहरूलाई सिंचित गरेको छ ?<br>३. ती वडाहरूमा कुनकुन वालीहरू उत्पादन हुने गर्दछन् ? | |
| | १७. शिवगञ्ज कृषि वजारको उपयोगिता व्यक्त गर्न | १७. शिवगञ्ज कृषि वजार शिवगञ्ज कृषि वजार ( परिचय, अवस्थिति, संरचना, सञ्चालन, लाभान्वित जनता, उपयोगिता) | शिवगञ्ज कृषि वजारको फोटो प्रदर्शनी गरी छोटो परिचय दिँदै उक्त वजारवाट मानिसहरू कसरी लाभान्वित हुन सक्छन् व्यक्त गर्न लगाउने | १. कृषि वजारको महत्त्व लेख<br>२. कृषि वजारमा वेच्न राखिएका तरकारी तथा फलफुल कहाँका उत्पादनहरू हुन् ? सङ्कलन गरी स्थानीय र वाहिरका उत्पादनहरू छुट्याउनुहोस् । | |
| | १८. चन्द्रडाँगी कृषि फार्मको अवस्थावारेमा वताउन | १८. चन्द्रडाँगी कृषि फारम ( चन्द्रडाँगी कृषि फार्म-परिचय, अवस्थिति, सञ्चालन, उत्पादन, लाभान्वित जनता, उपयोगिता) | १. चन्द्रडाँगी कृषि फारमको अवलोकन भ्रमण गराई त्यहाँवाट उत्पादित अन्नवालीको वारेमा भन्न लगाउने र आसपासका कृषकहरू कसरी लाभान्वित हुन सक्छन् भन्नेवारे प्रष्ट पार्न लगाउने । | १ चन्द्रडाँगी कृषि फारम भ्रमण गरी यसको पूरा परिचय दिनुहोस् :नाम, ठेगाना, क्षेत्रफल, उत्पादन, महत्त्व | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| ७. नैतिक शिक्षा तथा आयुर्वेद | १९. धार्मिक क्षेत्रमा अनुशासित/नैतिकवान् बन्न | १९. धार्मिक स्थलहरू (मठ-मन्दिर, गुम्बा, चर्च आदि)<br>२०. धार्मिक व्यक्तित्वहरू विभिन्न जातजाति र धर्म-संस्कृतिका पुरोहितहरू, सामाजिक व्यक्तित्व, भजन गायक, वाद्यवादक आदि)<br>२१. स्तर अनुसारका विभिन्न अभिवादनहरू (नमस्कार, अभिवादन, दर्शन, प्रणाम्, राम- राम, सेवारो, ढोग, दण्डवत् आदि) | १. विद्यार्थीलाई उनीहरुको गाउँ-समाजमा रहेका धार्मिक स्थलहरूको नाम भन्न लगाउने र त्यस्ता स्थलहरुको प्रयोगबारे उनीहरूका अनुभवहरू माथि छलफल गर्ने ।<br>२. कक्षामा विद्यार्थीलाई विभिन्न धर्मका पुरोहित, भजन गायक, वाद्यवादक, श्रद्धालु भक्तजन आदिको अभिनय गर्न लगाएर तिनीहरूलाई ओहदा अनुसारको सम्मान गर्न सिकाउने ।<br>३. धार्मिक स्थलको अवलोकन तथा श्रव्य-दृश्य सामाग्रीका माध्यमबाट धार्मिक स्थल तथा त्यससँग सम्बन्धित पक्षहरूबारे चर्चा गर्ने | १. धार्मिक क्षेत्रमा हामीले अरूका सामन भेटेमा कहाँ बुझाउनुपर्छ ?<br>२. हामीलाई आशीर्वाद दिने व्यक्तिको अगाडि कसरी उपस्थित हुनुपर्छ ?<br>३. तपाईँको गाउँ-समाजमा रहेका धार्मिक तथा सामाजिक व्यक्तित्वहरूलाई तपाईं कसरी अभिवादन गर्नुहुन्छ ? | |
| | २०. स्थानीय जडिबुटीहरूको महत्त्व र संरक्षणबारे बताउन | २२. स्थानीय जडिबुटीहरू ( निम, पीपल आदि) प्रयोग, महत्त्व र संरक्षण | १. विद्यार्थीहरूलाई स्थानीय जडिबुटीहरूको नाम भन्न लगाउने<br>२. सम्बन्धित जडिबुटी प्रत्यक्ष रुपमा अवलोकन गराएर त्यसबारे चर्चा गर्ने<br>३. जडिबुटीहरू प्रयोगबारे विद्यार्थीहरूका अनुभवहरूमाथि छलफल गर्ने र आवश्यक निर्देशन गर्ने<br>४. आधुनिक चिकित्सा पद्धति र | १. तपाईँको घर-आँगनमा कुन-कुन जडिबुटीहरू रहेका छन् ?<br>२. निम र पिपलको प्रयोग हुने दुई स्थान के के हुन् ?<br>३. हामीले किन जडिबुटीको संरक्षण गर्नुपर्छ ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | आयुर्वेदक चिकित्सा पद्धतिबिचका फरकहरूमाथि चर्चा गरी जडिबुटीको प्रयोग र यसका सावधानीहरूमाथि छलफल गर्ने | | |
| | २१. नैतिक चरित्रको विकास गर्न | २३. नीतिकथा (धैर्य बन्ने, असल, ज्ञानी, हँसिलो, मिजासिलो, इमान्दार, सर्वप्रिय, आदर्श, नैतिकवान्, चरित्रवान् आदि) | १. धैर्यवान्, खराम काम नगर्ने, नरिसाउने, नढाँट्ने, दानी, नचोर्ने, नछल्ने, कसैलाई अनावश्यक कष्ट नदिने आदि कक्षामा नीतिकथामार्फत् उदाहरण प्रस्तुत गर्ने<br>२. आफूभन्दा सानालाई माया र ठुलालाई आदर गर्नुपर्छ भन्ने भावनाको विकास गराउने<br>३. कक्षामा रहेका सहयोगी, मिलनसार, कर्तव्यनिष्ठ विद्यार्थीहरूको उदाहरण दिएर अन्यलाई पनि सर्वप्रिय पात्र बन्न प्रोत्साहित गर्ने | १. हामी किन धैर्यवान् रहनुपर्छ ?<br>२. हामीले आफूभन्दा सानालाई किन माया गर्नुपर्छ ?<br>३. हामीले आफूभन्दा ठुलालाई किन आदर/सत्कार गर्नुपर्छ ?<br>४. तपाईँलाई अरूले गरेका कस्ता व्यवहार मन पर्दैनन् ? | |

## शिवसताक्षीको पहिचान (स्थानीय पाठ्यक्रम),  कक्षा ६

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो नगरको परिचय | १. नगरपालिकामा बसोवास गर्ने समुदाय र तिनको जनसङ्ख्या उल्लेख गर्न | १. नगरमा बसोवास गर्ने क्षत्री, बाहुन, राई, लिम्बू, सुनुवार, दनुवार, गुरुङ, राजवंशी, चौधरी, ताजपुरिया, मगर, दलित, माझी, सन्थाल, मुसहर, गनगाईं आदि | १. विद्यार्थीलाई आआफ्नो क्षेत्रमा बसोवास गर्ने समुदाय के के हुन् भनी प्रश्न गर्दै टिपोटसमेत गर्दै जाने<br>२. नगरभित्रका विभिन्न समुदायको जनसङ्ख्याबारे शिक्षकनिर्मित र पालिकागत सामग्री पनि प्रदर्शन गर्ने<br>३. समुदायको मुख्य बसोवास भएका स्थानका बारेमा पनि जानकारी प्रदान गर्ने | १. तपाईंको समुदायमा बसोवास गर्ने कुनै ५ जातिको नाम लेख्नुहोस् ।<br>२. तपाईंको क्षेत्रमा बसोवास समुदायको नाम लेख्नुहोस् ।<br>३. हाम्रो नगरपालिकामा बसोवास गर्ने समुदायगत जनसङ्ख्याको विवरण के कस्तो छ ?<br>(मौखिक र लिखित प्रश्न) | |
| | २. नगरपालिकाको नक्सा बनाई वडाहरू छुट्याउन | २. नगरपालिकाका सबै वडा छुट्याइएको नक्सा | १. विद्यार्थीलाई शिक्षकको सहायताले प्रत्येक वडाको क्षेत्रफलबारे जानकारी गराउने<br>२. नगरको अक्षांश र देशान्तरको अवस्थितिलाई शिक्षकको सहयताबाट जानकारी प्रदान गर्ने<br>३. नगरको नक्सा प्रदर्शन गरी वडा विभाजन गर्न थप अभ्यास गराउने | १. तपाईंको वडाको क्षेत्रफल कति छ ?<br>२. हाम्रो नगरपालिकाको क्षेत्रफल कति छ ?<br>३. हाम्रो नगरपालिकाको अक्षांश र देशान्तरको अवस्थिति उल्लेख गर्नुहोस् ।<br>४. नगरको नक्सा बनाई सबै वडाहरू छुट्याएर ल्याउनुहोस् ।<br>(मौखिक र लिखित प्रश्न) | ४८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | ३. वडा कार्यालयबाट प्राप्त हुने सेवाहरूबारे बताउन | ३. वडा कार्यालयबाट उपलब्ध हुने सेवासुविधाहरूको सूची जन्म, विवाह, बसाइँसराइ, मृत्यु, सम्बन्धविच्छेद, विभिन्न सिफारिस, विभिन्न प्रमाणीकरण, मालपोत आदि । | १. वडा कार्यालयमा के के काम हुन्छन् भनी विद्यार्थीलाई सोध्ने र टिपोट गर्दै जाने<br>२. तिनलाई थप परिमार्जन गर्दै सेवाबारे सामग्री प्रदर्शन गर्ने<br>३. विद्यार्थीलाई वडा कार्यालयबाट प्राप्त हुने सेवाको सूची तयार गर्न लगाउँदै शिक्षकले सहजीकरण गर्ने | १. वडा कार्यालयबाट हुने सेवाहरू के के हुन् ?<br>२. बसाइँसराइ भनेको के हो ?<br>३. जन्मदर्ता किन गर्नुपर्छ ? (मौखिक र लिखित पश्न) | |
| २. स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | ४. नगरभित्रका विभिन्न जातजातिका चाडपर्वको वर्णन गर्न | ४. हाम्रो चाडपर्वः हाम्रो गौरव ब्राह्मण-क्षत्री, राई, लिम्बु, सुनुवार, याक्खा जातिका चाडपर्वहरू छठ, जनैपूर्णिमा, तिज, माघे सङ्क्रान्ति, उधौली- उभौली) | १. सम्बद्ध जातजातिका विद्यार्थीहरूलाई आ-आफ्ना चाडपर्वहरूको परिचय दिन लगाउने<br>२. शिक्षकले लेख्य सामग्री, चित्र वा तस्बिर, भिडियो क्लिप, अडियो सामग्रीमार्फत सम्बद्ध चाडपर्वहरूका बारे थप जानकारी प्रदान गर्ने<br>३. सबै जातजातिका चाडपर्वको महत्त्व बराबर भएकाले एकअर्काप्रति सम्मान प्रकट गर्दै सांस्कृतिक सहिष्णुता विकास गराउने । | १. जनैपूर्णिमा/छठमा के गरिन्छ ?<br>२. साकेला पर्व कसरी मनाइन्छ ?<br>३. उधौली उभौली कसरी मनाइन्छ ?<br>४. ष्याँदर पिदार कुन जातिको चाड हो र कसरी मनाइन्छ ?<br>५.तपाईँको समुदायमा मनाइने कुनै एक चाडको मनाउने तरिका बताउनुहोस् ।<br>६. सांस्कृतिक सहिष्णुता बढाउन के गर्नुपर्छ ?<br>७. परियोजना कार्य : आफ्नो जातजातिसम्बन्धी चाडपर्वको | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | | चित्र बनाउनुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् । | |
| | ५. नगरभित्रका विभिन्न मातृभाषामा सक्षिप्त कुराकानी गर्नं | ५. हाम्रो मातृभाषा: हाम्रो कुराकानी (राई, लिम्बु, सुनुवार र याक्खा भाषामा संवाद) | १. सम्बद्ध भाषाका मातृभाषी विद्यार्थीहरूलाई आफ्नै मातृभाषामा संवादका लागि तयारी गराउने<br>२. सम्बद्ध मातृभाषामा छोटा छोटा नमुना संवादका पाठ्यांशहरू तयार गरी विद्यार्थीहरूलाई वाचन गर्न र जोडीमा संवाद अभ्यास गर्न लगाउने<br>३. मातृभाषाप्रति सम्मान जनाउँदै मेलमिलापपूर्ण समाज निर्माणका निम्ति सकारात्मक अभिवृत्ति जागृत गराउने<br>४. मातृभाषासम्बन्धी सामग्रीहरू अन्तरविद्यालय आदानप्रदान गर्ने । | १. आफ्नो मातृभाषामा संवाद गर्नुहोस् ।<br>२. नेपाली भाषामा दिइएको संवादलाई मातृभाषामा अनुवाद गरी ल्याउनुहोस् । ( मौखिक तथा लिखित प्रश्न) | |
| | ६. आफ्नो समुदायमा रहेका जातजातिको संस्कारसहितको परिचय दिन | ६. हाम्रो समुदाय र बसोबास सन्थाल, माझी, राजवंशी, ताजपुरिया, चौधरी, मुस्लिम, मधेसी ......समुदायको बसोबास स्थलको परिचय) | १. सम्बद्ध जातिको समुदायको बसोबास अवस्था, संस्कार, पेसा-व्यवसाय, बसाइँसराइ, जन्म, विवाह, मृत्यु संस्कारको सामान्य परिचय दिने<br>२. शैक्षिक अवस्था, मूल्य मान्यता, परम्परागत विश्वास र जातिगत वैशिष्ट्यता बारेमा विद्यार्थीहरूबाट | १. शिवसताक्षी नगरभित्र सन्थाल जातिको मुख्य बसोबास क्षेत्र कहाँ रहेको छ ?<br>२. माझी जातिको छोटो परिचय दिनुहोस् ।<br>३. ताजपुरिया जातिको संस्कार के कस्ता छन् ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | सूचना लिने<br>३. शिक्षकले पनि तत्सम्बन्धी लेख्य सामग्री प्रस्तुत गरी विद्यार्थीलाई अध्ययन गर्न लगाउने<br>४. समुदायगत रूपमा मेलमिलापको अवधारणामाथि जोड दिँदै सकारात्मक अभिवृत्ति विकास गराउने । | ४. मुस्लिम समुदायको मृत्यु संस्कार कस्तो छ ? | |
| | ७. स्थानीय गीत तथा लोक बाजागाजाको सामान्य परिचय दिन | ७. हाम्रा स्थानीय गीत तथा लोक बाजाहरूको परिचय<br>स्थानीय गीत : छठ गीत, सिरुवा गीत, ................<br>लोक बाजा : मादल, ढोलक, च्याब्रुङ, पञ्चेबाजा, नौमतिबाजा) | १. विद्यार्थीले सुनेका र गाउन सक्ने स्थानीय गीत र बजाउन सक्ने बाजाका बारेमा प्रश्न गर्ने र गीत सङ्कलन गर्ने<br>२. जातिका परम्परागत मौलिक गीतहरू, विधिहरू र गाइने अवसरका बारेमा छलफल गराउने<br>३. श्रव्यदृश्य सामग्रीमार्फत निर्धारित बाजाहरू प्रदर्शन गरी सहभागिता जनाउन लगाउने । | १. पञ्चेबाजा कस्तो अवसरमा बजाइन्छ ?<br>२. च्याब्रुङ कुन जातिको बाजा हो ?<br>३. सिरुवा गीत र छठ गीत कसरी गाइन्छ ?<br>(मौखिक तथा लिखित प्रश्न) | |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ८. स्थानीय पेसा व्यवसायले समुदायमा पारेको प्रभावबारे बताउन<br>९. बचतको महत्त्व बताउँदै बचत गर्ने बानीको विकास गर्न | ८. पेसा व्यवसायले समुदायमा पर्ने प्रभाव (जीवनस्तर, वेशभुषा, रहनसहन , खानपान आदि )<br>९. वचतका फाइदाहरू | १. कक्षामा स्थानीय पेसा व्यवसायसँग सम्बन्धित चित्र, भिडियो, स्लाइड देखाइ त्यसले स्थानीय समुदायका मानिसहरूको जीवनशैली, रहनसहन, आयआर्जन आदिमा के कस्तो प्रभाव परेको छ ?भन्ने विषयमा विद्यार्थीहरू | १. आयआर्जन भनेको के हो ?<br>२. आयआर्जन गर्न के गर्नु पर्छ ?<br>३. वचत भन्नाले के बुझिन्छ?<br>४. हामीले किन वचत गर्नु पर्छ ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | बिच छलफल गराइ निष्कर्ष लेख्न लगाउने,<br>२. समुदायमा व्यवसाय गर्ने र नगर्ने व्यक्तिको आयआर्जन तथा जीवनस्तरमा रहेको अन्तर बारे समुदायमा गएर एउटा रिपोर्ट तयार पर्न लगाउने,<br>३ कक्षाकोठामा वचत लेखिएको प्लेकार्ड झुन्ड्याई त्यसमार्फत वचतको परिचय, प्रकार, वचत गर्ने तरिका आदि विषयमा छलफल गराइ त्यसका बारेमा स्प्रष्ट पारिदिने, | ५. आम्दानी र वचतमा के अन्तर छ ?<br>५. परियोजना कार्य : तपाईंको समुदायमा रहेको कुनै वचत संस्थामा गई आर्थिक कारोवारका बारेमा रिपोर्ट तयार पार्नुहोस् । | |
| ४. पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन | १०. स्थानीयस्तरमा रहेका पर्यटकीय स्थलहरूको महत्त्व तथा फाइदाहरू बताउन | १०. नगरपालिकाभित्रका पर्यटकीय स्थलहरू (पोखरी, वनवाटिका, पौडीपोखरी, पिकनिक पार्क, वाटर किङ्गडम आदि) | १. विद्यार्थीहरूलाई स्थानीय क्षेत्रभित्र रहेका पार्क, वनवाटिका, फूलबारी, प्राकृतिक सम्पदाको अवलोकन गराई त्यसको महत्त्व तथा फाइदाहरूबारे छलफल गराइ प्रश्नोत्तर गर्ने । | १. पिकनिक पार्कका फाइदाहरू के-के हुन् ?<br>२. स्थानीयस्तरका सुन्दर वनवाटिकाहरू कुन-कुन हुन् ?<br>३. स्थानीय पार्कहरू कुन-कुन हुन् ? | |
| | ११. स्थानीय हावापानी एवं प्राकृतिक स्रोतहरूबारे बताउन | ११. स्थानीयस्तरको हावापानी तथा प्राकृतिक स्रोतहरू पालिकाभित्रका विभिन्न स्थानहरूका विविध मौसम, समय, जमिनमाथि र मुनिको पानी, तापक्रम आदि) | १. विद्यार्थीहरूलाई स्थानीय तहका वडाहरूको भ्रमण गराई स्थानीय तथा व्यक्तिहरूसँग हावापानी, तापक्रम आदिका बारेमा अन्तर्क्रिया गरी टिपोट गर्न लगाउने र सम्बन्धित विषयमा प्रश्नोत्तर गर्ने | १. नगरभित्रका भूमिगत पानी नआउने स्थान कुन कुन हुन् ?<br>२. हाम्रो नगरपालिकामा कुन ठाउँमा कल गाढेर पानी निकाल्न सकिँदैन ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | २. नगरभित्रका भूमिगत पानी नआउने ठाउँका बारेका जानकारी दिने | ३. नगरभित्रको सबभन्दा सिंचित क्षेत्र कुन हो ? | |
| | १२. फोहोरको कारणले वातावरण र मानव जीवनमा पर्ने असरहरू बताउन | १२. मानव स्वास्थ्यमा फोहोरमैलाका असरहरू फोहोरको कारणबाट हुने प्रदूषण, हरितगृह, मानवहरूमा लाग्ने रोगहरू, क्यान्सर, मुटुको रोग, सुगर, प्रेसर | १. विद्यार्थीहरूलाई फोहोर सङ्कलन केन्द्रहरूको अवलोकन, भ्रमण गराई त्यसबाट निस्कने ग्याँसहरू, त्यसले वतावरणमा पार्ने असरहरू, त्यसबाट मानवजातिमा लाग्ने रोगहरूको सूची तयार पार्न लगाउने<br>२. उक्त विषयवस्तुहरूमा प्रश्नोत्तर गर्ने । | १. प्लाष्टिकजन्य फोहोरले वातावरणमा कुन ग्याँस छोड्छ ?<br>२. फोहोरमैलाबाट कुन-कुन रोग लाग्छ ?<br>३. हरितगृह असर भनेको के हो ? | |
| | १३. बाढी, डुबान, कटानबाट हुने क्षतिहरूबारे बताउन | १३. जल, डुबान र कटानबाट हुने क्षतिहरू (स्थानीयस्तरमा बाढी आउने खोलाहरू: कमल, कन्काई, दुधे, सतासी, झरनाको बाढी संरक्षण एवम् कटान र खोला तथा नहरमा हुने डुबान) | १. विद्यार्थीहरूलाई बाढी आएको समयमा स्थानीय नदी एवम् खोलाहरूको अवलोकन गराई त्यसले पार्ने क्षति, जमिन, धनजन, भौतिक सम्पदा आदि स्थानीय अभिभावकहरूसँग अन्तर्क्रिया गराई क्षतिहरूसम्बन्धी प्रश्नोत्तर गर्ने | १. स्थानीय बाढी, डुबान र कटान प्रभावित क्षेत्रहरूको सूची तयार गर्न लगाइ प्रश्नोत्तर गर्ने<br>२. डुबान भनेको के हो ?<br>३. कटान भनेको के हो ? १. बाल, युवा, महिलाका संगठनहरूका २/२ वटा भूमिकाहरू बताउनुहोस् । ( लिखित र मौखिक प्रश्न) | |
| ५. स्थानीय सङ्घसंस्था तथा | १४. समुदाय र समाज विकासमा धार्मिक तथा सांस्कृतिक गर्न | १४. हाम्रा धार्मिक तथा सांस्कृतिक सङ्घसंस्थाहरू ( किरात धर्म तथा साहित्य | १. हाम्रा धार्मिक साँस्कृतिक संस्थाहरूको भूमिका, सामुहिक गतिविधि तथा भूमिका बताई दिने | १. अनन्त तामाङको जीवनीबाट खेलकुद क्षेत्रमा लाग्न कस्तो प्रेरणा पाउन | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व | सङ्घसंस्थाहरूको भूमिका तथा योगदान उल्लेख गर्न | उत्थान केन्द्र, सतासीधाम धार्मिक तथा पर्यटन विकास समिति, किरात मुन्धुम अध्ययन केन्द्र, छोइलिङ ..आदि) | २. विद्यार्थीलाई समूहमा विभाजन विभाजन गरी आफ्ना धार्मिक सांस्कतिक मूल्यमान्यताका बारेमा छलफल गराउने | सकिन्छ ?<br>२. हास्यकलाकार डम्बर घिमिरेको छोटो परिचय दिनुहोस् ।<br>३. मानदेव ताजपुरियाले गाउनुभएको कुनै एउटा गीतको बोल भन्नुहोस् । ( लिखित र मौखिक प्रश्न) | |
| | १५. स्थानीय राष्ट्रिय गौरव बढाउने व्यक्तिहरूको योगदान तथा खेलाडी, गायक, साहित्यकारका | १५. स्थानीय तहका गौरवशाली व्यक्ति र व्यक्तित्व (राष्ट्रिय फूटबल खेलाडी अनन्त तामाङको जीवनी हास्यब्यङ्ग्यकार डम्बर घिमिरे, नेपाली तारा दोस्रो तारा लक्सम, गायक मानदेव ताजपुरिया, गीतकार बबिन्द्र नेम्बाङ्गको छोटो परिचय) | १. गौरवशाली व्यक्तिहरूको चित्र, पृष्ठभूमि, कामहरू, प्रेरणादायी भूमिका बयान गरिदिने । | १.नगर भित्र रहेका कुनै दुई मुख्य बाटाहरूको नाम लेख्नुहोस् ।<br>२. शिवसताक्षीको नक्सामा शिवगञ्ज -महाभारा सडक देखाउनुहोस् । | |
| ६. नगर गौरब तथा पूर्वाधार विकास आयोजना | १६. नगर भित्रका मुख्य मुख्य बाटाहरूको वारेमा व्यक्त गर्न | १६. नगरपालिका भित्र यातायातको अवस्था ( रिङरोड, ट्रंकरोड, मुख्य वाटाहरू (दुधे शिवगञ्ज महाभरा रोड, सतासीधाम झिलझिले हवल्दारचौक रोड, डुँडामारी फाक्तेप लालझोडा रोड, | १. नगर रिङरोड भ्रमणमा लैजाने<br>२. आ-आफ्नो समुदायमा रहेको मुख्य मुख्य बाटाहरुका वारेमा भन्न लगाउने । | १.नगर भित्र रहेका कुनै दुई मुख्य बाटाहरूको नाम लेख्नुहोस् ।<br>२. शिवसताक्षीको नक्सामा शिवगञ्ज-महाभारा सडक देखाउनुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | धर्मपुर पारावारी वोलोचौक रोड, महत्व लाभान्वित जनता) | | | |
| | १७.बसपार्कको महत्त्व वताउन | १७. बसपार्कको आवश्यकता र झिलझिले वसपार्क (परिचय, उपयोगिता) | १. बसपार्क र बस स्टेन्डको भिन्नता देखाई वसपार्कको महत्त्व व्यक्त गर्न लगाउने । | १. झिलझिले वसपार्क पुरा भएपछि त्यसले दिने फाईदाहरू लेख्नुहोस् । | |
| | १८. नगर रिङरोडको परिचय दिन | १८. नगर रिङरोड ( नगर रिङरोड (सुरु -अन्त्य, लम्वाई, छोएको वडा, लाभान्वित जनता, उपयोगिता ) | १.नगर रिङरोडवाट स्थानीय वासिन्दाले कसरी फाईदा लिन सक्छन् भन्न लगाउने । | १. नगर रिङरोडले छोएको सवै वडाहरूमा गई प्रत्येक वडाका वासिन्दाहरूसँग रिङरोडले पुऱ्याएको फाईदाका वारेमा गरेको कुराकानी लेख्नुहोस् । | |
| ७. नैतिक शिक्षा तथा आयुर्वेद | १९. जनप्रतिनिधि तथा समाजका अग्रज व्यक्तित्वहरूप्रति स्तर अनुसारको आदर-सम्मान गर्न | १९. व्यक्तित्वहरू ( जनप्रतिनिधि, नेता, विशिष्ट व्यक्ति, भलाद्मी, अग्रज, सामाजिक व्यक्तित्वहरू आदि)<br>२०. स्तर अनुसारका विभिन्न अभिवादनहरू (नमस्कार, अभिवादन, दर्शन, प्रणाम्, राम- राम, सेवारो आदि) | १. कक्षामा विद्यार्थीहरूलाई जनप्रतिनिधि तथा विभिन्न ओहदाका व्यक्तिहरूको अभिनय गर्न लगाएर वा त्यस्ता व्यक्तिहरू श्रव्य-दृश्य सामाग्रीमा देखाएर उनीहरूप्रति गरिने आदर/सम्मानको अभ्यास गर्न लगाउने<br>२. नगरभित्र रहेका ख्यातिप्राप्त व्यक्तिहरूको सूची बनाउन लगाई त्यस्ता व्यक्तिको सम्मानमा प्रयोग हुने मर्यादाक्रमबारे छलफल गराउने | १. जनप्रतिनिधि भनेको के हो ?<br>२. जनप्रतिनिधिहरूलाई तिमी कसरी अभिवादन गर्दछौ ?<br>३. हामीले विशिष्ट व्यक्तिहरूलाई किन सम्मान गर्नुपर्छ ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | २०. स्थानीय जडिबुटीहरूको प्रयोग, महत्त्व र संरक्षणबारे बताउन | २१. स्थानीय जडिबुटीहरू ( घ्युकुमारी, लसुन आदि) को नाम, प्रयोग, महत्त्व र संरक्षण | १. विद्यार्थीहरूलाई स्थानीय जडिबुटीहरूको नाम भन्न लगाउने<br>२. सम्बन्धित जडिबुटी प्रत्यक्ष रुपमा अवलोकन गराएर त्यसबारे चर्चा गर्ने<br>३. जडिबुटीहरू प्रयोगबारे विद्यार्थीहरूका अनुभवहरूमाथि छलफल गर्ने र आवश्यक निर्देशन गर्ने<br>४. आधुनिक चिकित्सा पद्धति र आयुर्वेदिक चिकित्सा पद्धतिबिचका फरकहरूमाथि चर्चा गरी जडिबुटीको प्रयोग र यसका सावधानीहरूमाथि छलफल गर्ने | १. तपाईंले कस्ता कस्ता जडीबुटी देख्नुभएको छ?<br>२. तपाईंको समुदायमा रहेका मानिसले जडीबुटीहरूको प्रयोग कस्तो अवस्थामा गरेका छन् ?<br>३. हामीले किन जडिबुटीको संरक्षण गर्नुपर्छ ? | |
| | २१. नैतिक रूपमा आदर्शवान् बन्न | २२. सहयोगी चरित्रको विकास सहयोगी बन्ने, असल, ज्ञानी, हँसिलो, मिजासिलो, इमान्दार, सर्वप्रिय, आदर्श, नैतिकवान्, चरित्रवान् आदि) | १. सहयोगी, धैर्यवान्, खराम काम नगर्ने, नरिसाउने, नढाँट्ने, दानी, नचोर्ने, नछल्ने, कसैलाई अनावश्यक कष्ट नदिने आदि कक्षामा नीतिकथामार्फत् उदाहरण प्रस्तुत गर्ने<br>२. आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्नुपर्छ भन्ने भावनाको विकास गराउने<br>३. कक्षामा रहेका सहयोगी, मिलनसार, कर्तव्यनिष्ठ विद्यार्थीहरूको उदाहरण दिएर अन्यलाई पनि सर्वप्रिय पात्र बन्न प्रोत्साहित गर्ने | १. हामीले सहयोगी बन्न किन जरुरी छ ?<br>२. हामीले आफूभन्दा सानालाई किन माया गर्नुपर्छ ?<br>३. आदर्श व्यक्तिका गुणहरू के के हुन् ? | |

## शिवसताक्षीको पहिचान (स्थानीय पाठ्यक्रम), कक्षा ७

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो नगरको परिचय | १. नगरपालिकाको जनसङ्ख्यासम्बन्धी तथ्याङ्क बताउन | १. आफ्नो नगरकाको जनसङ्ख्या (उमेरगत, परिवार सङ्ख्या, साक्षरता प्रतिशत आदि) | १. विद्यार्थीलाई प्रश्न सोध्दै आफ्नो नगरको जनसङ्ख्यासम्बन्नधी तालिका प्रस्तुत गर्ने<br>२. जम्मा जनसङ्ख्या, उमेरगत जनसङ्ख्यालाई चक्रचित्र र स्तम्भ चित्रमा प्रस्तुत गर्न लगाई आवश्यकतानुसार शिक्षकले सहजीकरण गरिदिने<br>३. वडागत परिवारसङ्ख्या र साक्षरता प्रतिशतको विवरण प्रस्तुत गरी तुलना गर्न लगाउने | १. आफ्नो नगरपालिकामा तपाईँको उमेर समूहको जनसङ्ख्या कति छ ?<br>२. उमेरगत जनसङ्ख्यालाई स्तम्भ चित्रमा प्रस्तुत गर्नुहोस् ।<br>३. वडागत रूपमा परिवार सङ्ख्या र साक्षरता प्रतिशत तालिकामा प्रस्तुत गरी तुलना गर्नुहोस् । (मौखिक र लिखित प्रश्न) | |
| | २. आफ्नो नगरपालिकाको नक्सा बनाई नदी, मुख्य सडक, वनजङ्गल आदि देखाउन | २. आफ्नो नगरपालिकाको नक्सा (प्राकृतिक : नदीनाला, पोखरी, वनजङ्गल तथा भौगोलिक क्षेत्र) | १. नगरभित्रका चर्चित प्राकृतिक स्थलहरू के के छन् भनी सोध्दै विद्यार्थीलाई एकापसमा छलफल गराउने<br>२. गुगल नक्सामा आफ्नो नगरपालिकाको नक्साको प्रदर्शन गर्दै प्राकृतिक तथा भौगोलिक क्षेत्रबारे जानकारी प्रदान गर्ने<br>३. नगरपालिकाको नक्सा बनाई प्राकृतिक तथा भौगोलिक वस्तुहरू भर्न अभ्यास गराउने | १. आफ्नो नगरपालिकाको नक्सा बनाई निम्न तथ्यहरू भर्नुहोस् : कनकाई नहर, चिल्लागढ पोखरी, सतासी खोलो<br>२. हाम्रो नगरभित्रका कुनै तीन प्राकृतिक वस्तुहरूको नाम लेख्नुहोस् ।<br>३. आफ्नो नगरपालिकाको नक्सा बनाई चक्रपथ देखाउनुहोस् । (मौखिक, | ४८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
| --- | --- | --- | --- | --- | --- |
| | | | | लिखित प्रश्न र परियोजना कार्य) | |
| | ३. नगरपालिकाबाट प्राप्त हुने सेवाहरूको सूचीकरण गर्न | ३. नगरपालिकाबाट प्राप्त हुने सेवासुविधाहरूको सूची ( शिक्षा, स्वास्थ्य, विकास निर्माण, सिफारिस, प्रमाणीकरण, न्याय सम्पादन, घटनाको अभिलेखीकरण, बजेट भुक्तानी, घरनक्सा आदि) | १. शिक्षकले विद्यार्थीसँग अन्तर्क्रिया गर्दै नगरपालिकाबाट प्राप्त हुने सेवासुबिधाबारे प्रश्न सोध्ने र आएका जबाफलाई टिपोट गर्ने,<br>२. विद्यार्थीलाई थप सेवासुबिधाबारे आवश्यक जानकारी गराई सूचीकरण गर्न लगाउने<br>३. नगरपालिकाको भ्रमण गराई सेवासुबिधाबारे नागरिक बडापत्रको सामग्री अध्ययन गरी प्रतिवेदन तयार गर्न लगाउने | १. नगरपालिकाबाट प्राप्त हुने कुनै तीन सेवाको सूची बनाउनुहोस् ।<br>२. कक्षा ८ को अन्तिम परीक्षासम्बन्धी सम्पूर्ण कार्य कसले गर्दछ ?<br>३. नगरपालिकाबाट प्राप्त हुने सेवासुबिधाको पाँच पाँच ओटा क्षेत्रको प्लेकार्ड बनाएर ल्याउनुहोस् । मौखिक, लिखित प्रश्न परियोजना कार्य | |
| २. स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | ४. नगरभित्रका विभिन्न जातजातिको मौलिक वेशभूषाको महत्त्व र विशेषता बताउन | ४. हाम्रो नगरको वेशभूषा: हाम्रो पहिचान (नगरभित्रका जातजातिले लगाउने जातीय पहिरन र गरगहना तथा श्रृङ्गारको मौलिकता र विशेषता) | १. विद्यार्थीलाई उनीहरूको मौलिक जातीय पोसाक र गरगहना के के छन् भनी सोध्ने र टिपोट गर्ने<br>२. जातीय पहिरन मौलिक हुन् भन्ने कुरा बुझाउने<br>३. चाडपर्वको अवसरमा लगाइने पोसाक र गहनाको चर्चा गर्ने<br>४. भिडियो क्लिपमार्फत विभिन्न जातजातिका पहिरनको मौलिक पक्ष उजागर गर्ने | १. सन्थाल जातिका जातीय पहिरन कस्तो छ ?<br>२. हाम्रो नगरभित्र कुन कुन जातिका जातीय पहिरन छन् ?<br>३. तपाईंको जातीय पहिरनको वर्णन गनुहोस् ।<br>४. परियोजना कार्य : आफ्नो जातीय पोसाक लगाएर विद्यालय आई प्रदर्शन | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | ५. विभिन्न चाडपर्वका अवसरमा विद्यार्थीलाई स्थलगत भ्रमण गराउने । | गर्नुहोस् (फेसन सो) । ( मौखिक तथा लिखित प्रश्न) | |
| | ५. समुदायका विभिन्न मातृभाषाका लिपिको परिचय दिई मातृभाषामा निर्देशित रचना गर्न | ५. हाम्रो मातृभाषा: लेखन र लिपि (<br>१. सिरिजङ्गा, सुनुवार, देवनागरी, .......... लिपिको परिचय,<br>२. विभिन्न मातृभाषामा छोटो कथा, कविता, गीत तथा संवादको रचना) | १. विद्यार्थीलाई लिपिको बारे के कति पूर्वज्ञान छ पत्ता लगाउने<br>२. विभिन्न लिपिको परिचय दिँदै लिपिसम्बद्ध सामग्रीहरू प्रस्तुत गर्ने<br>३. विद्यार्थीहरूलाई आफ्नै लिपिमा अनुच्छेद रचना गर्न लगाउने<br>४. देवनागरी लिपिमा विभिन्न जातिको भाषामा रचनात्मक सामग्री लेख्न लगाउने र सामग्री पनि प्रस्तुत गर्ने । | १. लिम्बु भाषा र सुनुवार भाषा कुन कुन लिपिमा लेखिन्छ ?<br>२. "हाम्रो हिमाल सुन्दर छ ।" भन्ने वाक्यलाई ............. भाषामा अनुवाद लेख्नुहोस् ।<br>३. आफ्नो मातृभाषामा आधारित गीत, कथा वा कुनै रचना गरी कक्षामा सुनाउनुहोस् । (मौखिक तथा लिखित प्रश्न) | |
| | ६. समुदायमा बसोबास गर्ने जातजातिको ऐतिहासिक र सांस्कृतिक पक्षको पहिचान गर्न | ६. हाम्रो समुदायको ऐतिहासिक र सांस्कृतिक पक्ष ( नगरमा बसोबास गर्ने केही मुख्य जातिहरू राई, लिम्बु,राजवंशी, सन्थाल, ताजपुरिया आदिको ऐतिहासिक र सांस्कृतिक पक्षहरू) | १. विद्यार्थीलाई पहिले बसोबास गरेको ठाउँ सोध्ने, पुर्खाको बारेमा सोध्ने<br>२. लेख्य सामग्री वा भिडियो वा अन्य सामग्रीबाट खास जातिको इतिहास र सांस्कृतिक मान्यताको परिचय दिने<br>३. जातीय पक्ष र संस्कृति अभिन्न अङ्ग हुन् भन्दै तिनको संरक्षणप्रति सकारात्मक भाव विकास गर्ने । | १. तपाईंको पुर्खा कहाँबाट आउनुभएको हो ?<br>२. लिम्बु/राई जातिका मानिसहरू कहाँबाट आएका हुन् ?<br>३. राजवंशी जातिको संस्कृति कस्तो छ ?<br>४. परियोजना कार्य : तपाईंको समुदायका अग्रज | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
| --- | --- | --- | --- | --- | --- |
| | | | | व्यक्तिसँग भेट गरी आफ्नो जातिको पुर्ख्यौली, इतिहास, उत्पत्तिका बारेमा सोधेर टिपोट गरी कक्षामा सुनाउनुहोस् । | |
| | ७. नगरभित्र प्रचलित स्थानीय गीत तथा लोक वाद्यवादनमा सामान्य सहभागिता जनाउन | ७. नगरमा प्रचलित स्थानीय गीत तथा लोक वाद्यवादनमा मेरो सहभागिता (पाल्लाम्, भजन, किर्तन, सङ्गिनी, बालन, च्याब्रुङ, मुर्चुङ्गा, बिनायो, डम्फू, ढोल, .....) | १. श्रव्य, दृश्य तथा श्रव्यदृश्य सामग्रीमार्फत सम्बद्ध जातिका लोक, शास्त्रीय र परम्परागत गीत प्रस्तुत गर्ने<br>२. उक्त गीतहरू गाउन विद्यार्थीहरूलाई अभ्यास गराउने<br>३. पाठगत गीति सामग्रीलाई लयात्मक वाचन गरी सुनाउने र विद्यार्थीलाई पनि लयबद्धवाचन गर्न अभ्यास गराउने<br>४. सम्बद्ध स्थानीय लोक बाजाहरू प्रदर्शन गरी सम्भव भएसम्म स्थानीय विज्ञका माध्यमबाट बजाउन लगाई विद्यार्थीलाई पनि बजाउन अभ्यास गराउने । | १. पाल्लाम् गीत गाउनुहोस् ।<br>२. सङ्गिनी गीत गाउनुहोस् ।<br>३. च्याब्रुङ र डम्फू बजाउनुहोस् ।<br>४. तपाईंको जातीय समुदायमा गाइने गीत गाएर सुनाउनुहोस् ।<br>५. आफ्नो भाषामा जातीय समुदायको गीत लेखेर गाउनुहोस् । (मौखिक तथा लिखित प्रश्न) | |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन | ८. रोजगारी सिर्जनामा स्थानीय उद्योगहरूको भूमिका बताउन | ८. स्थानीय उद्योगः स्थानीय कच्चा पदार्थ (बाँसको उद्योग , काष्ठ उद्योग, अचार व्यवसाय, | १. भिडियो, स्लाइड, तस्विर आदिमार्फत स्थानीय कच्चा पदार्थमा आधारित विभिन्न उद्योगहरू देखाइ | १. कच्चा पदार्थ भनेको के हो ?<br>२. तपाईको घरगाउँमा पाइने | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| तथा प्रविधि | ९. स्थानीय उद्योग व्यवसायले स्थानीयवासीको जीवनस्तरमा पारेको सकारात्मक प्रभाव उल्लेख गर्न | दुग्ध व्यवसाय, जुट उद्योग, खानेपानी व्यवसाय, दुना टपरी व्यवसाय)<br>९. व्यवसाय र रोजगारीबिचको अन्तरसम्बन्ध<br>१०. व्यावसायिक खेतीको महत्त्व | तिनको परिचय दिने ,<br>२. कक्षामा देखाएको सामग्रीमार्फत विद्यार्थीहरूलाई ती उद्योगको नाम र तिनमा प्रयोग हुने कच्चा पदार्थको बारेमा भन्न लगाउने ,<br>३. त्यस्ता उद्योग मध्ये बाँस, काष्ठ वा दुग्ध व्यवसाय गर्ने उद्यमीसँग साक्षत्कार गराइ उद्योगले उनीहरूको जीवनमा ल्याएको परिवर्तनबारे एउटा लेख तयार पार्न लगाउने<br>४. कक्षामा व्यवसाय र रोजगारीबिचको अन्तरसम्बन्ध झल्किने किसिमको पोस्टकार्ड टाँस गरी विद्यार्थीहरूलाई छलफल गराइ तालिकामा अन्तरसम्बन्ध देखाउन लगाउने<br>५. व्यावसायिक खेतीअन्तर्गत वेमौसमी तरकारी खेती, त्यसको गर्ने तरिका, फाइदा र समस्याबारे स्थलगत भ्रमण गराई कृषकससँगको साक्षात्करका आधारमा एउटा प्रतिवेदन तयार पर्न लगाउने | ६ वटा कच्चा पदार्थको नाम लेख्नुहोस् ।<br>३. रोजगारी सृजनामा व्यवसायले कसरी भूमिका खेल्दछ ?<br>४. कस्ता व्यवसायले स्थानीय सामग्रीको प्रयोग गर्दछ ? रोजगारीले मानिसको जीवनस्तर उकास्न कसरी सहयोग गर्दछ ?<br>५. परियोजना कार्य :<br>बाँसका समान बनाउने विज्ञसँग विद्यार्थीहरुको भेट गराइ उनीहरूलाई चोया काट्ने, मुडा बनाउने, डालो बुन्ने नाङ्लो बुन्ने आदि व्यावहारिक सिप सिकाउने (लिखित तथा मौखिक प्रश्न ) | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| ४. पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन | १०. धार्मिक तथा पर्यटकीय स्थलहरूको प्रचार-प्रसार र संरक्षणमा व्यक्ति, सङ्घसंस्था र स्थानीय तहको भूमिका | ११. पर्यटकीय स्थलहरूको प्रचार-प्रसार एवम् संरक्षण दोमुखा, सताक्षीधाम, चिल्लागढ, माइधाम आदि) | १. दोमुखा, सताक्षीधाम, चिल्लागढ, माइधाम आदिको श्रव्य- दृश्य सामाग्री बनाइ आदन-प्रदान गर्ने<br>२. सामाजिक सञ्जाल, पत्र-पत्रिका, सभा, गोष्ठीका माध्यमबाट प्रचार-प्रसार गर्ने<br>३. पर्यटकीय स्थलहरूको भ्रमण गराइ व्यक्ति र सङ्घसंस्थाहरूको कार्य बताउने | १. विद्यार्थीहरूसँग प्रमुख पर्यटकीय स्थल सताक्षीधाम, दोमुखा, माइधाम, चिल्लागढसम्बन्धी विविध प्रश्नोत्तर गर्ने<br>२. दोमुखा कस्तो पर्यटकीय स्थल हो ?<br>३. पर्यटकीय स्थलहरु अवलोकन-भ्रमण गराइ परियोजना कार्य गराउने । | |
| | ११. प्राकृतिक स्रोतहरूको महत्त्व एवं फाइदा बताउन | १२. प्राकृतिक स्रोतहरूको महत्व एवं फाइदाहरू ( वनजङ्गल, चुरे पहाड, नदीजन्य पदार्थहरू, पानी, जडिबुटी, ढुङ्गा, गिटी, बालुवा आदि) | १. विद्यार्थीहरूलाई जङ्गल, नदीनाला, सिमसार अवलोकन गराइ त्यसबाट हुने फाइदा र महत्वहरूबारे छलफल गराउने<br>२. नदीजन्य वस्तु र वनपैदावरको जानकारी गराउने स्थानीय अभिभावकहरूसँग अन्तर्क्रिया गरी विद्यार्थीहरूसँग प्रश्नोत्तर गर्ने | १. वनपैदावर भनेको के हो ?<br>२. वन पैदावारको फाइदा एवं महत्त्व लेख्नुहोस् ।<br>३. नदीजन्य पदार्थ भनेको के हो ? यसको महत्त्व लेख्नुहोस् । | |
| | १२. फोहोरको उचित व्यवस्थापनबाट हुने फाइदाहरू | १३. फोहोर व्यवस्थापन प्रविधिहरू (धातुजन्य टिन, फलाम, तामा, पित्तल, कागज तथा कार्टुन, प्लाष्टिक, सिसा आदि) | विद्यार्थीहरूलाई फोहोर संकलन गर्ने प्रविधि, सड्ने र नसड्ने फोहोर अवलोकन गराइ त्यसबाट हुनसक्ने फाइदाहरू सम्बन्धी प्रश्नोत्तर गर्ने | १. स्थानीयस्तरमा पाइने फरक गुण भएका फोहोरहरूको सूची तयार पार्नुहोस् ।<br>२. फोहोरलाई मोहर बनाउने प्रविधि भनेको के हो ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | १३. स्थानीयस्तरमा हुने विपद्हरूबाट सुरक्षित रहने उपायहरू बताउन | १४. विपद् व्यवस्थापनका उपायहरू (स्थानीयस्तरका जलडुबान, सर्पदंश, हात्ती आतङ्क, बाढी, नदी कटान आदिको सामान्य जानकारी) | १. स्थानीय ठाउँको अवलोकन गराइ जलडुबान, हात्ती आतङ्क, बाढी, सर्पदंशका बारेमा छलफल गराउने र सचेतना कार्यक्रममा सहभागिता जनाउने<br>२. विपद्सम्बन्धी विविध प्रश्नोत्तर गर्ने | १. विपद्को अर्थ भन्नुहोस् ।<br>२. स्थानीयस्तरमा हुने विपद्को सूची तयार पार्नुहोस् ।<br>३. विपद्बाट बच्न के-के गर्नुपर्छ ?<br>४. जल डुबानबाट बच्न के गर्नुपर्छ ?<br>५. हात्ती आतङ्कबाट बच्न के-के गर्न सकिन्छ ? | |
| ५. स्थानीय सङ्घ संस्था तथा महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व | १४. नगरका प्रशासनिक निकायहरूको नाम तथा कार्य उल्लेख गर्न | १५. नगरभित्रका प्रशासनिक निकायहरू (शिवसताक्षी नगरपालिका, वडा कार्यालयहरू, प्रहरी कार्यालय) | १. विद्यालय, क्याम्पसहरू, निजी आवासीय विद्यालय, वडा, नगर कार्यालय, शिक्षा शाखा, स्वास्थ्य कार्यालय, वन कार्यालय, सिँचाई कार्यालयबारे तथ्य कुराहरू जानकारी दिने<br>२. स्थलगत भ्रमण गराई तथ्य कुराहरूको टिपोट गर्न लगाउने र हाजिरी जवाफ जस्ता क्रियाकलाप गराउने | १. हाम्रो नगरमा क्याम्पस र विद्यालयका सङ्ख्याहरू कति वटा रहेका छन् ? (परियोजना कार्य, लिखित र मौखिक प्रश्न) | |
| | १५. ज्येष्ठ नागरिक, आदिवासी जनजाती महासंघ, महिला, दलित, | १६. सामुदायिक सङ्घसंस्थाहरू (ज्येष्ठ नागरिक, आदिवासी जनजाती, | १. जातीय, लैङ्गिक लक्ष्यित वर्गका संस्थाहरुको चिनारी, योगदान वर्णर्नगर्न लगाउने | १. जनजाति महासङ्घ र ज्येष्ठ नागरिक समाजका योगदानहरू वर्णन गर्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | सिमान्तकृत, खस आर्य लगायत अपाङ्गता ( फरकक्षमता भएका) लगायत अन्य सङ्घसंस्थाका काम र योगदान वर्णन गर्न | महिला, दलित, सिमान्तकृत, खस, आर्य, अपाङ्गता लगायत लक्षित समूहका संस्थाहरू) | २. त्यस्ता सङ्घसंस्थाहरूको शिक्षकले विस्तृत जानकारी गराउने, सकेसम्म ती संस्थाहरूमा स्थलगत भ्रमण गराई तथ्य जानकारी लिन लगाउने । | (परियोजना कार्य, लिखित र मौखिक प्रश्न) | |
| | १६. स्थानीय हास्यकलाकार, गायक, खेलाडी सहित श्रष्टाहरूको योगदान बताउन | १७. हाम्रा प्रेरक व्यक्तिहरू वरिष्ठ हाँस्यकलाकार मनोज गजुरेलको जीवनी, राष्ट्रिय फूटबल खेलाडी सञ्जित राई, राष्ट्रिय गायक टङ्क बुढाथोकी तथा देवनारायण चौधरी, गायक निला थापा राईको छोटो परिचय) | १. जीवनी, चित्र, अभिलेख, कथ्यहरू, योगदानहरू, लेखाएर छलफल गराउने<br>२. बहुक्षेत्रमा योगदान पुऱ्याउने बहुव्यक्तित्वहरूको सूची प्रस्तुतीकरण गर्ने | १. हास्यकलाकार मनोज गजुरेलको छोटो चिनारी बताउनुहोस् ।<br>२. सञ्जित राई कुन क्षेत्रका खेलाडी हुन् ? परिचय दिनुहोस् । (परियोजना कार्य, लिखित र मौखिक प्रश्न) | |
| ६. नगर गौरब तथा पूर्वाधार विकास आयोजना | १७. नगर भित्रको खाने पानीको अवस्था थाहा पाउन । | १८. स्वस्थ जीवनका लागि स्वच्छ खानेपानी (खाने पानीको श्रोत (धारा, ट्युवेल खानेपानीको अवस्था -धाराको पानी खाने, धाराको पानी खानेको प्रतिशत, खानेपानीको ओभरहेडको अवस्था) | सबै वडाको खानेपानीको अवस्था वताई स्वच्छ खानेपानीको महत्त्व भन्न लगाउने । | नगरको कुनकुन वडामा व्यवस्थित खानेपानी आयोजना रहेका छन् ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | १८. शिवगञ्ज नगर अस्पतालको परिचय दिन । | १९. शिवगञ्ज नगर अस्पताल शिवगञ्ज नगर अस्पताल - परिचय, अस्पतालले दिने सुविधा, लाभान्वित जनता, महत्त्व) | शिवगञ्ज नगर अस्पताल भ्रमण गराई त्यस अस्पतालवाट प्राप्त उपलव्ध सेवा सुविधाका वारेमा भन्न लगाउने । | शिवगञ्ज नगर अस्पतालले कुनकुन सेवा प्रवाह गरेको छ ? | |
| | १९. दुधे रङगशाला वारे विस्तृत जानकारी दिन । | २०. हाम्रो दुधे रङशाला ( दुधे रङशाला -परिचय निर्माणकालिन प्रयास, आर्थिक लगानी, दर्शक क्षमता, क्षेत्रफल, फुटवल, भलिवल, एथलेटिक्स, इन्डोरगेम्स) | रङ्गशालामा खेल खेलाउन लैजाने, अवलोकन गर्ने, तथ्य वुझाउने र नगरको खेलकुद विकासमा रङ्गशालाको महत्त्व व्यक्त गर्न लगाउने । | दुधे रङ्शालाको भ्रमण पश्चात नगरपालिकामा गई नगर प्रमुखसँग रङशालाबारे गरेको अन्तर्वाता प्रस्तुत गर्नुहोस् । | |
| ७. नैतिक शिक्षा तथा आयुर्वेद | २०. उच्च ओहदाका व्यक्तिहरूलाई स्तर अनुसारको आदर र सम्मान गर्न | २१. उच्च ओहदाका ख्यातिप्राप्त व्यक्तित्वहरू ( राष्ट्रपति, प्रधानमन्त्री, साहित्यकार, चलचित्रकर्मी, सङ्गीतकर्मी, गायक, इतिहासविद्, विभिन्न क्षेत्रका मान्य व्यक्तिहरू<br>२२. स्तर अनुसारका विभिन्न सम्बोधनका शब्दहरू ( सम्माननीय, माननीय, आदरणीय, श्रद्धेय, अग्रज आदि) | १. कक्षामा कुनै विद्यार्थीलाई ख्यातिप्राप्त व्यक्ति र कुनै एकलाई सामान्य व्यक्तिको अभिनय गर्न लगाई ती दुबैलाई एक अर्कोबिच अभिनय गरी आवश्यकताअनुसार सम्मान र माया प्रकट गर्न लगाउने<br>२. नगरभित्र रहेका ख्यातिप्राप्त व्यक्तिहरूको सूची बनाउन लगाई त्यस्ता व्यक्तिको सम्मानमा प्रयोग हुने मर्यादाक्रमबारे छलफल गराउने | १. सम्माननीय भनेर ककसलाई सम्बोधन गरिन्छ?<br>२. सामान्यतया आफूभन्दा ठुलालाई के भनेर सम्बोधन गरिन्छ ?<br>३.आफूभन्दा ठुला र आफूभन्दा सानालाई गरिने सम्मानजनक शब्दहरूको छुट्टाछुट्टै सूची बनाउनुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | २१. स्थानीय जडिबुटीहरूको प्रयोग, महत्त्व र संरक्षणबारे बताउन | २३. स्थानीय जडिबुटीहरू ( टिमुर, कागती आदि) को प्रयोग, महत्त्व र संरक्षण | १. विद्यार्थीहरूलाई स्थानीय जडिबुटीहरूको नाम भन्न लगाउने<br>२. सम्बन्धित जडिबुटी प्रत्यक्षरुपमा अवलोकन गराएर त्यसबारे चर्चा गर्ने<br>३. जडिबुटीहरू प्रयोगबारे विद्यार्थीहरूका अनुभवहरूमाथि छलफल गर्ने र आवश्यक निर्देशन गर्ने आधुनिक चिकित्सा पद्धति र आयुर्वेदिक चिकित्सा पद्धतिबिचका फरकहरूमाथि चर्चा गरी जडिबुटीको प्रयोग र यसका सावधानीहरूमाथि छलफल गर्ने | १. कस्तो अवस्थामा टिमुरको प्रयोग गर्नुहुन्छ ?<br>२. कागतीले के कस्ता समस्या समाधान गर्छ ?<br>३. टिमुर र कागतीको खेती कस्तो भूगोलमा हुन्छ ? | |
| | २२. नैतिक आचरणको विकास गर्न | २४. नीतिकथा (अल्छी बन्नु नहुने, असल, ज्ञानी, हँसिलो, मिजासिलो, इमान्दार, सर्वप्रिय, आदर्श, नैतिकवान्, चरित्रवान् आदि) | ४. जाँगरिलो, सहयोगी, धैर्यवान्, खराम काम नगर्ने, नरिसाउने, नढाँट्ने, दानी, नचोर्ने, नछल्ने, कसैलाई अनावश्यक कष्ट नदिने आदि कक्षामा नीतिकथामार्फत् उदाहरण प्रस्तुत गर्ने<br>५. आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्नुपर्छ भन्ने भावनाको विकास गराउने कक्षामा रहेका सहयोगी, मिलनसार, कर्तव्यनिष्ठ विद्यार्थीहरूको उदाहरण दिएर अन्यलाई पनि सर्वप्रिय पात्र बन्न प्रोत्साहित गर्ने | १. हामी किन सधैं फुर्तिलो रहनुपर्छ ?<br>२. सबैसँग मिलनसार व्यवहार गर्दा कस्ता फाइदा हुन्छ ? लेख्नुहोस् ।<br>३. चोरी गर्दा आइपर्ने समस्या के कस्ता छन् ?<br>४. नेटबाट कुनै नीतिकथा खोजेर ल्याउनुहोस् । | |

## शिवसताक्षीको पहिचान (स्थानीय पाठ्यक्रम), कक्षा ८

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो नगरको परिचय | १. आफ्नो नगरपालिकाको जानकारीमूलक तथ्यहरू सङ्क्षेपमा बताउन | १. नगरको स्थापना, नामकरण प्रक्रिया र अर्थ, वडा सङ्ख्या तथा ऐतिहासिकता | १. विद्यार्थीको समूह बनाई नगरका तथ्यहरूबारे छलफल गराई टिपोट गर्न लगाउने<br>२. प्राप्त टिपोट र स्वनिर्मित सामग्री प्रदर्शन गरी विषयवस्तुको थप जानकारी गराउने<br>३. नगरको स्थापना मिति, नामकरण प्रक्रिया, भूगोल आदिको तथ्यलाई प्रश्नोत्तरका माध्यमबाट अभ्यास गराउने | १. हाम्रो नगरपालिकाको स्थापना कहिले भएको हो ?<br>२. हाम्रो नगरपालिका कुन कुन गा. वि. स. मिलेर बनेको हो ?<br>३. हाम्रो नगरपालिकाका नगरप्रमुख र उपप्रमुखको नाम लेख्नुहोस् ।<br>४. हाम्रो नगरपालिकाको नाम शिवसताक्षी किन भएको हो ? लेख्नुहोस् । मौखिक र लिखित प्रश्न | |
| | २. नगरको नक्सा निर्माण गरी उपयुक्त विषयवस्तु सङ्केतद्वारा देखाउन | २. नगरको प्राकृतिक र राजनैतिक नक्सा निर्माण (नदी, वन, चुरेपहाड, न.पा. कार्यालय, वडा कार्यालयहरू, धार्मिक र पर्यटकीय क्षेत्र, सार्वजनिक क्षेत्र, क्याम्पस, मुख्य विद्यालय, बजार, सामुदायिक भवन आदि) | १. आफ्नो नगरको प्राकृतिक गुगल नक्सा प्रदर्शन गरी विद्यार्थीलाई उपयुक्त स्थानमा प्राकृतिक तथ्यहरू भर्न अभ्यास गराउने<br>२. नगरको राजनीतिक नक्सा प्रस्तुत गर्दै नक्सा बनाउन लगाई राजनीतिक विषयवस्तुहरू भर्न सिकाउने<br>३. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी नगरको प्राकृतिक र राजनैतिक नक्सा बनाउन लगाई | १. आफ्नो नगरको नक्सा बनाई निम्न तथ्यहरू भर्नुहोस् : नगरपालिका कार्यालय, दोमुखा, चिल्लागढ पोखरी, झापा इनर्जी<br>२. नगरको नक्सामा सतासीधाम बहुमुखी क्याम्पस, शिवगन्ज बहुमुखी क्याम्पस, गणेशमान प्राविधिक अध्ययन प्रतिष्ठान, वाटर किङडम | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | विभिन्न तथ्यहरू भरी प्रतियोगिता सञ्चालन गर्ने र कक्षाकोठामा सजावटका लागि व्यवस्थापन गर्ने | पार्क, कनकाई मन्दिर र मङ्गलबारे बजार देखाउनुहोस् ।<br>३. नगरको सुन्दर नक्सा निर्माण गरेर ल्याउनुहोस् ।<br>मौखिक, लिखित प्रश्न र परियोजना | |
| | ३. आफ्नो नगरपालिका क्षेत्रको जग्गाको वर्गीकृति अवस्थाबारे बताउन | ३. नगरको जग्गाको वर्गीकृत विवरणसहितको नक्सा -कृषि, आवास, सहरी र औद्योगिक क्षेत्र ) | १. आफ्नो नगरमा मुख्य कृषि क्षेत्र कहाँ कहाँ पर्दछन् ? नक्सा हेरी ठाउँ टिपोट गर्न लगाउने<br>२. आवस क्षेत्रका लागि आवश्यक पर्ने सेवा तथा पूर्वाधारबारे छलफल गराई निष्कर्षमा पुग्ने र आवश्यक सर्तहरू टिपोट गर्न लगाउने<br>३. औद्योगिक क्षेत्रको अवधारणाबारे जानकारी प्रदान गर्ने | १. कनकाई नहरले कुन कुन वडामा सिचाइ सुबिधा पुऱ्याउँछ ?<br>२. आवास क्षेत्रका लागि आवश्यक पर्ने कुनै तीन पूर्वाधारहरू लेख्नुहोस् ।<br>३. औद्योगिक क्षेत्रका लागि आवश्यक सर्तहरू के के हुन् ? लेख्नुहोस् । (मौखिक, लिखित प्रश्न र परियोजना कार्य) | |
| २. स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा | ४. नगरभित्र बोलिने विभिन्न भाषाका रचनात्मक सामग्रीको परिचय दिन | ४. नगरभित्रका मातृभाषाका लिखित सामग्रीहरू ( नगरभित्रका मातृभाषामा आधारित किरात समुदायको मुन्धुम, वेद, विभिन्न जातिका | १. शिक्षकले विभिन्न जातजातिसँग सम्बन्धित मातृभाषामा आधारित सामग्रीहरू प्रस्तुत गर्दै धार्मिक लगायत विशिष्ट ग्रन्थहरूको परिचय गराउने<br>२. धार्मिक ग्रन्थ नभएका तर | १. मुन्धुम भनेको के हो ?<br>२. वेदको सार पक्ष के हो ?<br>३. राजवंशी, धिमाल, भुजेल, मुस्लिम, नेवार, तामाङ जातिका धार्मिक ग्रन्थहरू | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| सांस्कृतिक सम्पदा | ४. नगरभित्र बोलिने विभिन्न भाषाका रचनात्मक सामग्रीको परिचय दिन | वंशावली र धार्मिक ग्रन्थहरू, जातिविशेषका कथा, कहानी) | मातृभाषामा रचित विभिन्न कथा, कहानी, किस्सा आदि भए सोसमेत खोज गरी परिचय तथा सार कुरा बताइ दिने<br>३. मातृभाषामा रचना भए विद्यार्थीलाई समुदायमा खोजी गर्न लगाउने<br>४. प्राचीन महत्त्वका सामग्री र रचनाबाट प्राप्त शिक्षाको सार कुरा बताउँदै तिनको जगेर्ना गर्न प्रेरित गर्ने । | कुन कुन रहेका छन् ?<br>४. प्राचीन लिखित सामग्रीको जगेर्ना किन गर्नुपर्छ ? ( मौखिक तथा लिखित प्रश्न) | |
| | ५. नगरभित्रका ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थलहरूको सविस्तार परिचय दिन | ५. हाम्रो नगरका धार्मिक तथा सांस्कृतिक स्थलहरूको ऐतिहासिक महत्त्व (सताक्षीधाम र चिल्लागढधाम) | १. सताक्षीधाम र चिल्लागढधामका बारेमा विद्यार्थीलाई के कति पूर्वज्ञान छ, सोध्ने<br>२. ती धामहरूमा विद्यार्थीले देखेका कुराहरू बताउन लगाउने<br>३. दुबै धामको भिडियो, तस्बिर र लिखित सामग्री प्रस्तुत गर्दै त्यहाँको ऐतिहासिक पक्षको चिनारी गराउने<br>४. यी दुबै धामहरू नगरको इतिहाससँग सम्बन्धित भएकाले हामीले गौरब गर्नुपर्छ भनी बताउने<br>५. सताक्षीधाम, चिल्लागढधामसँगै माइधामको समेत चर्चा गर्दै नगरको त्रिधामको अवधारणा दिने । | १. नगरभित्रका त्रिधाम कुन कुन हुन् ?<br>२. चिल्लागढमा कुन कुन मठमन्दिरहरू रहेका छन् ?<br>३. सताक्षीधामको छोटो परिचय दिनुहोस् ।<br>४. चिल्लागढधामको छोटो परिचय दिनुहोस् ।<br>५. चिल्लागढ र सतासीधामको ऐतिहासिक महत्व के छ ?<br>६. परियोजना कार्य : सताक्षीधाम र चिल्लागढधामको स्थलगत भ्रमण गरी प्रतिवेदन तयार गर्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | ६. नगरभित्रका जातजातिका बाजागाजा बजाउन र स्थानीय जातजातिका सांस्कृतिक नृत्यमा सहभागिता जनाउन | ६. स्थानीय गीत, संगीत र नृत्यमा हाम्रो प्रस्तुति (धान नाच, चण्डी नाच, साकेला नाच, सन्थाली नाच, लाखे नाच, सङ्गिनी नाच, तामाङसेलो, ताजपुरिया..., भैली र देउसी नाचहरू, तीनमा गाइने गीत र बजाइने बाजाहरू) | १. विभिन्न समुदायका विद्यार्थीलाई आ-आफ्ना जातजातिसँग सम्बन्धित मौलिक गीत, सङ्गीत र नृत्यबारे बताउन लगाउने र तिनको गायन, वाद्यबादन र नृत्य प्रक्रिया समेत सोध्ने<br>२. खास केही जातजातिका नृत्यका भिडियो सामग्रीहरू प्रस्तुत गर्दै तिनको सैद्धान्तिक पक्षबारे सविस्तार चर्चा गर्ने<br>३. नगरभित्र बसोबास गर्ने केही जातजातिहरूका स्थानीय/लोक गीत, लोक सङ्गीत र लोक नृत्यहरू विज्ञवर्ग तथा शिक्षकबाट सङ्कलन गर्ने र विद्यार्थीलाई सविस्तार जानकारी गराउने<br>४. विद्यालय वा अन्यत्र पनि कुनै अवसर पारेर विद्यार्थीलाई त्यस्ता जातीय नृत्यमा सहभागी गराउने<br>५. मौलिक नृत्य प्रस्तुत गरिने स्थलमा सम्भव भएसम्म विद्यार्थीलाई उपस्थित गराई प्रत्यक्ष अवलोकन गराउने<br>६. विशेष अवसर पारेर मौलिक वेशभूषामा अन्य कक्षाका विद्यार्थीहरूलाई समेत सहभागी गराई साङ्गीतिक प्रस्तुती गराउने | १. ताजपुरिया, धिमाल, भुजेल जातिका जातीय नृत्यलाई के भनिन्छ ?<br>२. मगर र गुरुङका जातीय नृत्य कस्ता हुन्छन् ?<br>३. धान नाच कस्तो अवसरमा नाचिन्छ ?<br>४. लाखे नाच कुन जातिको लोकनृत्य हो ?<br>५. देउसी भैलो कहिले नाचिन्छ ?<br>६. चण्डी वा साकेला नाच कसरी नाचिन्छ ? समूहमा प्रस्तुत गर्नुहोस् ।<br>७. परियोजना कार्य : विद्यालयको समन्वयमा समूहगत रूपमा जातीय नृत्य प्रस्तुत गर्नुहोस् ।<br>(मौखिक तथा लिखित प्रश्न) | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | ७. यस्ता मौलिक स्थानीय लोक नृत्यहरूलाई नगरपालिकाको समन्वयमा अन्तर विद्यालय स्तरमा कार्यक्रम गरी सम्पन्न गर्ने साथै विद्यालयमा सहक्रियाकलाप र अतिरिक्त क्रियाकलापसँग एकीकृत गर्ने । | | |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ७. स्थानीय सिप र प्रविधिमार्फत स्वरोजगार बन्ने उपाय बताउन<br>८. नयाँ पुस्तामा श्रम र सिपको सम्मान गर्ने बानीको विकास गर्न | ७. स्थानीय ज्ञान, सिप र प्रविधिको सृजनशील प्रयोग<br>५. उद्यमशीलता र रोजगारी<br>(क) सङ्घर्षको कथा<br>(ख) एक सङ्घर्षशील उद्यमीको जीवनी | १. परम्परागत सिप तथा प्रविधिको समयसापेक्ष प्रयोग गरी पेसागत दक्षता हासिल गरिएका उदाहरण सहितको चित्र देखाइ विद्यार्थीहरूलाई त्यसका उपयोगिताका बारेमा भन्न लगाउने ,<br>२. विद्यार्थीहरूलाई गाउँघरमा अरुको कार्यालय / अफिसमा जागिर खानुभन्दा आफै व्यवसाय गरेर स्वरोजगार बनेका मानिसहरूको खोजी गरी उनीहरूको सहास र मेहनतको कुरा समेटी एउटा लेख तयार पार्न लगाउने । | १. परम्परागत सिप तथा प्रविधि भन्नाले के बुझिन्छ ?<br>२. नेपालमा रोजगारी अवस्था कस्तो छ ?<br>३. .हामीले किन श्रमको सम्मान गर्नुपर्छ ?<br>४. जागिर भन्दा व्यवसाय वेश भन्ने शीर्षकमा एउटा लेख तयार पार्नुहोस्<br>५. परियोजना कार्य<br>-तपाईको स्थानीय तहमा नया उद्योग खोल्न एक कस्तो प्रावधान राखिएका छन् ? नगरपालिकाको कार्यालयमा गई सोधपुछ गरेर त्यसका प्रावधानहरू उल्लेख गर्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| ४. पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन | ९. स्थानीय हावापानी, वातावरण संरक्षणका उपायहरु र संरक्षणबाट हुने फाइदाहरू बताउन | ८. स्थानीय जलवायु तथा वातावरण संरक्षण ( स्थानीयस्तरको अवलोकन गराइ पानी सजिलै नपाइने क्षेत्र, सिञ्चित क्षेत्र आदि) | १. स्थानीय क्षेत्रको अवलोकन गराइ त्यहाँको वातावरणसम्बन्धी छलफल गराउने<br>२. जलवायु तथा वातावरण संरक्षणका उपायहरूबारे स्थानीय अभिभावकहरूसँग छलफल गराउने<br>३. वातावरण संरक्षणबाट हुने फाइदा सम्बन्धमा प्रश्नोत्तर गर्ने | १. स्थानीयस्तरका हावापानी र वातावरण संरक्षण, वृक्षारोपण, नदी नियन्त्रण किन आवश्यक छ ?<br>२. स्थानीय पालिकाभित्रका सिञ्चित क्षेत्र कुन-कुन हुन् ?<br>३. सुख्खा क्षेत्र कुन-कुन हुन् ? (लिखित, मौखिक र परियोजना कार्य) | |
| | १०. प्राकृतिक स्रोतको व्यवस्थापनमा व्यक्ति, सङ्घसंस्था र स्थानीय तहको भूमिका बताउन | ९. प्राकृतिक स्रोतहरूको व्यवस्थापन (हावापानी, वनजङ्गल, नदिनाला, वनपैदावर आदि) | १. नगरभित्रका वनजङ्गल, नदीनाला अवलोकन गराइ वनपैदावर, नदीजन्य वस्तुहरूका बारेमा अन्तर्क्रिया गराउने<br>२. प्राकृतिक स्रोत संरक्षणको आवश्यकता र महत्त्वबारे छलफल एवम् प्रश्नोत्तर गर्ने<br>३. स्थलगत भ्रमण गराई प्रतिवेदन तयार गर्न लगाउने । | १. प्राकृतिक सम्पदाको संरक्षण किन आवश्यक छ र संरक्षण गर्न के-के गर्न सकिन्छ ?<br>२. प्राकृतिक स्रोत संरक्षणमा व्यक्ति, सङ्घसंस्था र स्थानीय तहको भूमिका के के हुनुपर्छ ?<br>३. परियोजना कार्य | |
| | ११. विपद्का बारेमा सूचना लिन र विपद् व्यवस्थापनमा सरिक हुन | १०. विपद्को सूचना एवं व्यवस्थापन (बाढी पहिरो, हात्ती आतङ्क, सपर्दश, जलडुबान आदि) | १. मौसमसम्बन्धी पूर्व अनुमानको सूचना ग्रहण गर्न के गर्ने ?<br>२. विपद्मा परेका ठाउँहरूको अवलोकन गराइ आफ्नो भूमिका के-कस्तो हुनुपर्छ भनी छलफल गराउने | १. विपद्को सूचना के-कसरी प्राप्त गर्न सकिन्छ ?<br>२. हामी र हाम्रो दायित्व विपद्मा के- कस्तो हुनुपर्छ? बुँदा टिपोट गर्नुहोस् ।<br>३. परियोजना कार्य : विपद् | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | | | ३. विपद् व्यवस्थापन कार्यमा सरिक गराई अनुभव आदानप्रदान गराउने । | व्यवस्थापनका बारेमा प्रतिवेदन गर्न लगाउने । | |
| ५. स्थानीय सङ्घ संस्था तथा महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व | १२. नगरमा अवस्थित शैक्षिक, साहित्यिक, वित्तीय तथा कानुनी सङ्घसंस्थाहरूको उद्देश्य र योगदानहरू उल्लेख गर्न । | ११. हाम्रा शैक्षिक, साहित्यिक तथा वित्तीय संघसंस्थाहरू विद्यालय, गणेशमानसिं प्रतिष्ठान, प्राविधिक धारका विद्यालयहरू, क्याम्पस, वित्तीय सङ्घसंस्थाहरू, झापा ईनर्जी, नवनासो साहित्य प्रतिष्ठान, पारालिगल सेवा समाज) | १. यस नगरका विभिन्न सङ्घ संस्था, सरकारी निजी संस्थाहरूको उद्देश्यहरू बताई दिने ।<br>२. संस्थाहरूका वस्तुगत रुपमा, अवलोकन र परियोजना कार्यमा संलग्न गराउने ।<br>३. सङ्घ संस्थाले आपसी सहिष्णुता, समझदारी र सामुहिक कार्यमा अघि बढ्न मद्दत गर्ने संस्कार व्यक्त गरिदिने । | १. सार्वजानकि सङ्घ संस्था, क्याम्पस, स्कूलका ५/५ वटा उद्देश्यहरू बताउनुहोस् । परियोजना कार्य, लिखित र मौखिक | |
| | १३. नगर गौरवका लागि विविध क्षेत्रमा योगदान पुऱ्याउने स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय ख्याति प्राप्त प्रतिभाहरूको योगदान उल्लेख गर्न । | १२. महत्वपूर्ण व्यक्तिका जीवनी र योगदान (लोक गायक तथा सङ्गीतकार जीतेन राईको जीवनी, गायक राम भण्डारी, साहित्यकारहरू उमानाथ दाहाल, दधिराम खनाल, पदमप्रसाद दाहाल, सेलिङ्ग के.सी., दिलीप घिमिरे, वीरेजी थोक्लिहाङ र बेगेन्द्र सुब्बा) | महत्वपूर्ण ऐतिहासिक व्यक्तिहरुको जीवनीबाट उत्प्रेरित र अनुशरण गर्ने प्रवृत्तिको विकासमा जोड दिने । | १. लोक गायक जीतेन राईको जीवनीबाट के प्रेरणा पाउन सकिन्छ ? परियोजना कार्य, लिखित र मौखिक | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| ६. नगर गौरब तथा पूर्वाधार विकास आयोजना | १४. नगरमा विद्युतको अवस्था वारे वताउन । | १३. शिवसताक्षी नगरमा उर्जाको अवस्था (विद्युतको प्रसार सम्वन्धि (मुख्य मुख्य चोकमा सडक वत्तीको अवस्था, सवै वडाहरूमा विद्युत पोल र ट्रान्समिसन लाईनको अवस्था, विजुली लाईन नपुगेको वडाका गाउँहरू) | १. विद्युत् नभएको अवस्थामा विधार्थीहरू कसरी अध्ययन गर्थे, भन्न लगाउने ।<br>२. विद्युत्को महत्त्ववारे व्यक्त गर्न लगाउने ।<br>३. सौर्य उर्जा र अन्य उर्जावीचको भिन्नता दर्साई सौर्य उर्जाको महत्त्व भन्न लगाउने । | १. सौर्य ऊर्जा भनेको के हो ? (१)<br>२. सौर्य ऊर्जाको महत्त्व लेख । (४) | |
| | १५. झापा इनर्जीको वारेमा विस्तृतमा वताउन । | १४. सौर्य उर्जा, झापा इनजी झापा इनर्जी (परिचय, क्षेत्रफल, उर्जा, क्षमता, लगानी, प्रविधिको जानकारी, आवश्यक इक्विप्मण्टको जानकारी, महत्त्व, उपयोगिता) | झापा ईनर्जी - सौर्य उर्जाले नगरको प्रचार प्रसारमा कसरी मद्धत गरेको छ भन्ने वारेमा व्यक्त गर्न लगाउने । | १. झापा इनर्जीको भ्रमण पश्चात तपशिलको शीर्षकमा एक रिपोर्ट तयार गर ।<br>- रिपोर्टको शिर्षक, उद्देश्य, विश्लेषण, निष्कर्ष । | |
| ७. नैतिक शिक्षा तथा आयुर्वेद | १६. आफ्नो राष्ट्रप्रति सम्मान गर्दै दुर्व्यसनरहित सभ्य समाज निर्माण गर्न | १५. राष्ट्रिय गौरवका क्षेत्रहरू (राष्ट्रको नाम, नक्सा, राष्ट्रिय चिन्ह, राष्ट्रिय जनावर, राष्ट्रिय पोसाक, राष्ट्रिय झन्डा, लोगो आदि) | १. कालोपाटीमा नेपालको नक्सा बनाई राष्ट्रिय गौरव र महत्त्वका विषयमा कक्षामा छलफल गराउने<br>२. नेपालको झन्डा बनाउन लगाइ त्यसका प्रयुक्त विविध पक्षहरूको चर्चा गर्ने<br>३. कुनै विद्यार्थीलाई लागूपदार्थ दुर्व्यसनीमा फँसेको अभिनय गर्न लगाएर त्यसले समाजमा पार्ने नकारात्मक असरबारे चर्चा गर्ने | १. स्वास्थ्यमा हानि र लाभ पुऱ्याउने विभिन्न पदार्थहरुको छुट्टाछुट्टै सूची बनाउनुहोस् ।<br>२. कुलतमा फँसेका साथीलाई कुलतबाट बच्न तपाईं के सुझाव दिनुहुन्छ ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पा.घ. |
|---|---|---|---|---|---|
| | १७. स्थानीय जडिबुटीहरूको प्रयोग, महत्त्व र संरक्षणबारे बताउन | १६. स्थानीय जडिबुटीहरू ( हर्रो, बर्रो आदि) को नाम, प्रयोग, महत्त्व र संरक्षण | १. विद्यार्थीहरूलाई स्थानीय जडिबुटीहरूको नाम भन्न लगाउने<br>२. सम्बन्धित जडिबुटी प्रत्यक्षरुपमा अवलोकन गराएर त्यसबारे चर्चा गर्ने<br>३. जडिबुटीहरू प्रयोगबारे विद्यार्थीहरूका अनुभवहरूमाथि छलफल गर्ने र आवश्यक निर्देशन गर्ने<br>४. आधुनिक चिकित्सा पद्धति र आयुर्वेदिक चिकित्सा पद्धतिबिचका फरकहरूमाथि चर्चा गरी जडिबुटीको प्रयोग र यसका सावधानीहरूमाथि छलफल गर्ने | १. तिम्रो घर-आँगनमा कुन-कुन जडिबुटीहरू रहेका छन् ?<br>२. विद्यार्थीलाई उनीहरूले प्रयोग गरेको जडिबुटीको नाम भन्न लगाउने र त्यो कुन अवस्थामा प्रयोग गरिएको थियो भन्नेबारे सोध्ने<br>३. हामीले किन जडिबुटीको संरक्षण गर्नुपर्छ ? | |
| | १८. नैतिक तथा आदर्शवान् नागरिक बन्न | १७. सुकर्ममा विश्वास राख्ने, असल, ज्ञानी, हँसिलो, मिजासिलो, इमान्दार, सर्वप्रिय, आदर्श, नैतिकवान्, चरित्रवान् आदि) | १. सुकर्ममा विश्वास राख्ने, जाँगरिलो, सहयोगी, धैर्यवान्, खराम काम नगर्ने, नरिसाउने, नढाँट्ने, दानी, नचोर्ने, नछल्ने, कसैलाई अनावश्यक कष्ट नदिने आदि कक्षामा नीतिकथामार्फत् उदाहरण प्रस्तुत गर्ने<br>२. आफूभन्दा सानालाई माया र ठुलालाई आदर गर्नुपर्छ भन्ने भावनाको विकास गराउने<br>३. कक्षामा रहेका सहयोगी, मिलनसार, कर्तव्यनिष्ठ विद्यार्थीहरूको उदाहरण दिएर अन्यलाई पनि सर्वप्रिय पात्र बन्न प्रोत्साहित गर्न | १. हामी किन असल कार्यका लागि सधैं तल्लीन रहनुपर्छ ?<br>२. किन समाजमा असल मानिसको सम्मान हुन्छ ?<br>३. खराब आचरण भएका मानिसलाई समाजले किन मन पराउँदैन ? | |

## कक्षागत सिकाइ उपलब्धिहरु

| क्षेत्र / एकाइ     कक्षा → | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|---|
| १. हाम्रो नगरको परिचय | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| २. स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | २ | ३ | ३ | ३ | ४ | ४ | ४ | ३ |
| ३. स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | २ | २ | २ | २ | २ | २ | २ | २ |
| ४. पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन | | | | ३ | ४ | ४ | ४ | ३ |
| ५. स्थानीय सङ्घसंस्था तथा महत्वपूर्ण व्यक्ति र व्यक्तित्व | | | | २ | २ | २ | ३ | २ |
| ६. नगर गौरब तथा पूर्वाधार विकास आयोजना | | | | २ | ३ | ३ | ३ | २ |
| ७. नैतिक शिक्षा तथा आयुर्वेद | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| **जम्मा सिकाइ उपलब्धि सङ्ख्या** | १० | ११ | ११ | १८ | २१ | २१ | २२ | १८ |

# कक्षागत पाठ्यघण्टा सारांश

| क्र.सं. | विषयगत क्षेत्र वा थिम | कक्षाहरू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | हाम्रो नगरको परिचय | ३२ | ३२ | ३२ | २० | २० | २० | २० | २० |
| २ | स्थानीय ऐतिहासिक, धार्मिक, भाषिक तथा सांस्कृतिक सम्पदा | ४८ | ४८ | ४८ | ३० | ३० | ३० | ३० | ३० |
| ३ | स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | ३२ | ३२ | ३२ | १५ | १५ | १५ | १५ | १५ |
| ४ | पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन | – | – | – | २० | २० | २० | २० | २० |
| ५ | स्थानीय सङ्घसंस्था तथा महत्वपूर्ण व्यक्ति र व्यक्तित्व | – | – | – | १५ | १५ | १५ | १५ | १५ |
| ६ | नगर गौरब तथा पूर्वाधार विकास आयोजना | – | – | – | १४ | १४ | १४ | १४ | १४ |
| ७ | नैतिक शिक्षा तथा आयुर्वेद | ४८ | ४८ | ४८ | १५ | १५ | १५ | १५ | १५ |
| | जम्मा | १६० | १६० | १६० | १२८ | १२८ | १२८ | १२८ | १२८ |

## ६. पठनपाठन समयावधि

कक्षा १, २ र ३ का लागि स्थानीय विषयको शिक्षण गर्न पाठ्यघण्टा (Credit Hour) ५ निर्धारण गरिएको छ र वर्षभरिमा कम्तिमा १६० घण्टा पढाइ हुनुपर्नेछ । ३२ घण्टाको १ पाठ्यघण्टा निर्धारण गरिएको छ । त्यस्तै कक्षा ४ देखि ८ सम्म स्थानीय विषयको शिक्षण गर्न पाठ्यघण्टा (Credit Hour) ४ निर्धारण गरिएको छ र वर्षभरिमा कम्तिमा १२८ घण्टा पढाइ हुनुपर्नेछ । विद्यार्थीहरूका लागि व्यावहारिक सिप आर्जनमा पर्याप्त समय उपलब्ध गराउनु पर्नेछ ।

## ७. सिकाइ सहजीकरण प्रक्रिया

यस पाठ्यक्रममा कक्षा १-३ र कक्षा ४-८ को सिकाइ सहजीकरण प्रक्रिया अलग अलग प्रस्तुत गरिएको छ ।

### ७.१ कक्षा १-३ को सिकाइ सहजीकरण प्रक्रिया

आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम (२०७६) का अनुसार प्रारम्भिक कक्षाहरूमा विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्नेछ । विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तर्सम्बन्धित गर्न सहज हुने, बालबालिकाहरूले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटन सहज हुने भएकाले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनु पर्नेछ ।

स्थानीय विषयको अध्ययनको विषयवस्तुलाई प्रभावकारी ढङ्गबाट पठनपाठन गर्नका लागि बालबालिकाहरूलाई जीवन्त अनुभवहरू गराउने खालको उपयुक्त शिक्षण विधि र प्रक्रिया अपनाउनुपर्दछ । कक्षा १, २ र ३ का बालबालिकाहरू कलिलो उमेरका हुने भएकाले बालकेन्द्रित शिक्षण विधि अपनाई शिक्षण गर्नु उपयुक्त हुन्छ । "गरेर सिक" को सिद्धान्त अनुसार विद्यार्थीको समूह बनाई ज्ञान, सिप र अभिवृत्ति विकास गराउन जरुरी छ । विद्यार्थीहरूलाई गीत, कविता, कथा, खेल, प्रयोग, प्रदर्शन, अभिनय आदिका माध्यमबाट विषयवस्तुको दख्खल गराउनुपर्छ । शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीहरूलाई परियोजना कार्यको समेत व्यवस्था गरी उनीहरूकै सक्रिय सहभागितामा सिकेको ज्ञान चीरस्थायी बनाएर जुनसुकै समस्या आइपरे पनि समाधान गर्न सक्ने सिपको विकास गराउन ध्यान दिनु आवश्यक हुन्छ । शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसार विविध शिक्षण विधिहरू प्रयोगमा ल्याउन सकिन्छ । केही सम्भावित विधिहरू देहायबमोजिम छन् :

क) प्रदर्शन विधि : चित्र, नक्सा, गुगल म्याप, युट्यूब आदिका माध्यमबाट अध्यापन गराउने ।

ख) सहयोगात्मक कक्षा : सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल / निष्कर्ष वा समाधान निकाल्ने ।

ग) स्थलगत अवलोकन/भ्रमण विधि : आफ्नो विद्यालय वरिपरि रहेका तथा नगर क्षेत्रभित्र रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको अवलोकन गराई सिकाउने ।

घ) परियोजना कार्य : धरातलीय स्वरूप, हावापानी, नदीनाला, सामाजिक रहनसहनसम्बन्धी परियोजना कार्य गराउने ।

ङ) कथाकथन एवम् गीत : विषयवस्तुलाई कथाको रूपमा प्रस्तुती तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्ने ।

च) भूमिका निर्वाहरअभिनय : सन्दर्भ र भूमिकाका बारेमा छलफल तथा निर्धारण, भूमिका वहन, छलफल र निष्कर्ष निकाल्ने ।

छ) छलफल र प्रश्नोत्तर : शिक्षक-विद्यार्थी, विद्यार्थी-शिक्षक, विद्यार्थी-विद्यार्थी बिचमा प्रश्न र उत्तर गराउने । प्रश्नोत्तरमा APPLE Formula प्रयोग गर्दै कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्न र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया अवलम्बन गर्ने ।

ज) खेल विधि : विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराउने ।

झ) प्रयोगात्मक विधि : कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराउने ।

ञ) समस्या समाधान विधि : समस्या पहिचान गराउने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गराउने ।

ट) सिर्जनात्मक कार्य : नक्सा अध्ययन, चित्र निर्माण, रङ भर्ने जस्ता कार्यहरूद्वारा सिकाइ गराउने ।

ठ) प्रविधियुक्त कक्षा : विभिन्न प्रविधिहरू, जस्तै : मोबाइल, कम्प्युटर, प्रोजेक्टर, मोबाइल आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गराउने ।

ड) स्वाध्ययन : विभिन्न किसिमका सामग्रीहरू उपलब्ध गराई विद्यार्थीहरू स्वयम्लाई स्वाध्ययन गराई सिकाइ गराउने ।

सिकाइ सहजीकरणका लागि निम्नानुसारका 'शैक्षिक सामग्रीहरू प्रयोग गर्न सकिनेछ :

क) नक्सा तथा चित्रहरू

ख) श्रव्य-दृश्य सामग्रीहरू

ग) चित्र कथाहरू

घ) स्थानीय धार्मिक तथा पर्यटकीय स्थलहरू

ङ) प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू

च) खेलकुदका सामग्रीहरू

छ) सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सामग्रीहरू

ज) आवश्यकताअनुसार अन्य सामग्रीहरू

**७.२कक्षा ४-८ को सिकाइ सहजीकरण प्रक्रिया**

यस विषयको सिकाइ सहजीकरण क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृति अनुसारको व्यावहारिक शिक्षण विधिको छनोट तथा सहजीकरण प्रक्रिया अवलम्बन गर्नुपर्दछ । शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको स्तर, रुचि, क्षमता र उमेर आदिलाई ध्यान दिनुपर्दछ । शिक्षण विधिको छनोट गर्दा विद्यार्थीकेन्द्रित विधिलाई पहिलो प्रथमिकता दिनुपर्छ । विद्यार्थीहरूमा ज्ञान, सिप र अभिवृत्ति अभिवृद्धि गरी व्यावहारिक रूपान्तरण ल्याउने उद्देश्य राख्नुपर्छ । विद्यार्थीलाई विषयवस्तुमा दख्खल गराउन शिक्षकले सहयोगीको भूमिका निर्वाह गर्नुपर्छ ।

सिकाइ सहजीकरण प्रक्रियाका लागि निम्नलिखित विधि र प्रक्रिया अवलम्बन गरिनेछ :

क) छलफल विधि

समाजमा रहेका विविध समस्याका बारेमा, अनुशासन तथा आचरणसँग सम्बन्धित समस्या आदि समस्या समाधानका लागि व्यक्तिगत तथा समूहगत रूपमा छलफल गराई सिकाइ सहजीकरण क्रियाकलापका क्रममा सहकार्यकलापका रूपमा ज्ञान तथा अवधारणा एवम् सिप तथा अभिवृत्तिको विकास गर्न सकिन्छ ।

ख) प्रश्नोत्तर विधि

सही एवम् अनुसरणीय व्यवहार, विषयक्षेत्र सम्बद्ध अवधारणा, ठीक-बेठीक, असल-खराब जस्ता व्यवहारसँग सम्बद्ध ज्ञान र सुझबुझको लेखाजोखा गर्न सरल र छोटा प्रश्नहरू मौखिक तथा लिखित रूपमा प्रयोग गर्न सकिन्छ । सामाजिक समस्या, दैनिक शिक्षण सिकाइ क्रियाकलापमा आइपर्ने समस्या, अनुशासन तथा आचरणसँग सम्बद्ध समस्याहरूको समाधानका लागि

व्यक्तिगत तथा समूहगत रूपमा छलफल गराई शिक्षण सिकाइ क्रियाकलापका क्रममा वा सहकार्यकलापका माध्यमद्वारा ज्ञान तथा अवधारणाको विकास एवम् सिपको प्रयोग गर्न लगाउन सकिन्छ ।

ग) परियोजना कार्य

विद्यार्थीको रुचि र आवश्यकता अनुसार विषय क्षेत्र, सामूहिक जीवन पद्धतिसँग सम्बद्ध सामाजिक, सांस्कृतिक एवम् शैक्षिक समस्या, तिनको कारण, समाधानका विकल्पसमेत पहिचान गर्ने उद्देश्यबाट व्यक्तिगत तथा समूहगत रूपमा कक्षाकोठामा वा समुदायमा आधारित ससाना समूहकार्य (परियोजना कार्य) गर्न लगाउन सकिन्छ ।

३) स्थलगत भ्रमण

नागरिक कर्तव्य र व्यवहार, उत्तरदायित्व र जिम्मेवारी, विविधता, अनुकरणीय व्यक्तित्व, स्थल, क्रियाकलाप आदि विषयक्षेत्र (विद्यालय वरपर सञ्चालन हुने) मा स्थलगत भ्रमण गराई मानवीय, सामाजिक, धार्मिक, सांस्कृतिक मूल्य मान्यताको प्रत्यक्ष अवलोकन गराई त्यसको अनुसरण गर्न लगाउन सकिन्छ ।

ङ) समस्या समाधान

व्यक्ति, विद्यालय र समाजसँग सम्बद्ध समस्या पहिचान गरी सिद्धान्त र व्यवहारको तालमेल, समाजमा रहेका उदाहरणीय व्यक्तित्व तथा घटनासमेतको अध्ययनका आधारमा समाधान गर्ने गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । विद्यार्थीलाई विषयवस्तुसँग सम्बन्धित गरेर कुनै समस्या दिने र ती समस्याको समाधानका लागि उपाय पहिचान गराउने प्रक्रिया नै समस्या समाधान विधि हो । यसमा समस्याको सही पहिचान, समाधानका विभिन्न विकल्पको खोजी, विकल्पहरूको विश्लेषण, उपयुक्त विकल्पको छनोट र कार्यान्वयन आदि चरण हुन सक्छन् । विषयवस्तुको प्रकति, स्थानीय परिवेश, विद्यार्थीको सिकाइ स्तर आदिका आधारमा व्यक्तिगत वा समूहगत रूपमा समस्या समाधान गर्न सकिन्छ ।

च) खोज र अनुसन्धान विधि

साथीसाथीबिच भएका असल बानी व्यवहार, शिक्षकका असल बानी व्यवहार, घरपरिवार र छरछिमेकमा बसोबास गर्ने व्यक्तिहरूका असल आचरण, शिक्षण सिकाइ क्रियाकलापका क्रममा भोगेका समस्याहरू जस्ता विषयमा छलफल, अन्तरक्रिया आदि माध्यमबाट नयाँ ज्ञान, सिप र व्यवहारको खोजी गर्न लगाउन सकिन्छ ।

छ) कथाकथनुवाचन विधि

पौराणिक, सांस्कृतिक, सामाजिक तथा समसामयिक कथा भनी त्यसमा सत्पात्रहरूको पहिचान, सत्पात्रहरूको असल बानी व्यवहारको विश्लेषण तथा अनुकरण गर्न लगाउन सकिन्छ । कुनै पनि विषयवस्तु वा घटनालाई कथात्मक तरिकाले प्रस्तुति गर्दा बढी रुचिपूर्ण र आकर्षक हुन्छ । कथाका माध्यमद्वारा विषयवस्तु वा घटनालाई प्रस्तुत गर्ने र पछि विद्यार्थीलाई पनि त्यस प्रकारको सिपको विकास गराई विषयवस्तु तथा घटनालाई कथामा ढालेर प्रस्तुत गर्ने सिपको विकास गराउन सकिन्छ ।

ज) भूमिका अभिनय विधि

कुनै पात्र वा व्यक्ति, जीव जनावर आदिका बारेमा ज्ञान, सिप हासिल गराउन यो विधि बढी उपयोगी हुन्छ । व्यक्ति वा जनावरको नक्कल गर्न लगाएर यो विधि प्रयोग गरिन्छ । यसमा कक्षामा कसैलाई पनि नकारात्मक प्रभाव पर्ने गरी अभिनय गराउनु हुदैन । विभिन्न घटना क्रमले दिएका सकारात्मक सोंचका बारेमा नाटक, एकाङ्की, संवादजस्ता विषय क्षेत्रमा भूमिका अभिनय गर्न लगाई असल आचरण सम्बद्ध ज्ञान र सुझबुझको लेखाजोखा गर्न सकिन्छ ।

झ) घटना अध्ययन विधि

समाजमा घट्ने गरेका घटना र त्यसले व्यक्ति वा समाजलाई पार्ने प्रभावका बारेमा खोजी गर्ने वा अध्ययन गर्ने सिपको विकास गराउने विधि नै घटना अध्ययन विधि हो । यसलाई सुरुमा शिक्षकले समाजमा घटेका सामाजिक घटनासँग सम्बन्धित विषयवस्तुहरू सङ्कलन गरेर प्रस्तुत गर्ने र समस्याको गहिराइसम्म जाने सिपको विद्यार्थीमा विकास गराउन सकिन्छ ।

ञ) श्रव्यदृश्य सामग्री प्रदर्शन

स्थानीय धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटकीय स्थलहरूको छायाङ्कन गरी ती स्थलहरूका बारेमा कक्षामा विद्यार्थीलाई बुझाउन सकिन्छ । यो सिकाइ सहजीकरण प्रक्रिया बढी सजीव, प्रभावकारी र रमाइलो हुने भएकाले विद्यार्थीमा आकर्षण पनि बढ्छ । शिक्षकको मुखबाट हुनेर बुझेको कुराभन्दा श्रव्यदृश्य सामग्रीमार्फत देखेर र हुने र बुझेको कुरा बढी टिकाउ हुन्छ ।

ट) वादविवाद र वक्तृत्व

ज्वलन्त विषयवस्तु दिई त्यसको पक्ष र विपक्षमा वा फाइदा र बेफाइदाका बारेमा खण्डनमण्डन गर्न लगाउँदा विद्यार्थीमा तार्किक क्षमताको विकास हुन्छ । वादविवादले उनीहरूमा विचारका माध्यमबाट विपक्षका भनाइलाई कमजोर बनाई आफ्ना विचारलाई स्थापित गर्ने सिप र शैलीको विकास हुन्छ भने वक्तृत्वले कुनै विषयमा तर्कसङ्गत विचार प्रस्तुतीकरणका लागि

विद्यार्थीमा क्षमता अभिवृद्धि गराउँछ ।

उपर्युक्त विधिहरू बाहेक अन्य उपयोगी विद्यार्थीकेन्द्रित विधिहरू पनि आवश्यकता अनुरूप प्रयोग गर्न सकिनेछ ।

### ७.३ फरक क्षमता भएका विद्यार्थीका लागि सिकाइ सहजीकरण प्रक्रिया

दृष्टि र श्रवण क्षमता कमजोर भएका, बोलीमा समस्या भएका, बौद्धिक वा मानसिक रुपले सिकाइस्तर कमजोर रहेका, शारीरिक रुपले फरक क्षमता भएका विद्यार्थीहरूका लागि पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम -२)७६) -पृ.(२) मा उल्लेख भएअनुसार मूल्याङ्कन गर्नुपर्ने भएकाले सोहीअनुसार यस स्थानीय विषयको शिक्षणसिकाइ विधि र तरिकामा पनि सोही बमोजिम विविधता अपनाउनु पर्छ । त्यस्ता विद्यार्थीका लागि सम्भव भएसम्म साझा खालका विषयवस्तु सामान्य विद्यार्थीसँगै र विशेष क्रियाकलाप भए अलगगै राखेर पनि सहजीकरण गर्नुपर्ने हुन्छ । कक्षाकोठाको भौतिक व्यवस्थापन अपाङ्गमैत्री हुनु आवश्यक छ । समावेशी, समतामूलक र उपचारात्मक पद्धति अपनाई फरक क्षमता भएका विद्यार्थीका लागि विशेष महत्त्व दिई सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । आवश्यकता अनुसार ब्रेललिपि, टेम्प्लेट, साङ्केतिक भाषाका सामग्री, श्रव्य सामग्रीहरू विद्यालयमा व्यवस्थापन गर्नुपर्दछ ।

## ८. विद्यार्थी मूल्याङ्कन विधि, प्रक्रिया, तरिका र साधन

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले आधारभूत तहको पाठ्यक्रममा कक्षा १-३ को मूल्याङ्कन प्रक्रिया र कक्षा ४-८ को मूल्याङ्कन प्रक्रियामा केही फरक ढाँचा अवलम्बन गरेको छ । कक्षा १ पूर्णत : निरन्तर मूल्याङ्न (कार्यसञ्चयिका, Portfolio) प्रक्रियामा आधारित छ भने कक्षा ४-८ मा आन्तरिक र अन्तिम परीक्षा पद्धति कार्यान्वयन हुने भएको छ । त्यसैले शिवसताक्षी पहिचान (स्थानीय पाठ्यक्रम) पनि यसैअनुसार कक्षा १-३ र कक्षा ४-८ को मूल्याङ्कन प्रक्रिया अलग अलग अवलम्बन गरिएको छ ।

### ८.१ कक्षा १-३ को विद्यार्थी मूल्याङ्कन प्रक्रिया

आधारभूत तहको कक्षा १-३ को विद्यार्थी मूल्याङ्कनका सन्दर्भमा पाठ्यक्रम विकास केन्द्रद्वारा तयार पारिएको आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम (२०७६) मा नेपाली, अङ्ग्रेजी, गणित र सामाजिक विषयहरूको पठनपाठनमा विद्यार्थी मूल्याङ्कनको जुन विधि, प्रक्रिया, तरिका र साधनहरु उल्लेख गरिएका छन्, यस स्थानीय विषयमा पनि होसी विधि र प्रक्रियाहरू अवलम्बन गर्नुपर्ने हुन्छ । सो पाठ्यक्रममा भनिएको छ :

आधारभूत तहको कक्षा १–३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी

विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कररालाई आत्मसात् गरिएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ ।

उक्त पाठ्यक्रमले स्थानीय पाठ्यक्रमको मूल्याङ्कनका सन्दर्भमा पनि कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार अन्य विषयक्षेत्र अपनाइने मूल्याङ्कन पद्धति नै अवलम्बन गर्न सकिने तथ्य यसरी उल्लेख गरेको छ :

आधारभूत तहको कक्षा १–३ को एकीकृत संरचनाको पाठ्यक्रमअनुसार चारओटा विषयक्षेत्र नेपाली भाषा, गणित, हाम्रो सेरोफेरो र अङ्ग्रेजी भाषामा विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू पहिचान गरिने छ । त्यसै गरी यस मार्गदर्शनमा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत समावेश गरिएको छ । यसैका आधारमा मातृभाषा तथा स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कनका लागि आवश्यक साधन तथा प्रक्रिया विकास गरी अभिलेखीकरण गर्न सकिने हुन्छ ।

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यी कक्षाहरूमा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनका लागि प्रमुख रुपमा विद्यार्थी कार्यसञ्चयिका व्यवस्थापनलाई जोड दिइएको छ । आधारभूत तह ( कक्षा १-३) को पाठ्यक्रम (२०७६) मा उल्लेख गरिएको छ :

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिर्नुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी

पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुनेछ ।

## मूल्याङ्कनका तरिका र साधन

कक्षा १-३ का विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका र साधनहरू निम्नअनुसार हुन सक्दछन् :

| क.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन |
|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री |
| ३ | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री |
| ४ | परियोजना र प्रयोगात्मक कार्य | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम |
| ७ | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फाराम |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फाराम |
| ९ | कुराकानी, छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ :

### विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरैजसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएका |
| उच्च (Advance) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल भई माथिल्लोस्तरको उपलब्धि समेत हासिल गरेका |

विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :

- विषयक्षेत्रगत रूपमा प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फायलमा विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

फरक क्षमता भएका विद्यार्थीका लागि मूल्याङ्कन प्रक्रिया

दृष्टि र श्रवण क्षमता कमजोर भएका, बोलीमा समस्या भएका, बौद्धिक वा मानसिक रुपले सिकाइस्तर कमजोर रहेका, शारीरिक रुपले फरक क्षमता भएका विद्यार्थीहरूका लागि पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम (२०७६) (पृ.९२) मा उल्लेख भएअनुसार मूल्याङ्कन गर्नुपर्ने छ ।

विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरू

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेख भएमा त्यसमा चिह्न लगाउने र अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्नुपर्छ ।

२. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइ स्तर न्यूनतम ३ पुर्‍याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइ स्तर १ र २ मै छाड्न भने हुँदैन । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुर्‍याउनु अपेक्षित छ ।

३. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

➨ उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धिस्तर | स्तरीकृत अङ्क (Grade Point) | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|
| ९० र सोभन्दा माथि | $A^+$ | 4.0 | सर्वोत्तम (Outstanding) |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | A | 3.6 | अत्युत्तम (Excellent) |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | $B^+$ | 3.2 | उत्कृष्ट (Very Good) |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | B | 2.8 | उत्तम (Good) |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | $C^+$ | 2.4 | सन्तोषजनक (Satisfactory) |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | C | 2.0 | ग्राह्य (Acceptable) |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | D | 1.6 | आधारभूत (Basic) |
| ३५ भन्दा कम | NG | - | अवर्गीकृत (Not Graded) |

कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषयक्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

**विद्यार्थी कार्यसञ्चयिका व्यवस्थापन**

कक्षा १-३ को स्थानीय विषयमा विद्यार्थीको समग्र मूल्याङ्कनका लागि मूलत: सिकाइ उपलब्धिको मूल्याङ्कनलाई नै आधार लिइन्छ तथापि पूरक मूल्याङ्कन साधनका रुपमा कक्षाकार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, हाजिरी आदिलाई पनि आधार बनाउनुपर्दछ । यी सम्पूर्ण मूल्याङ्कन कार्यलाई व्यवस्थित गर्न विद्यार्थी कार्यसञ्चयिका खडा गरेर शिक्षकले निरन्तर रुपमा अभिलेख राख्नुपर्दछ । कार्य सञ्चयिका प्रत्येक विद्यार्थीको अलग अलग खडा गर्नुपर्दछ ।

**कक्षा १-३ को विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख**

मापन तरिका: प्रत्येक सिकाइ उपलब्धिका लागि उपलब्धि सूचकहरूको सूची तयार गर्नुहोस् ।

त्यसपछि प्रत्येक सूचकमा विद्यार्थीले हासिल गरेमा सम्बन्धित कोठामा सकेको (✓) चिन्ह र हासिल नभए (×) चिन्ह लगाउनुहोस् । प्रत्येक सूचकको चार उपलब्धिस्तर (१,२,३,४) मध्ये उचित अङ्क अङ्कन महलमा लेख्नुहोस् । उपलब्धिस्तर १ र २ आएमा थप सहायता वा सुधारात्मक शिक्षण गरी पुनःमूल्याङ्कन र मापन गरी थप सहायतापछिको मूल्याङ्कनको अङ्कन महलमा अङ्क लेख्नुहोस् । कम्तिमा उपलब्धिस्तर ३ पुग्नै पर्छ । अन्तमा सबै अङ्क जोडेर सूत्र प्रयोग गरी उपलब्धि प्रतिसत निकाल्नुहोस् । तपाईँले प्रयोग गर्नुभएको साधनमा चिह्न लगाउनुहोस् वा अन्य साधन प्रयोग गर्नुभएको भए सोही महलमा लेख्नुहोस् । सूचकअनुसार विद्यार्थीको सिकाइ उपलब्धि अभिलेख ढाँचा देहायबमोजिम हुनेछ ।

उपलब्धि सूचक अभिलेख ढाँचा

विषयवस्तुको क्षेत्र/थिम १: हाम्रो नगरको परिचय  कक्षा: .....विद्यार्थीको नाम: ................

## कक्षा १ का उपलब्धि सूचक

**विषयवस्तुको क्षेत्र/थिम १: हाम्रो नगरको परिचय** कक्षा: ......... विद्यार्थीको नाम: ..............................

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| १. आफू र आफ्नो परिवारको परिचय दिन | १. आफ्नो परिचय बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. आफ्नो परिवारका सदस्यको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | ३. आफ्नो परिवारका सदस्य सङ्ख्या बताउन | | | | | | | मौखिक प्रश्न |
| २. आफ्नो वरपर भएका वातावरणीय र भौतिक स्वरूप अवलोकन गरी बताउन | १. आफ्नो घरभित्र भएका वस्तुको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. आफ्नो घरभित्र भएका वस्तुको सूची तयार पार्न | | | | | | | लिखित प्रश्न |
| | ३. आफ्नो घरवरपर भएका वस्तुको नाम भन्न र लेख्न | | | | | | | मौखिक र लिखित प्रश्न |
| ३. नक्सासम्बन्धी सामान्य आकृतिहरू कोर्न | १. फरक फरक मोटाइ सिधा बाङ्गा धर्काहरू कोर्न | | | | | | | अवलोकन |
| | २. विभिन्न आकृति (त्रिभुज, आयत, वृत्त) बाट नक्सा कोर्न | | | | | | | अवलोकन |
| | ३. दैनिक प्रयोगका वस्तुको सामान्य आकृति कोर्न | | | | | | | अवलोकन |
| शिक्षकको दस्तखत: अभिभावकको दस्तखत: | जम्मा उपलब्धि अङ्क: कुल जम्मा उपलब्धिअङ्क: उपलब्धि प्रतिशत:: | | | | | | | |

**विषयवस्तुको क्षेत्र/थिम २ : स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा** कक्षाः ......... विद्यार्थीको नामः ............................

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| ४. परिवारमा लगाइने विभिन्न वेशभूषाको नाम बताउन | १. आफूले घर बस्दा र विद्यालय जाँदा लगाउने पोशाकहरूको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. परिवारका अन्य सदस्यहरूले लगाउने वेशभूषाको नाम भन्न | | | | | | | मौखिक प्रश्न |
| | ३. आफ्नो परिवारका सदस्यले चाडबाड वा विशेष अवसरमा लगाउने वेशभूषाको नाम लेख्न | | | | | | | लिखित प्रश्न |
| ५. परिवारमा बोलिने मातृभाषाको नाम बताउन | १. आफ्नो परिवारमा बोलिने मातृभाषाको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. भात, पानी, घर, पैसालाई आफ्नो मातृभाषामा बताउन | | | | | | | मौखिक प्रश्न |
| | ३. घरमा मातृभाषा बोल्नुपर्ने कारण बताउन | | | | | | | मौखिक प्रश्न |
| शिक्षकको दस्तखतः<br>अभिभावकको दस्तखतः | जम्मा उपलब्धि अङ्कः<br>कुल जम्मा उपलब्धिअङ्कः<br>उपलब्धि प्रतिशतः: | | | | | | | |

**विषयवस्तुको क्षेत्र/थिम ३ : स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि** कक्षाः ......... विद्यार्थीको नामः ..............................

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| ६. आफ्नो घरपरिवारको पेसा, व्यवसायको नाम बताउन | १. आफ्नो बुबा, आमा, दाजु, दिदीले गर्ने काम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. विभिन्न पेसामा संलग्न मानिसहरूको चित्र हेरी पेसाको नाम बताउन | | | | | | | चित्र, मौखिक प्रश्न |
| ७. आफ्नो घरबारीमा उत्पादित वस्तुको नाम बताउन | १. आफ्नो घर वरिपरि वा करेसाबारीमा फलेका फलफुल र तरकारीको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. विभिन्न फलफुल र सागसब्जीको चित्र हेरी तिनको नाम भन्न | | | | | | | मौखिक प्रश्न |
| शिक्षकको दस्तखतः<br>अभिभावकको दस्तखतः | जम्मा उपलब्धि अङ्कः<br>कुल जम्मा उपलब्धिअङ्कः<br>उपलब्धि प्रतिशतः: | | | | | | | |

**विषयवस्तुको क्षेत्र/थिम ४ : नैतिक शिक्षा** कक्षा: ......... विद्यार्थीको नाम: ..............................

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| ८. प्रत्येक बिहान आफूले गर्ने दैनिक कार्यहरू बताउन | १. बिहान उठी आफूले गर्ने कम्तिमा तीन वटा कार्य बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. बिहान चाँडै उठी व्यक्तिगत सरसफाइको कार्य आफैँ गर्न | | | | | | | अवलोकन |
| ९.आफ्ना परिवारका सदस्यहरूलाई स्तरअनुसारको आदर तथा सम्मान गर्न | १. आफ्नो परिवारमा को को सदस्य हुनुहुन्छ भन्ने कुरा बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. परिवारमा आफूभन्दा ठूलालाई उपयुक्त शब्द प्रयोग गरी आदर र सम्मान जनाउन | | | | | | | अवलोकन, रूजूसूची |
| १०. असल आचरण गर्न र नैतिकवान् बन्न | १. निर्धारित बानीहरूको सूचीबाट असल बानी र खराब बानी छुट्याउन | | | | | | | लिखित प्रश्न |
| | २. नैतिकवान् व्यक्तिले देखाउनुपर्ने व्यवहारहरू बताउन | | | | | | | मौखिक प्रश्न |
| | ३. असल बानी जनाउने क्रियाकलापहरू अभिनय गरी प्रदर्शन गर्न | | | | | | | अवलोकन, रूजूसूची |
| शिक्षकको दस्तखत:<br><br>अभिभावकको दस्तखत: | | जम्मा उपलब्धि अङ्क:<br>कुल जम्मा उपलब्धिअङ्क:<br>उपलब्धि प्रतिशत:: | | | | | | |

## कक्षा २ का उपलब्धि सूचक

**विषयवस्तुको क्षेत्र/थिम १ : हाम्रो नगरको परिचय** कक्षाः ......... विद्यार्थीको नामः ..............................

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| १. आफ्नो विद्यालयको नाम र कक्षाका साथीहरूको नाम बताउन | १. आफ्नो विद्यालयको नाम बताउन र लेख्न | | | | | | | मौखिक र लिखित प्रश्न |
| | २. आफ्ना घनिष्ठ चार जना साथीहरूको नाम भन्न र लेख्न | | | | | | | मौखिक र लिखित प्रश्न |
| | ३. आफ्ना कक्षाका पाँचभन्दा बढी साथीहरूको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| २. विद्यालय वरपर रहेका वातावरणीय र भौतिक स्वरूपहरूको अवलोकन गरी बताउन | १. समुदायमा भएका वस्तुको नाम टिपोट गर्न | | | | | | | लिखित प्रश्न |
| | २. कुनै पाँच वटा फलफुल वा फूलको नाम भन्न र लेख्न | | | | | | | मौखिक र लिखित प्रश्न |
| | ३. समुदायमा रहेका विभिन्न संघसंस्थाको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| ३. घर, विद्यालय र दैनिक प्रयोग हुने वस्तुहरूको नक्सा बनाउन | १. घर, विद्यालय, पुस्तक, कलम आदिको नक्सा बनाउन | | | | | | | अवलोकन, श्रेणीमापन |
| | २. दैनिक प्रयोग हुने विविध वस्तुको नक्सा बनाउन | | | | | | | अवलोकन, श्रेणीमापन |
| | ३. शिक्षकको निर्देशनअनुसार विभिन्न वस्तुको नक्सा बनाउन | | | | | | | अवलोकन, श्रेणीमापन |
| शिक्षकको दस्तखत:<br><br>अभिभावकको दस्तखत: | | जम्मा उपलब्धि अङ्क:<br>कुल जम्मा उपलब्धिअङ्क:<br><br>उपलब्धि प्रतिशत:: | | | | | | |

**विषयवस्तुको क्षेत्र/थिम २ : स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा** कक्षा: ......... विद्यार्थीको नाम: ..............................

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| ४. परिवारमा मनाइने विभिन्न चाडपर्वको नाम उल्लेख गर्न | १. आफ्नो घरपरिवारमा मनाइने चाडपर्वहरूको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. घरपरिवारमा मनाइने चाडपर्वमा गरिने दुई क्रियाकलाप बताउन | | | | | | | मौखिक प्रश्न |
| ५. समुदायका विभिन्न जातजातिले लगाउने वेशभूषाको नाम बताउन | १. आफ्नो परिवारमा लगाइने जातीय वेशभूषाको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. आफ्नो जातिबाहेक अन्य समुदायले लगाउने जातीय पोशाकको नाम लेख्न | | | | | | | लिखित प्रश्न |
| | ३. तलका पहिरन कुन कुन जातिले लगाउँछन् बताउन- पेटानी, जालीरुमाल, तागा, धोती, मेख्ली | | | | | | | मौखिक प्रश्न |
| ६. समुदायमा प्रचलित विभिन्न मातृभाषाको नाम उल्लेख गर्न | १. आफ्नो छिमेकमा बोलिने मातृभाषाको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. आफ्नो समुदायमा बोलिने मातृभाषाहरूको सूची बनाउन | | | | | | | लिखित प्रश्न |
| | ३. तलका जातिहरूको मातृभाषाको नाम बताउन- सन्थाल, राजवंशी, ब्राह्मण, राई, सुनुवार, चौधरी, श्रेष्ठ | | | | | | | मौखिक प्रश्न |
| शिक्षकको दस्तखत: <br> अभिभावकको दस्तखत: | जम्मा उपलब्धि अङ्क: <br> कुल जम्मा उपलब्धिअङ्क: <br> उपलब्धि प्रतिशत:: | | | | | | | |

**विषयवस्तुको क्षेत्र/थिम ३ : स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि** कक्षाः ......... विद्यार्थीको नामः ..............................

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| ७. आफ्नो समुदायका मानिसको पेसा, व्यवसायको नाम बताउन | १. आफ्ना गाउँका मानिसहरूले गर्ने मुख्य मुख्य काम भन्न | | | | | | | मौखिक प्रश्न |
| | २. आफ्ना कुनै पाँच जना छिमेकीको पेसाको बारेमा बताउन | | | | | | | मौखिक प्रश्न |
| | ३. विभिन्न पेसाकर्मीको चित्र हेरेर तिनको पेसाको नाम भन्न | | | | | | | चित्र, मौखिक प्रश्न |
| ८. आफ्नो गाउँघरमा उत्पादित विभिन्न वस्तुको नाम बताउन | १. आफ्नो गाउँघरमा फलेका विभिन्न कृषिजन्य वस्तुको नाम भन्न | | | | | | | मौखिक प्रश्न |
| | २. आफ्नो गाउँमा उत्पादित विभिन्न वस्तुको चित्र हेरी तिनको नाम पहिचान गर्न | | | | | | | मौखिक प्रश्न |
| शिक्षकको दस्तखतः<br>अभिभावकको दस्तखतः | जम्मा उपलब्धि अङ्कः<br>कुल जम्मा उपलब्धिअङ्कः<br>उपलब्धि प्रतिशतः: | | | | | | | |

**विषयवस्तुको क्षेत्र/थिम ४ : नैतिक शिक्षा** कक्षाः ......... विद्यार्थीको नामः ..............................

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| ९. आफ्नो विद्यालयका शिक्षक, कर्मचारी र साथीलाई आदर गर्न | १. आफ्नो विद्यालयका शिक्षकसँग अभिवादन गर्दा, कक्षा भित्र पस्दा र बाहिर निस्कँदा प्रयोग गरिने आदरार्थी शब्द प्रस्तुत गर्न | | | | | | | मौखिक प्रश्न र अवलोकन |
| | २. विद्यालयका कर्मचारीलाई कसरी आदर गरिन्छ भनी प्रदर्शन गर्न | | | | | | | अवलोकन |
| | ३. आफ्ना साथीहरूसँग विद्यालयमा गरिने असल व्यवहार प्रदर्शन गर्न | | | | | | | अवलोकन, अभिभावक प्रतिक्रिया |
| १०. नैतिकवान् र चरित्रवान् बन्न | १. नीति कथाका आधारमा असल काम र खराब कामका उदाहरण बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. सबैसँग नैतिकवान्, इमान्दार र मिलनसार व्यवहार प्रदर्शन गर्न | | | | | | | अवलोकन, अभिभावक प्रतिक्रिया |
| ११. विद्यालयका सामग्रीहरूको संरक्षण गरी विद्यालयका कामप्रति कर्तव्यनिष्ठ बन्न | १. विद्यालयमा उपलब्ध सामग्रीहरूको सूची बनाउन | | | | | | | लिखित प्रश्न |
| | २. कक्षाकोठामा प्रयोग हुने सामग्रीहरूको संरक्षण गर्न | | | | | | | अवलोकन |
| | ३. प्रत्येक दिन कक्षाकोठा सफा गर्ने बानीको विकास गर्न | | | | | | | रूजुसूची |
| शिक्षकको दस्तखतः<br>अभिभावकको दस्तखतः | जम्मा उपलब्धि अङ्कः<br>कुल जम्मा उपलब्धिअङ्कः<br>उपलब्धि प्रतिशतः: | | | | | | | |

## कक्षा ३ का उपलब्धि सूचक

**विषयवस्तुको क्षेत्र/थिम १ : हाम्रो नगरको परिचय** कक्षा: ......... विद्यार्थीको नाम: .............................

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| १. आफू बसेको वडाको सामान्य परिचय बताउन | १. आफ्नो वडाको क्षेत्रफल र कुल जनसङ्ख्या बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. आफ्नो वडाको अध्यक्ष र सदस्यहरूको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | ३. वडाका जनप्रतिनिधिहरूको नामको सूची बनाई प्रदर्शन गर्न | | | | | | | लिखित प्रश्न, अवलोकन |
| २. आफ्नो वडाभित्र रहेका मुख्य भौतिक पक्ष तथा सङ्घसंस्थाहरूको नाम बताउन | १. वडामा रहेका भौतिक वस्तुको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. वडामा रहेका संघसंस्थाको नाम बताउन र लेख्न | | | | | | | मौखिक र लिखित प्रश्न |
| | ३. वडामा भएका सरकारी कार्यालयको नाम बताउन र लेख्न | | | | | | | मौखिक प्रश्न र लिखित प्रश्न |
| ३. आफ्नो वडाको प्राकृतिक स्वरूप, सामाजिक रहनसहन, वडाका महत्वपूर्ण स्थान र वडाको सामान्य आकृति नक्सा कोर्न | १. आफ्नो वडाको प्राकतिक स्वरूपबारे बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. वडाको सामाजिक रहनसहनबारे सङ्क्षेपमा बताउन | | | | | | | मौखिक प्रश्न |
| | ३. वडाको नक्सा बनाई तोकिएका स्थानहरू सङ्केत गर्न | | | | | | | चित्र, अवलोकन |
| शिक्षकको दस्तखत:<br>अभिभावकको दस्तखत: | जम्मा उपलब्धि अङ्क:<br>कुल जम्मा उपलब्धि अङ्क:<br>उपलब्धि प्रतिशत:: | | | | | | | |

**विषयवस्तुको क्षेत्र/थिम २ : स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा** कक्षा: ......... विद्यार्थीको नाम: ..............................

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| ४. समुदायमा प्रचलित चाडपर्वहरूको सामान्य परिचय दिन | १. आफ्नो समुदायमा मनाइने चाडपर्वहरूको नामको सूची बनाउन | | | | | | | लिखित प्रश्न |
| | २. समुदायमा मनाइने कुनै एक चाडमा गरिने क्रियाकलापहरू बताउन | | | | | | | मौखिक प्रश्न |
| | ३. हामीले चाडपर्व किन मनाउनुपर्छ, कारण उल्लेख गर्न | | | | | | | मौखिक र लिखित प्रश्न |
| ५. नगरभित्रका विभिन्न जातजातिले लगाउने जातीय पहिरनको वर्णन गर्न | १. समुदायका आफ्नो जातिबाहेक अन्य जातिले लगाउने जातीय पहिरनको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. विभिन्न जातिले जातीय पहिरनसँग लगाउने गरगहनाको नाम भन्न र लेख्न | | | | | | | मौखिक र लिखित प्रश्न |
| | ३. आफ्नो समुदायमा लगाइने जातीय पहिरन लगाउने तरिका बताउन | | | | | | | मौखिक प्रश्न |
| ६. स्थानीय मातृभाषाका सम्मानबोधक शब्दहरूको सूची बनाउन | १. तलका सम्मानजनक शब्दलाई आफ्नो मातृभाषामा अनुवाद गर्न- नमस्कार, स्वागतम्, धन्यवाद, तपाईं, आउनुहोस्, बस्नुहोस्, खानुहोस् | | | | | | | मौखिक प्रश्न र लिखित प्रश्न |
| | २. आफ्नो मातृभाषामा आदरार्थी शब्द प्रयोग गरी आचरण प्रदर्शन गर्न | | | | | | | मौखिक प्रश्न |
| शिक्षकको दस्तखत: <br> अभिभावकको दस्तखत: | जम्मा उपलब्धि अङ्क: <br> कुल जम्मा उपलब्धिअङ्क: <br> उपलब्धि प्रतिशत:: | | | | | | | |

**विषयवस्तुको क्षेत्र/थिम ३ : स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि** कक्षा: ......... विद्यार्थीको नाम: ..............................

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| ७. आफ्नो नगरमा सञ्चालित विभिन्न व्यवसायको नाम बताउन | १. आफ्नो नगरपालिकामा सञ्चालित विभिन्न व्यवसायको नाम उल्लेख गर्न | | | | | | | मौखिक प्रश्न |
| | २. नगरपालिका क्षेत्रभित्र सञ्चालित व्यवसायबाट उत्पादित वस्तुको नाम भन्न र लेख्न | | | | | | | मौखिक प्रश्न र लिखित प्रश्न |
| | ३. चित्र हेरी व्यवसाय र उत्पादित वस्तुको नाम पहिचान गर्न | | | | | | | चित्र |
| ८. व्यवसायको आवश्यकता र महत्त्व बताउन | १. व्यवसायको परिचय दिई यसको आवश्यकता बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. व्यवसायको महत्त्व उल्लेख गर्न | | | | | | | लिखित प्रश्न |
| | ३. व्यवसाय गर्दा र नगर्दा हुने अन्तरबारे बताउन | | | | | | | मौखिक प्रश्न |
| शिक्षकको दस्तखत:<br>अभिभावकको दस्तखत: | जम्मा उपलब्धि अङ्क:<br>कुल जम्मा उपलब्धिअङ्क:<br>उपलब्धि प्रतिशत:: | | | | | | | |

**विषयवस्तुको क्षेत्र/थिम ४ : नैतिक शिक्षा** कक्षा: ......... विद्यार्थीको नाम: ..............................

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|
| | | सकेको नसकेको | मिति | अङ्कन | सकेको नसकेको | मिति | अङ्कन | |
| ९. समाजका मानिसहरूलाई आदर, सम्मान गर्न र सामाजिक महत्त्व बुझ्न | १. समुदायका मानिसहरूप्रति पद र स्तरअनुसार सम्मानजनक आचरण प्रदर्शन गर्न | | | | | | | अवलोकन, अभिभावक प्रतिक्रिया |
| | २. अपाङ्ग, असक्त, वृद्धवृद्धालाई माया र सम्मान गर्न | | | | | | | अभिभावक प्रतिक्रिया |
| १०. असल चरित्रको विकास गर्न | १. नीति कथाका माध्यमद्वारा गलत काम गर्दा हुने नराम्रो परिणाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. आफूभन्दा सानालाई माया र ठूलालाई आदर भाव दर्शाउन | | | | | | | अवलोकन, अभिभावक प्रतिक्रिया |
| | ३. असल मानिसका विशिष्ट चरित्र अनुसरण गर्दै आफ्नो व्यवहारमा उतार्न | | | | | | | अवलोकन, रूजूसूची |
| ११. सामाजिक सम्पतिको संरक्षण र संवर्द्धन गर्न | १. विद्यालयमा बालक्लबको योगदान बताउन | | | | | | | मौखिक प्रश्न |
| | २. पुस्तकालयको महत्त्व बताउन | | | | | | | मौखिक प्रश्न |
| | ३. सामाजिक सम्पत्तिको हेरचाह र सुरक्षा गर्न | | | | | | | अवलोकन |
| शिक्षकको दस्तखत:<br>अभिभावकको दस्तखत: | जम्मा उपलब्धि अङ्क:<br>कुल जम्मा उपलब्धिअङ्क:<br>उपलब्धि प्रतिशत:: | | | | | | | |

## ८.२ कक्षा ४-८ को विद्यार्थी मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके वा सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीको मूल्याङ्कन गर्दा सर्वप्रथम अपेक्षित उद्देश्यलाई ध्यान दिनुपर्दछ । उद्देश्यअनुरूप सिकाइका सबै स्तरलाई समेटेर मूल्याङ्कनका साधनहरू विकास गरिनुपर्दछ । अपाङ्गता भएका विद्यार्थीको मूल्याङ्कन गर्न अपाङ्गताको प्रकृति हेरी सोहीअनुरूपका मूल्याङ्कन साधनहरू विकास गर्नुपर्दछ । यस शिवसताक्षीको पहिचान (स्थानीय पाठ्यक्रम, कक्षा १-८), २०८१ को मूल्याङ्कन प्रक्रिया नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६, आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम, २०७६ र आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम, २०७७ मा अन्य विषयमा उल्लिखित मूल्याङ्कन प्रक्रिया बमोजिम नै हुनेछ । स्थानीय विषयमा कक्षा ४ देखि ८ सम्म सामान्यतया: निर्माणात्मक तथा निर्णयात्मक गरी मूल्याङ्कनका दुई पद्धति अवलम्बन गर्नुपर्ने छ ।

### क) निर्माणात्मक मूल्याङ्कन

विद्यार्थीले के कति सिके के कति व्यवहारमा सुधार गरे भन्ने कुरा पत्ता लगाई नसिकेको भए नसिक्नुको कारण पत्ता लगाई पुन: सिकाउने गरी निरन्तर सुधार गर्दै लैजाने कार्यलाई नै निर्माणात्मक मूल्याङ्कन (Formative Evaluation) भनिन्छ । यस्तो मूल्याङ्कन कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापकै क्रममा कक्षाकार्य, गृहकार्य, कक्षा सहभागिता, व्यावहारिक परिवर्तन, हाजिरी, कक्षा परीक्षा, एकाइ परीक्षा, साप्ताहिक परीक्षा, मासिक परीक्षा आदिका आधारमा कार्यसञ्चयिका (Portfolio) मा अभिलेख राख्नुपर्दछ । साथै यस क्रममा आवश्यकतानुसार विद्यार्थीलाई तुरुन्त पृष्ठपोषण दिनुपर्दछ र विद्यार्थीमा सुधारको वातावरण तयार गरिदिनु पर्दछ । आन्तरिक मूल्याङ्कनमार्फत निर्माणात्मक मूल्याङ्कन गरिने छ जुन कुल भारको ५० प्रतिशत हुने छ ।

५० प्रतिशत आन्तरिक मूल्याङ्कनका लागि देहाय बमोजिमको मूल्याङ्कनका पक्ष र अङ्कभारलाई आधार लिनुपर्ने छ :

| क.सं. | मूल्याङ्कनका पक्षहरू | भार |
|---|---|---|
| १ | सहभागिता (उपस्थिति, कक्षाकार्यमा सहभागिता) | ४ |
| २ | परियोजना कार्य/प्रयोगात्मक कार्य | ३६ |
| ३ | त्रैमासिक परीक्षा (पहिलो र दोस्रो त्रैमासिक परीक्षा) | १० |
| | जम्मा | ५० |

(ख) निर्णयात्मक मूल्याङ्कन

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गरेको वा नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा उत्तीर्ण तथा अनुत्तीर्ण गर्ने निर्णय लिइन्छ भने त्यस्तो मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन (Summative Evaluation) भनिन्छ । यस्तो मूल्याङ्कन आवधिक परीक्षाका रूपमा गर्ने गरिन्छ । यस स्थानीय विषयमा कुल भारमध्ये ५० प्रतिसत भारको अन्तिम परीक्षा सञ्चालन गर्नुपर्ने छ । "शिवसताक्षीको पहिचान"मा उल्लिखित चार ओटै थिम वा विषयक्षेत्रबाट विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गरी मूल्याङ्कन गर्नुपर्ने छ । अन्त्यमा आन्तरिक मूल्याङ्कन र अन्तिम परीक्षाको प्राप्ताङ्क जोडेर प्रतिशत निकाली समग्र मूल्याङ्कनका आधारमा विद्यार्थीको उपलब्धिलाई अक्षराङ्कन पद्धतिबाट श्रेणीकरण गर्नुपर्दछ ।

विद्यार्थीको समग्र मूल्याङ्कन ढाँचा (कक्षा ४-८)

| क्र.सं. | मूल्याङ्कनको स्वरुप | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आन्तरिक मूल्याङ्कन | ५० | |
| २ | अन्तिम परीक्षा | ५० | |
| | जम्मा | १०० | |

**उल्लिखित समग्र उपलब्धि प्रतिशतलाई अक्षराङ्कन पद्धतिबाट श्रेणीकरण गरी समग्र सिकाइस्तरको अन्तिम विद्यार्थी प्रगति प्रतिवेदन तयार गर्नुपर्नेछ ।**

## शिवसताक्षी नगरपालिका अन्तर्गतका विद्यालयहरूमा पठनपाठन हुने स्थानीय विषयको विशिष्टीकरण तालिका

## अन्तिम/वार्षिक परीक्षा

## विषय: शिवसताक्षीको पहिचान (स्थानीय विषय)

**कक्षा: ४-५ पूर्णाङ्क: ५० उत्तीर्णाङ्क: १७.५ समय: २ घण्टा**

| एकाइ | अति छोटो उत्तर आउने प्रश्न(१ अंक प्रति प्रश्न) | | छोटो उत्तर आउने प्रश्न (३ अंक प्रति प्रश्न ) | | | लामो उत्तर आउने प्रश्न (५ अंक प्रति प्रश्न ) | | |
|---|---|---|---|---|---|---|---|---|
| | ज्ञान | सिप | ज्ञान | सिप | उच्च क्षमता | ज्ञान | सिप | उच्च क्षमता |
| हाम्रो नगरको परिचय | १ | | १ | १ | | | १ | |
| स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | २ | १ | | | १ | १ | | |
| स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | | १ | | | १ | | | |
| पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन | १ | | | १ | | | | १ |
| स्थानीय सङ्घसंस्था तथा महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व | | १ | १ | | | | | |
| नगर गौरब तथा पूर्वाधार विकास आयोजना | १ | | १ | | | | | |
| नैतिक शिक्षा तथा आयुर्वेद | १ | | | | | १ | | |
| जम्मा | ६ | ३ | ३ | २ | २ | २ | १ | १ |
| | ९ × १ = ९ | | ७× ३ = २१ | | | ४×५ = २० | | |

| प्रश्नको किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्कभार |
|---|---|---|
| अति छोटो उत्तर आउने प्रश्न | ९ | ९ ×१ = ९ |
| छोटो उत्तर आउने प्रश्न | ७ | ७× ३ = २१ |
| लामो उत्तर आउने प्रश्न | ४ | ४×५ = २० |
| जम्मा | २० | ५० |

## विशिष्टीकरण तालिका

अन्तिम/वार्षिक परीक्षा

विषयः शिवसताक्षीको पहिचान (स्थानीय विषय)

**कक्षा: ६-८ पूर्णाङ्क: ५० उत्तीर्णाङ्क: १७.५ समय: २ घण्टा**

| एकाइ | अति छोटो उत्तर आउने प्रश्न (१ अंक प्रति प्रश्न ) | | छोटो उत्तर आउने प्रश्न (३ अंक प्रति प्रश्न) | | | लामो उत्तर आउने प्रश्न (५ अंक प्रति प्रश्न ) | | |
|---|---|---|---|---|---|---|---|---|
| | ज्ञान | सिप | ज्ञान | सिप | उच्च क्षमता | ज्ञान | सिप | उच्च क्षमता |
| हाम्रो नगरको परिचय | १ | | १ | | १ | | १ | |
| स्थानीय ऐतिहासिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सम्पदा | २ | १ | | | १ | | | १ |
| स्थानीय पेसा, व्यवसाय, उत्पादन तथा प्रविधि | | १ | | | १ | | | |
| पर्यावरण, पर्यटन, प्राकृतिक स्रोत र व्यवस्थापन | १ | | | १ | | | | १ |
| स्थानीय सङ्घसंस्था तथा महत्त्वपूर्ण व्यक्ति र व्यक्तित्व | | १ | | | | १ | | |
| नगर गौरव तथा पूर्वाधार विकास आयोजना | १ | | १ | | | | | |
| नैतिक शिक्षा तथा आयुर्वेद | १ | | १ | | | | | |
| जम्मा | ६ | ३ | ३ | १ | ३ | १ | १ | २ |
| | ९ ×१ = ९ | | ७× ३ = २१ | | | ४×५ = २० | | |

| प्रश्न को किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्कभार |
|---|---|---|
| अति छोटो उत्तर आउने प्रश्न | ९ | ९ ×१ = ९ |
| छोटो उत्तर आउने प्रश्न | ७ | ७× ३ = २१ |
| लामो उत्तर आउने प्रश्न | ४ | ४×५ = २० |
| जम्मा | २० | ५० |